# सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका जिल्ला दार्चुला

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह चौथो सेमेष्टर (शि. ५४४) को आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

महेश राज जोशी

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०८०

**सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका जिल्ला दार्चुला**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह चौथो सेमेष्टर (शि. ५४४) को आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

महेश राज जोशी

स्नातकोत्तर तह, चौथो सेमेष्टर

परीक्षा क्रमाङ्क : ७६२८२४३

त्रि.वि. दर्ता नं. ९–२–६९०–१३३–२००८

भर्ना वर्ष : २०७६

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं



पेश गरेको मिति : २०८०/१२/२ | मौखिक परीक्षा मिति : २०८०/१२/१९

Submission Date : 15 March, 2024 | Viva Date : 01 April, 2024

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका, दार्चुला** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा शोधकर्ता छात्र श्री महेश राज जोशीद्वारा तयार पारिएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

.............................................

सह.प्रा. विष्णुबहादुर लुईटेल

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

## स्वीकृति पत्र (APPROVAl LETTER)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौंथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्र महेश राज जोशीद्वारा प्रस्तुत **सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका, दार्चुला** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख ................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

बाह्य सुपरिवेक्षक ..................................

उप.प्रा. जीवन प्रसाद बन्जारा

शोध निर्देशक ...................................

सह.प्रा. विष्णु बहादुर लुईटेल

डी.आर.सी. सदस्य .................................

उप.प्रा. पद्मा कोइराला

## कृतज्ञताज्ञापन (ACKNOWLEDGEMENT)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड) चौथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि **सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका, दार्चुला** शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख एवम् शोधनिर्देशक आदरणीय गुरु सह.प्रा. विष्णुबहादुर लुइटेल ज्यूप्रति सदैव आभारी छु । यस शोधपत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता एवम् नीतिनिर्माताहरूलाई सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु ।

साथै सदैव आवश्यक सल्लाह, तथा मार्गदर्शन गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका श्रदेय गुरुहरू प्रा.डा. सूर्यबहादुर थापा, उप-प्रा. मिनराज पौडेल, उप-प्रा. पद्मा कोइराला, आंशिक प्रा. तेज पौडेल, कर्मचारी नारायण भट्टराई लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुहरू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्याङ्कहरू उपलब्ध गराउनु हुने साथै खुलस्त रूपमा प्रश्नहरूको उत्तर दिई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक बि.व्य.स., अभिभावक तथा विद्यार्थीप्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै मलाई हरेक क्षणमा सुझाव, सल्लाह, सहयोग, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न आशीर्वाद प्रदान गर्नुहुने मेरो परिवार र सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु । अन्त्यमा, शोधपत्र लेखनको क्रममा सहयोग गर्नुहुने मित्रहरूका साथै टाइपिङमा सहयोग गर्ने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जीतेन महर्जनप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०८०/१२/२२

महेश राज जोशी

शोधकर्ता

# सारसंक्षेप (ABSTRACT)

**सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका, दार्चुला** शीर्षकमा तयार गरिएको यस अध्ययनको प्रमुख उद्देश्यहरू सामुदायिक र संस्थागत विद्यालयहरूको लगानी र शैक्षिक उपलब्धिको वर्तमान अवस्था पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयको लगानी र उपलब्धिको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धिको अन्तर पत्ता लगाउनु रहेका छन् ।

अध्ययनको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुबै ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनलाई पूर्णता दिन प्राथमिक तथ्याङ्कलाई प्रमुख रूपमा प्रयोग गरिएको छ, भने आवश्यक थप तथ्याङ्कका लागि द्वितीय स्रोत प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङक्लन गर्न छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी सम्बन्धित विद्यालयका प्र.अ., अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, वडा प्रतिनिधि, विद्यालय रहेको नगरपालिकाका शिक्षा प्रमुखलाई प्रत्यक्ष सोधेर सङ्कलन गरिएको थियो, भने यसका साथै प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल सञ्चालन गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो । जसका लागि उद्देश्यमुलक नमुना छनोटका आधारमा शैल्यशिखर नगरपालिकामा रहेका ९ वटा माध्यमिक विद्यालयमध्ये २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयका क्रमशः श्री गोकुलेश्वर मा.वि., लटीनाथ मा.वि., चौलानी सेकेण्डरी बोर्डिङ र माउण्ट अपि नाम्पा बोर्डिङलाई छनोट गरिएको थियो । द्वितीय तथ्याङ्क सङ्कलन गर्न शैल्यशिखर नगरपालिका, जि.प्र.का दार्चुला, अर्थ मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न पुस्तक लेखरचना र पत्रपत्रिकाहरूलाई आधार मानेर तथ्याङ्क सङ्कलन गरिएको छ ।

सामुदायिक र संस्थागत विद्यालयको भौतिक अवस्था हेर्दा सामुदायिक विद्यालयमा जम्मा १२ वटा भवन, २८ वटा कक्षाकोठा प्रयोग भएका छन्, कक्षाकोठाप्रति विद्यार्थी क्षेत्रफल ४.६ वर्गफिट क्षेत्रफल रहेको पाइयो । प्रति विद्यार्थी डेक्स बेञ्च ०.३० रहेको छ । साधारण खेल खेल्नका लागि पर्याप्त खेलमैदान रहेको छ । ३० वटा कम्प्युटर सहितको प्रयोगशाला रहेको छ, भने संस्थागत विद्यालयमा जम्मा ८ वटा भवन र २१ वटा कक्षाकोठा प्रयोगमा रहेको पाइयो । कक्षाकोठाको आकारप्रति विद्यार्थी २.९ वर्ग फिट रहेको छ । फर्निचर प्रतिविद्यार्थी ०.२० रहेको छ । तारवार सहितको उपयुक्त खेलमैदान रहेको छ ।

सामुदायिक र संस्थागत दुबै विद्यालयमा पर्याप्त खानेपानी र शौचालय सुविधा रहेको छ। संस्थागत विद्यालयमा ३२ कम्प्युटर सहितको प्रयोगशाला र छात्रवासको सुविधा रहेको छ। सामुदायिक विद्यालयमा छात्रवासको सुविधा छैन।

सामुदायिक विद्यालयको शैक्षिक वर्ष २०७७/७८ को कुल आम्दानी रु. २,१७,१९,७०० र २०७८/७९ को कुल आम्दानी रु २,१९,९४,५०१ रहेको छ। औषत आम्दानी, २,१८,५७,१००.५ रहेको छ भने संस्थागत विद्यालयको शैक्षिक वर्ष २०७७/७८ को कुल आम्दानी रु १,९८,७०,१०० र २०७८/७९ को कुल आम्दानी २,०८,६५,७०० रहेको छ। त्यसैगरी सामुदायिक विद्यालय २०७७/७८ को कुल खर्च रु २,००,३०,३६८ र २०७८/७९ को कुल खर्च रु २,०४,९८,५४० रहेको छ। संस्थागत विद्यालयको २०७७/७८ को कुल खर्च रु १,६४,९२,१९० रहेको छ। २०७८/७९ को कुल खर्च रु १,७४,३८,३९० रहेको छ।

सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ को प्रतिएकाइ औषत लागत रु २०,१०० र माध्यमिक तह कक्षा १२ को प्रतिएकाइ औषत लागत रु ३०,८०० रहेको छ। संस्थागत विद्यालयको आधारभूत तह कक्षा ८ को प्रतिएकाइ औषत लागत रु ८२,३०० रहेको छ भने माध्यमिक तह कक्षा १२ को प्रतिएकाइ औषत लगात रु ८७,८०० रहेको छ। सामुदायिक विद्यालयमा अध्यापन गर्ने जम्मा शिक्षक संस्था ४० जना रहेको छ भने संस्थगत विद्यालयमा जम्मा शिक्षक सङ्ख्या ३६ जना रहेको छ। सामुदायिक विद्यालयको शैक्षिक वर्ष २०७८ मा भर्ना भएका कुल विद्यार्थी सङ्ख्या ८४६ जना छन् भने २०७९ मा कुल ९०४ जना विद्यार्थी भर्ना भएका छन्। संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०७८ मा कुल ७०८ जना विद्यार्थी भर्ना भएका छन् भने २०७८ मा कुल ७८२ जना भर्ना भएको पाइयो, सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०७८ र २०७९ मा शिक्षक विद्यार्थी अनुपात क्रमशः १:२१ र १:२२ रहेको पाइयो। संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०७८ र २०७९ मा शिक्षक विद्यार्थी अनुपात क्रमशः १:२० र १:२१ रहेको पाइयो।

सामुदायिक विद्यालयको विद्यार्थी शैक्षिक उपलब्धि लाई हेर्दा आधारभूत तह कक्षा ८ मा A+ ग्रेड प्राप्त गर्ने ३ जना, A प्राप्त गर्ने ११ जना B+ प्राप्त गर्ने २४ जना, B प्राप्त गर्ने २८ जना, C+ प्राप्त गर्ने १० जना रहेका छन् यसैगरी माध्यमिक तह कक्षा १० मा A+ ग्रेड प्राप्त गर्ने ५ जना A प्राप्त गर्ने ९ जना, B+ प्राप्त गर्ने २९ जना, B प्राप्त गर्ने २७ जना, C+ प्राप्त गर्ने ८ जना र C प्राप्त गर्ने २ जना रहेको पाइयो, माध्यमिक तह कक्षा १२ मा जम्मा सहभागी विद्यार्थी मध्ये A+ ग्रेड प्राप्त गर्ने १२ जना A प्राप्त गर्ने २८ जना, B+

प्राप्त गर्ने ६८ जना, B प्राप्त गर्ने ५७ जना C+ प्राप्त २३ जना र C प्राप्त गर्ने २ जना रहेको पाइयो । संस्थागत विद्यालयतर्फ आधारभूत तह कक्षा ८ को शैक्षिक उपलब्धि हेर्दा A+ ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १८ जना, A प्राप्त गर्ने १२ जना, B+ ८ जना, B प्राप्त गर्ने ६ जना, A प्राप्त गर्ने १० जना, B+ ६ जना, B प्राप्त गर्ने २ जना र C+ प्राप्त गर्ने २ जना रहेको पाइयो भने माध्यमिक तह कक्षा १२ मा A+ ग्रेड प्राप्त गर्ने ६ जना, A प्राप्त गर्ने ११ जना, B+ प्राप्त गर्ने ५ जना, B प्राप्त गर्ने २ जना र C+ प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ जना रहेको पाइयो । यसरी विद्यार्थी उपलब्धिलाई तुलना गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा सर्वोत्कृष्ट र उत्कृष्ट ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या राम्रो देखियो ।

समग्रमा सामुदायिक विद्यालयको आम्दानीको श्रोतमा सरकारी अनुदान र विद्यार्थी शूल्क रहेको र संस्थागत विद्यालयमा विद्यार्थी शूल्क मात्र रहेको अवस्था छ । सामुदायिक विद्यालयमा संस्थागत विद्यालयको भन्दा बढी आम्दानी रहेको देखिन्छ र खर्च पनि सामुदायिक विद्यालयमा बढी देखिन्छ । शैक्षिक उपलब्धिलाई तुलना गर्दा संस्थागत विद्यालयमा सामुदायिक विद्यालयको भन्दा राम्रो देखिन्छ । सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न शिक्षण प्रविधिमा आधुनिकिकरण प्रशासन सुदृढीकरण, परीक्षा प्रणाली सुधार, स्वच्छ शैक्षिक वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।

## विषयसूची (Table of Content)


पृष्ठ

सिफारिस पत्र (Recommendation Letter) i

स्वीकृति पत्र (Approval Letter) ii

कृतज्ञताज्ञापन (Acknowledgement) iii

शोधसार (Abstract) iv

विषयसूची (Table of Contents) vii

तालिका सूची (List of Tables) xiii

चित्र सूची (List of Tables) xv

संक्षिप्त शब्द सूची (Abbreviations) xvi

**अध्याय- एक : परिचय (INTRODUCTION)**

अध्ययनको पृष्ठभूमि (Background of the Study) १

समस्या कथन (Statement of the Problem) ४

अध्ययनको महत्त्व (Significance of the Study) ६

अध्ययनको उद्देश्य (Objectives of the study) ७

अनुसन्धान प्रश्न (Research Question) ८

अध्ययनको परिसीमा (Delimitations of the Study) ८

मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms) ९

अध्ययनको संगठन (Organization of the study) १०

**अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)**

सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature) ११

अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १६

साहित्य पुनरावलोकनको प्रयोजन (Implication of the Review for the Research) २२

अनुसन्धान अन्तर (Research Gap) २२

अध्ययनको कार्यात्मक ढाँचा (Functional Framework) २३

**अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया (RESEARCH METHOD AND PROCEDURE)**

अनुसन्धान ढाँचा (Research Design) २४

तथ्याङ्क सङ्कलनका श्रोत (Source of Data Collection) २४

प्राथमिक स्रोत (Primary Source) २४

द्वितीय स्रोत (Secondary Source) २४

जनसङ्ख्या नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy) २५

जनसङ्ख्या (Population) २५

नमुना आकार (Sample size) २५

नमुना छनोट रणनीति (Sample Strategy) २५

अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area) २६

तथ्याङ्क सङ्कलनका साधनहरू (Tools of Data Collection) २६

प्रश्नावली (Questionnaire) २६

अवलोकन सूची (Observation List) २६

तथ्याङ्क सङ्कलनका तरिका (Method of Data Collection) २७

अन्तर्वार्ता (Interview) २७

लक्षित समुह छलफल (Focus Group Discussion) २७

तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure) २७

नैतिक प्रश्नको सुनिश्चितता (Ethical consideration) २७

**अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण (ANALYSIS AND INTERPERATION OF DATA)**

दार्चुला जिल्लाको परिचय (Introducaion of Darchula District) २८

भौगोलिक अवस्था (Geographical Situation) २८

जनसांख्यिकीय विवरण (Demographic Description) २९

प्रशासनिक विवरण (Administrative Description) २९

हावापानी र वनस्पतिहरू (Climate and Vegetation) २९

शैल्यशिखर नगरपालिकाको परिचय (Introduction to Shailyashikhar Municipality) ३०

ऐतिहासिक विवरण (Historical Description) ३०

भौगोलिक स्थिति (Geographical Location) ३१

जनसांख्यिकीय अवस्था (Demographic Situation) ३१

सामाजिक विशेषताहरू (Social Features) ३१

धार्मिक तथा सांस्कृतिक अवस्था (Religious and Cultural Situation) ३३

भौतिक पूर्वाधार (Infrastructure of Development) ३५

आर्थिक गतिविधि र रोजगार (Economics Activity and Employment) ३६

वित्तिय संघसंस्था (Financial organization) ३६

सामुदायिक तथा संस्थागत विद्यालयहरूको वर्तमान भौतिक विवरण (Physical Description of Community and Institutional Schools) ३७

विद्यालय भवन तथा कक्षाकोठा (School Building and Classroom) ३७

फर्निचर सङ्ख्या (Number of Furniture) ३९

खेल मैदान (Play Ground) ३९

शौचालय सुविधा (Facility of Toilet) ४०

खानेपानीको सुविधा (Facility of Drinking Water) ४०

छात्रवास, प्रयोगशाला, कम्प्युटर र शैक्षिक सामग्री (Hostel, Laboratary, Computer and Teaching Materials) ४०

सामुदायिक र संस्थागत विद्यालयमा उपलब्ध भौतिक श्रोत साधनको तुलनात्मक विश्लेषण (Comparative Analysis of Physical Resources Available in Community and Institutinoal School) ४१

अध्ययन क्षेत्रको आर्थिक अवस्था (Economic situation of study area) ४२

सामुदायिक विद्यालयको आम्दानीको श्रोत (Source of Annual Income in community school) ४२

सामुदायिक विद्यालयको वार्षिक चालुखर्च (Annual Expenditure of Community School) ४३

सामुदायिक विद्यालयको वार्षिक वचत (Annual Saving of Community School) ४४

संस्थागत विद्यालयको वार्षिक चालु आम्दानीको श्रोत (Source of Annual Income in Institutional school) ४५

संस्थागत विद्यालयको वार्षिक चालु खर्च (Annual Current Expenditure of Institutional School) ४६

संस्थागत विद्यालयको वार्षिक बचत (Annual Surplus of Institutional School) ४७

सामुदायिक तथा संस्थागत विद्यालयको प्रति एकाई विद्यार्थी लागत (Perunit Student Cost in Community and Institutional School) ४७

सामुदायिक विद्यालयमा प्रति एकाई विद्यार्थी लागत (Per unit Student Cost in Community School) ४८

संस्थागत विद्यालयको प्रतिएकाइ विद्यार्थी लागत (Per unit Student Cost in Institutional School) ४९

सामुदायिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक विवरण (Educational Description of Community and Institutional Schools) ५०

छनोटमा परेका विद्यालयहरूमा शिक्षकहरूको विवरण (Details of Teachers on Selected Schools) ५०

छनोटमा परेको सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना (Enrollment in Selected Community School) ५१

छनोटमा परेका संस्थागत विद्यालयको विद्यार्थी भर्ना (Student Enrollment in selected Inststutional school) ५३
छनोटमा परेका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio in Schools) ५४
छनोटमा परेका विद्यालयहरूको विद्यार्थी उत्तीर्ण दर (Student Promoted Rate in Selected School) ५५
सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको अन्तर (Difference in Educational Achievement between Community & Institutional Schools) ५९
सामुदायिक र संस्थागत विद्यालयहरूमा विद्यार्थीहरूको विद्यालय छोड्ने दर (Students Droup out Rate of Community & Institutional School) ६०
सामुदायिक र संस्थागत विद्यालयको लगानीको तुलनात्मक विश्लेषण (Comparative Analysis of Investment in Community & Institutional School) ६१
सामुदायिक र संस्थागत विद्यालयको प्रति एकाइ विद्यार्थी औषत लागतको तुलनात्मक विश्लेषण (Comparative Analysis of Perunit Average Cost between Community & Institutional School ) ६२
सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Comparative Analysis of Eductional Achievement between Community and Institutional School) ६३
**अध्याय पाँच : सारांश, निष्कर्ष र सुझावहरू (SUMMARY, CONCLUSION & RECOMMENDATIONS)**
अध्ययनको सारांश (Summary of the Study) ६५
निष्कर्ष र सुझावहरू (Conclusion & Recommendations) ६७
निष्कर्ष (Conclusion) ६७
सुझावहरू (Recommendations) ६९
सन्दर्भ सामग्री (References) ७२

अनुसूची १ : सामुदायिक विद्यालयका प्रधानाध्यापकका लागि प्रश्नावली ७५
अनुसूचि २ : संस्थागत विद्यालयका प्रधानाध्यापकका लागि प्रश्नावली ७८
अनुसूचि ३ : सामुदायिक विद्यालयका शिक्षकका लागि प्रश्नावली ८०
अनुसूचि ४ : संस्थागत विद्यालयका शिक्षकका लागि प्रश्नावली ८१
अनुसूचि ५ : संस्थागत विद्यालयका संस्थापकका लागि प्रश्नावली ८२
अनुसूचि ६ : अभिभावकको लागि प्रश्नावली ८३
अनुसुचि ७ : विद्यालय व्यवस्थापन अध्ययक्षका लागि प्रश्नावली ८५
अनुसूचि ८ : विद्यार्थीका लागि प्रश्नावली ८६
अनुसूचि ९ : गहन छलफल FGD का लागि प्रश्नहरू ८७
अनुसुचि १० : विद्यालय अवलोकन फाराम ८८
अनुसुचि ११ : अध्ययन स्थलका तस्विरहरु ८९

# तालिका सूची (List of Tables)


| | | पृष्ठ |
|---|---|---|
| तालिका ४.१ | *शैल्यशिखरका प्रमुख जातजातिहरू* | ३२ |
| तालिका ४.२ | *शैल्यशिखरमा रहेको धार्मिक अवस्था* | ३३ |
| तालिका ४.३ | *शैल्यशिखरमा बोलिने प्रमुख भाषाहरू* | ३४ |
| तालिका ४.४ | *शैल्यशिखर नगरपालिकामा रहेका बित्तिय संघसंस्थाहरू* | ३७ |
| तालिका ४.५ | *जम्मा कक्षा कोठा र प्रति विद्यार्थी कक्षाकोठा क्षेत्रफल (वर्गफिट) २०७८/७९* | ३८ |
| तालिका ४.६ | *प्रतिविद्यार्थी फर्निचर सङ्ख्या शैक्षिक वर्ष २०७८/०७९* | ३९ |
| तालिका ४.७ | *भौतिक श्रोत साधनहरू शैक्षिक वर्ष २०७९* | ४१ |
| तालिका ४.८ | *सामुदायिक विद्यालयको चालु आम्दानी विवरण २०७७/०७८-२०७८/७९* | ४३ |
| तालिका ४.९ | *सामुदायिक विद्यालयको वार्षिक चालु खर्च विवरण २०७७/०७८ - २०७८/०७९* | ४४ |
| तालिका ४.१० | *सामुदायिक विद्यालयको वार्षिक वचत २०७७/७८- २०७८/७९* | ४५ |
| तालिका ४.११ | *संस्थागत विद्यालयको चालु आम्दानी विवरण, २०७७/०७८-२०७८/७९* | ४५ |
| तालिका ४.१२ | *संस्थागत विद्यालयको चालु खर्च विवरण २०७७/७८-२०७८/७९* | ४६ |
| तालिका ४.१३ | *संस्थागत विद्यालयको कुल वार्षिक वचत २०७७/७८-२०७८/७९* | ४७ |
| तीलिका ४.१४ | *सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ र माध्यमिक तह कक्षा १२ को प्रति एकाइ विद्यार्थी लागत २०७८* | ४८ |
| तालिका ४.१५ | *संस्थागत विद्यालयको आधारभूत र माध्यमिक तहको प्रति एकाई विद्यार्थी औषत लागत २०७८* | ४९ |
| तालिका ४.१६ | *छनोटमा परेका विद्यालयहरूको शिक्षक विवरण २०७९* | ५० |
| तालिका ४.१७ | *सामुदायिक विद्यालयको विद्यार्थी भर्ना (२०७८-२०७९)* | ५१ |

| | | |
|---|---|---|
| तालिका ४.१८ | *संस्थागत विद्यालयको विद्यार्थी भर्ना (२०७८-२०७९)* | ५३ |
| तालिका ४.१९ | *छनोटमा परेका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात (२०७८-२०७९)* | ५५ |
| तालिका ४.२० | *सामुदायिक विद्यालयको विद्यार्थी उपलब्धि २०७८* | ५६ |
| तालिका ४.२१ | *संस्थागत विद्यालयको विद्यार्थी उपलब्धि २०७८* | ५७ |
| तालिका ४.२२ | *सामुदायिक विद्यालयमा विद्यालय छोड्ने दर, २०७८* | ६० |
| तालिका ४.२३ | *संस्थागत विद्यालयमा विद्यालय छोड्ने दर (२०७८)* | ६१ |
| तालिका ४.२४ | *सामुदायिक र संस्थागत विद्यालयको लगानीको तुलनात्मक विश्लेषण* | ६१ |
| तालिका ४.२५ | *प्रति एकाइ औषत लागत तुलनात्मक विश्लेषण* | ६२ |
| तालिका ४.२६ | *सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलना २०७८* | ६३ |

## चित्र सूची (List of Figures)


| | | पृष्ठ |
|---|---|---|
| *चित्र नं. ४.१* | शैल्यशिखर नगरपालिकाका प्रमुख जातजातिहरु | ३२ |
| *चित्र नं. ४.२* | शैल्यशिखर नगरपालिकाको धार्मिक स्वरुप | ३४ |
| *चित्र नं. ४.३* | शैल्यशिखर नगरपालिकामा बोलिने प्रमुख भाषाहरु | ३५ |
| *चित्र नं. ४.४* | समुदायिक विद्यालयको विद्यार्थी भर्ना (२०७९) | ५२ |
| *चित्र नं. ४.५* | संस्थागत विद्यालयको विद्यार्थी भर्ना (२०७९) | ५४ |

## संक्षिप्त शब्दावली (Abbreviations)

| | | |
|---|---|---|
| मा.वि. | : | माध्यमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| आ.वि. | : | आधारभूत विद्यालय |
| न.पा. | : | नगरपालिका |
| वि.व्य.सं. | : | विद्यालय व्यवस्थापन समिति |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| आ.व. | : | आर्थिक वर्ष |
| शै.व | : | शैक्षिक वर्ष |
| क.छा.स. | : | कक्षा छाड्ने सङ्ख्या |
| रा.शि.आ. | : | राष्ट्रिय शिक्षा आयोग |

## अध्याय– एक (CHAPTER ONE)

## परिचय (INTRODUCTION)

### अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपालमा प्राचिन कालदेखि नै समाजमा प्रचलित रीतिरिवाज, चालचलन, विश्वास, जीवनको आदर्श, धर्म प्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादीक्षाको परम्परा थियो । वैदिक कालमा वैदिक शिक्षा, सिद्धार्थ गौतमको जन्मपछि बौद्ध शिक्षा लिच्छविकालीन शिक्षा, मल्लकाल हुँदा हुँदै नेपालमा औपचारिक शिक्षाको सुरुवात राणाशासनकालमा जंगबहादुर राणाले वि.सं. १९१० मा अंग्रेजी प्रारम्भिक स्कुल स्थापना पछि भएको थियो । यद्यपी २००७ सालको प्रजातन्त्र स्थापना पछि मात्र सर्वसाधारणका लागि शिक्षाको पहुँच विस्तार भएको हो (शर्मा, २०६८) ।

ऐतिहासिक रूपमा हेर्दा शिक्षा अवसरको विषय थियो । सर्वसाधारणको शिक्षामा पहुँच ज्यादै कठिन हुन्थ्यो । उच्च वर्गकाले मात्र शिक्षा हासिल गर्न पाउने अवस्था लामो समयसम्म रह्यो । सबैका लागि शिक्षाको नारा सन् १९९० को  जोम्टिन सम्मेलन पछि शिक्षालाई अधिकारमा स्थापित गरिएको हो । हाल गुणस्तरीय शिक्षामा सबैको पहुँचका लागि विभिन्न राष्ट्रिय तथा विश्वव्यापी पहलहरू थालिएका छन् । विश्वव्यापी बाल अधिकार महासन्धि १९८९ लाई नेपालले सन् १९९० मा अनुमोदन गरेको छ । उक्त महासन्धिको धारा २८  मा शिक्षा प्राप्त गर्न पाउने बालबालिकाको अधिकार र कम्तिमा पनि प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य प्रदान गर्नुपर्ने राज्यको दायित्व उल्लेख गरेको छ । शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न राज्यले समाहित शिक्षा, विशेष शिक्षा, निरन्तर शिक्षा, दुर तथा खुला शिक्षा, विश्वविद्यालय शिक्षासम्म सरकारले लगानी गरेको छ (ढकाल र लामिछाने, २०७८) ।

वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना पछि प्रजातन्त्रिक मान्यता अनुरूपको शिक्षा व्यवस्था लागु गर्न राष्ट्रिय शिक्षा आयोग निर्माण भई यस आयोगको प्रतिवेदन रा.शि. आ. को प्रतिवेदन २०४९ सार्वजनिक गरियो । राष्ट्रिय शिक्षा आयोग २०४९ का सिफारिसहरूलाई सरकारले क्रमिक रूपमा लागु गर्दै के कस्ता कमी कमजोरी छन् के कस्ता सुधारात्मक उपायहरू छन् भनी आयोगलाई १८ बुँदे कार्य क्षेत्रका अधिनमा रही उक्त आयोगको प्रतिवेदन पुनरावलोकन गर्न उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५

तयार गरियो । उक्त प्रतिवेदनले सिफारिस गरेको राष्ट्रिय शिक्षा नीतिले शिक्षामा सरकारी लगानी हालको बजेटको १३% बाट आगामी ५ वर्षमा १७% पुऱ्याउने लक्ष्य राखेको छ । निःशूल्क प्राथमिक शिक्षालाई अनिवार्य गराउँदै लैजाने नीति अनुसार यसलाई उच्चतम प्राथमिकताको क्षेत्रमा राखेको छ । माध्यामिक शिक्षालाई सर्वसुलभ बनाउने र प्रविणता प्रमाणपत्र शिक्षालाई पनि विद्यालय संरचनामा समाहित गर्ने उद्देश्य राखेको छ (शर्मा एण्ड शर्मा, २०६७) ।

कुनै पनि देशको सर्वपक्षीय विकासका लागि त्यस देशमा उत्पादित जनशक्ति वा मानवश्रोतको महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यालय शिक्षामा गरिने लगानीलाई राष्ट्र विकासको आधार मानिन्छ । विद्यालय शिक्षामा राष्ट्र तथा अन्य विभिन्न निकायबाट गर्ने लगानी अत्यन्तै महत्त्वपूर्ण हुन्छ । आधारभूत रूपमा सरकार, सार्वजनिक तथा नीति क्षेत्रहरू विद्यालय शिक्षाका लगानीका श्रोतहरू हुन् । अभिभावकहरूले आफ्ना छोराछोरीको शिक्षाको लागी विद्यालयमा शुल्क बुझाउने गर्दछन् । स्टेशनरी, पोसाक तथा अन्य शीर्षकमा उनीहरूले गर्ने खर्च विद्यालय शिक्षा माथिको लगानी हो (भट्टराई र जि.सी. २०७६) ।

गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पर्याप्त लगानी र त्यसको चुस्त व्यवस्थापन पहिलो सर्त हो । नेपालमा विद्यालय शिक्षामा लगानीका विभिन्न पद्धति र प्रक्रिया अवलम्बन गरेको देखिन्छ । नयाँ शिक्षा पद्धतिको योजना २०२८ भन्दा अगाडि राज्यले निश्चित रकम विद्यालयलाई अनुदान दिने र नपुग रकम स्थानीय स्तरबाट सङ्कलन गर्ने व्यवस्था थियो । पञ्चायतकालको उत्तरार्द्धसम्म माध्यामिक तहलाई ५० प्रतिशत अनुदान दिने नीति अवलम्बन गरियो । लोकतन्त्रको पुनर्स्थापना पश्चात् शिक्षकको तलव भत्ता लगायत सुविधा तथा अधिकांश शैक्षिक गतिविधि सरकारी अनुदानमा सञ्चालन हुँदै आएको पाइन्छ । अहिले शिक्षा बजेटमा ७९ प्रतिशत नेपाल सरकार र करिब २१ प्रतिशत वैदेशिक सहयोगबाट बेहोरिन्छ । विद्यालय शिक्षामा विनियोजित बजेटमध्ये ७०% जति शिक्षक कै तलब भत्तामा खर्च हुन्छ । शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न, शैक्षिक सामग्री तथा कक्षा व्यवस्थापनका लागि नगण्य रकम छुट्याएको पाइन्छ । शिक्षामा गरिएको लगानीको औचित्य विद्यालयको उपलब्धि हेर्दा विद्यार्थीले ५० प्रतिशत अङ्क हासिल गर्न नसकेको देखिन्छ ( कार्की, २०७२) ।

शिक्षा ऐन (२०२८) ले सामुदायिक र संस्थागत विद्यालय गरी २ भागमा वर्गीकरण गरेको छ। नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्विकृति प्राप्त गरेको विद्यालय सामुदायिक विद्यालय हो भने नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय संस्थागत विद्यालय हो भनी परिभाषित गरेको छ। सोही ऐनको आठौँ संशोधन २०७३ ले विद्यालय शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षालाई आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यामिक शिक्षा भनि परिभाषित गरेको छ (शिक्षा ऐन, २०२८ आठौँ संशोधन २०७३ सहित)।

मुलुकमा उपलब्ध प्राकृतिक श्रोत साधन र अन्य सम्भावना मानव संसाधनको विकासले अवसर र समृद्धिमा परिणत गराउने भएकोले हालसम्म कार्यान्वयन भइसकेका १४ वटा विकास योजनाले शिक्षालाई उच्च प्राथमिकतामा राखेको पाइन्छ। हाल कार्यान्वयनमा रहेको पन्ध्रौँ योजनाले २५ वर्षे दीर्घकालीन सोच “समृद्ध नेपाल सुखी नेपाली” सहित समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त स्वच्छ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकको रूपमा रूपान्तरण गर्ने राष्ट्रिय सङ्कल्प लिएको छ (पन्ध्रौ योजना २०७६/७७/-२०८०/८१)।

शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न सरकारले समग्र शिक्षा बजेट र कार्यक्रमको पुन : संरचना गर्ने तथा विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्दै आवश्यकता तथा अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गर्ने शिक्षा विकासका निम्ति संघीय प्रादेशिक तथा स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी प्रादेशिक र स्थानीय शिक्षा खडा गरिने नीति राखेको छ (राष्ट्रिय शिक्षा नीति, २०७६)।

आ.व. २०८०/८१ को बजेटमा शिक्षा क्षेत्रका लागि छुट्याइएको रकम निराशाजनक देखिन्छ। समग्र शिक्षा क्षेत्रका लागि १ खर्ब ९७ अर्व २९ करोड विनियोजित गरिएको छ। जुन समग्र बजेटको ११.२६ प्रतिशत हो। शिक्षण संस्थाहरूलाई साधन श्रोत सम्पन्न बनाउने गुणस्तरीय शिक्षा प्रदान गर्ने तथा विद्यालयको उपलब्धि स्तर सुधार्ने सरकारी प्रतिबद्धता न्यून बजेटका कारण कागजमा मात्रै सिमित रहने निश्चित देखिन्छ। शिक्षक दरबन्दी पुरा भएको भौतिक संरचना पर्याप्त भएका विद्यालय भन्दा शिक्षक दरबन्दी कम तथा स्थानीय स्तरबाट

श्रोत जुटाएर सञ्चालित सामुदायिक विद्यालयको उपलब्धि स्तर उच्च भएका उदाहरण पनि छन् । त्यसैले सामुदायिक विद्यालयको उपलब्धि स्तर तथा विद्यार्थी सङ्ख्याको आधारमा पर्याप्त बजेट निकासा गरिनु पर्छ (कार्की, २०८०) ।

सामुदायिक विद्यालयमा बालअधिकार सहित दण्ड रहित सम्मान गरिन्छ, भने संस्थागत विद्यालयहरूमा कडाइका साथ बालबालिकाहरूमा दण्ड सहित लादिने तरिकाले पनि शिक्षण गरिन्छ । यसले गर्दा पनि दीर्घकालीन रूपमा टिकाउ हुन सक्ने नभए तापनि पनि क्षणिक रूपमा प्रभाव देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयमा बालबालिका पढाउने अभिभावकहरूको सोचाइमा फरक हुनुको कारण संस्थागत विद्यालयमा अभिभावकहरूको प्रत्यक्ष लगानी रहेको हुनाले लगानी डुब्ने डरले बालबालिकाप्रति अति ध्यान दिई ख्याल राखी चासो दिईरहेका हुन्छन् भने सामुदायिक विद्यालयमा अभिभावकको प्रत्यक्ष लगानी हुँदैन । जति बेलासम्म संस्थागत विद्यालयहरूमा अध्ययनरत छात्राछात्रहरू अति कडाइका घेराभित्र रहेका हुन्छन् । त्यतिबेलासम्म लगनशील र अनुशासित भई अध्ययन गर्छन् । सामुदायिक विद्यालयमा पढेका छात्रछात्राहरू दैनिक रूपमा उच्च शिक्षा हासिल गर्ने क्रम बढ्दो छ । संस्थागत विद्यालयहरूमा पठनपाठन गरेका छात्रछात्राहरू विदेशमा उच्च शिक्षा हासिल गर्ने तथा उतै रोजगार गर्ने संख्या बढी छ भने सामुदायिक विद्यालयबाट शिक्षा हासिल गरेका छात्रछात्राहरू स्वदेशमै सेवा गरेको पाइन्छ (केसी, २०७५) ।

यसरी सामुदायिक र संस्थागत विद्यालय बिच लगानीमा भिन्नता पाइनुका साथै शैक्षिक उपलब्धिमा पनि फरक पाइएको छ । सामुदायिक विद्यालयमा पूर्वाधारको अवस्था, शिक्षक तालिमको व्यवस्था राम्रो छ भने संस्थागत विद्यालयमा प्रशासनिक अवस्था राम्रो छ जसले गर्दा अल्पकालीन र दीर्घकालीन उपलब्धिमा भिन्नता रहेको पाइन्छ ।

**समस्या कथन (Statement of the Problem)**

देश विकासका निमित्त शिक्षा  पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेका छन् । तैपनि यी उपलब्धिहरूको बाबजुत थप नयाँ चुनौती र समस्या हाम्रासामु विद्यमान छन् सबै बालबालिका अझै विद्यालय भर्ना भई नसक्नु, सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, विद्यालय शिक्षा पूर्ण रूपमा निःशूल्क हुन

नसक्नु संस्थागत क्षेत्रबाट सञ्चालित विद्यालय सेवा भन्दा नाफा मुखी हुनु आदि शिक्षा क्षेत्रका प्रमुख चुनौती रहेका छन् (शिक्षा नीति २०७६) ।

यसरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धि फरक फरक पाइनुका कारणहरू बारे अध्ययन गर्नु आवश्यक देखिन्छ ।

सर्वसुलभ र निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था संविधान, ऐन तथा विभिन्न योजनाहरूमा उल्लेख गरेको पाइन्छ । सरकारले शिक्षामा पर्याप्त लगानी गर्न नसकेको र अभिभावकहरूले पनि आफ्ना छोराछोरीहरूको शिक्षामा लगानी गर्न नसकेको अवस्थाले गर्दा गुणस्तरीय शिक्षा प्राप्त हुन सकेको छैन । सामुदायिक र संस्थागत विद्यालयको लगानी र प्रतिफलमा ठूलो अन्तर रहेको पाइन्छ । शिक्षामा गरिएको लगानीको सदुपयोग नहुनु, लगानीको अधिकांश हिस्सा शिक्षक तलब भत्ताका लागि मात्र खर्च हुनु, शिक्षण सिकाइ क्रियाकलाप तथा शिक्षामा खोज, अनुसन्धान र प्रयोगात्मकका लागि बजेट अभाव हुनु, राष्ट्रको शिक्षा नीति अनुरूप जनशक्ति तयार हुन सक्ने सम्भावना नहुनु जस्ता समस्या र समाधानको विश्लेषणात्मक अध्ययन गरी खोजी गर्नु आवश्यक छ । शिक्षामा गरिएको लगानीको औचित्य विद्यार्थीको उपलब्धिस्तरले पुष्टि गर्न सक्नुपर्छ । विगतका वर्षहरूको एस.एल.सी. तथा कक्षा ३ र ५ को उपलब्धि हेर्दा विद्यार्थीले ५०% अङ्क पनि हासिल गर्न नसकेको देखिन्छ । सामुदायिक विद्यालयमा ९८% भन्दा बढी तालिम प्राप्त शिक्षक कार्यरत भए पनि धेरै सुविधा र तालिम अप्राप्त शिक्षकले पढाउने संस्थागत विद्यालयको नतिजा उच्च हुनुका कारण खोजिनु पर्छ । सामुदायिक विद्यालयमा विद्यार्थी घट्दै जानुमा को कति जिम्मेवार छ ? शिक्षामा गरिएको लगानी अनुसारको प्रतिफल प्राप्त गर्ने उपाय अध्ययन अनुसन्धानबाट खोजिनुपर्छ (कार्की, २०७२) ।

संविधानको पूर्ण कार्यान्वयन र गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्याप्त रकमको विनियोजन गर्ने र रकम विनियोजन गर्दा स्थानीय, प्रदेश, संघको हिस्सामा के कति पर्ने हो सो बारे ऐनले नै बोल्नु जरुरी हुन्छ । काठमाडौँ, रौतहट या डोल्पामा अध्ययनरत विद्यार्थीका लागि सरकारले छुट्याउने रकममा समरूपले हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्न आवश्यक छ (पौडेल, २०८०) ।

हाल सामुदायिक र संस्थागत विद्यालय बिच रहेको शैक्षिक उपलब्धिको भिन्नतालाई लिएर छलफल हुने गरेको पाइन्छ । केही हुने खाने तथा उच्च वर्गका मानिसले संस्थागत

विद्यालयमा आफ्ना छोराछोरीहरूलाई पढाउने भए तापनि सचेत वर्ग, मध्यम वर्ग र निम्न वर्गले सामुदायिक विद्यालयप्रति विश्वास गरेका छन् । यद्यपि सामुदायिक विद्यालयको स्तरोन्नति नभएकोले सरकारी पक्षले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

नेपालमा हाल सञ्चालन मा रहेका सामुदायिक र संस्थागत विद्यालयको लगानी र शैक्षिक उपलब्धि बिच विविधता पाइएको छ । विभिन्न विद्यालयहरूको एउटै कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको नतिजा ज्यादै उच्च र ज्यादै न्यून रहेको देखिन्छ । अधिकांश सामुदायिक विद्यालयहरूको विद्यार्थीको परीक्षाको नतिजा खस्किदो छ भने अभिभावक ले प्रत्यक्ष लगानी गरेका संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धि स्तर राम्रो देखिन्छ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भनेर संविधानमा लेखिएको भएतापनि प्रभावकारी कार्यान्वयन नभएको विभिन्न पूर्वअध्ययनले बताउँछ । महत्त्वपूर्ण विकासको पूर्वाधार शिक्षामा रहेका विभिन्न समय सान्दर्भिक समस्याहरूलाई आधार मानेर यो अध्ययनलाई दार्चुला जिल्ला शैल्यशिखर नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा सिमित रहि अध्ययन गर्ने प्रयास गरिएको छ ।

### अध्ययनको महत्त्व (Significance of the Study)

कुनै पनि देश विकाशको मेरुदण्ड नै शिक्षा हो । विद्यालयहरूको शिक्षा दक्ष जनशक्ति विकासको प्रमुख आधार हो । विकाश निरन्तर चलिरहने प्रक्रिया भएकोले शिक्षा क्षेत्रको विकाश पनि निरन्तर चलिरहन्छ । कुनै पनि देश विकासको लागि यातायात, स्वास्थ्य, कृषि, सञ्चार, विद्युत, उद्योग आदि क्षेत्रमा मात्र लगानी गरेर पुग्दैन, देशको समग्र विकासको प्रमुख आधार शिक्षा हो । विकसित मुलुकहरूले आज विकासको फड्को मार्नुको प्रमुख कारण शिक्षाको विकास लाई मान्नु पर्छ । यसको सफलताको लागि सोही अनुपातमा शिक्षामा लगानी बढाउनुपर्छ ।

आधारभूत र माध्यमिक तहको शिक्षाले शैक्षिक विकासको आधार तयार हुन्छ । त्यसैले प्राविधिक, वैज्ञानिक, उत्पादनमुखी शिक्षा को थालनी विद्यालय तहबाट नै हुने भएकोले यसबाट उत्पादित जनशक्तिले देशको आर्थिक विकासमा टेवा पुऱ्याउँछ । शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गर्न तथा अपेक्षित लक्ष्य हासिल गर्न शिक्षामा गरिएको लगानी र उपलब्धि बिच तालमेल हुनु जरुरी छ । शिक्षामा गरिएको लगानी खेर गयो भने आर्थिक र शैक्षिक नोक्सानीका साथै समग्र विकास नै पछाडी धकेलिन्छ ।

देशको जनसङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा आधारभूत र माध्यमिक तहको शिक्षामा लगानी वृद्धि गर्नु र सोही अनुरूपको शैक्षिक उपलब्धि वृद्धि गरी दक्ष तथा शैक्षिक जनशक्ति उत्पादन गर्नु विद्यालयको प्रमुख कार्य हो । अन्य क्षेत्रमा गरिएको लगानी र शैक्षिक क्षेत्रमा गरिएको लगानी फरक हुन्छ । शिक्षामा गरिएको लगानीले ठूलो प्रतिफल दिन्छ । मानविय संसाधन तयार गर्नु भनेको देश विकासको लागि महत्त्वपूर्ण पूँजी निर्माण गर्नु भएकोले शिक्षासँग सम्बन्धित प्रमुख समस्या पहिचान गर्नुमा यस अध्ययनले मद्दत गर्दछ ।

विद्यालय शिक्षासम्म प्रत्यक्ष रूपमा सरोकार राख्ने विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षासँग सम्बन्धित विभिन्न निकायहरू तथा नीति निर्माणहरूलाई संस्थागत र सामुदायिक विद्यालयहरूमा रहेको शैक्षिक लगानी र उपलब्धि बिचको असन्तुलनलाई कम गर्न यस अध्ययनले मद्दत पुऱ्याउने अपेक्षा राखिएको छ । सरकारले शिक्षामा  गरेको लगानीको पूर्ण प्रतिफल नपाउने अवस्था रहेको छ, भने संस्थागत विद्यालयमा विद्यार्थी भर्ना गरी अभिभावकहरूले चर्को शुल्क तिर्नुपर्ने अवस्था रहेको हुनाले सामुदायिक विद्यालयलाई गुणस्तरीय र उपलब्धिमूलक बनाउन यस अध्ययनले मद्दत गर्नेछ ।

यस अध्ययनले सामुदायिक र संस्थागत विद्यालयमा गरिएको लगानीको प्रभावकारीता पत्ता लगाई तुलनात्मक अध्ययन गरेको छ । विद्यालयमा गरिएको लगानीको प्रतिफललाई लक्ष्य सम्म पुऱ्याउन यस अध्ययनले विभिन्न सरोकारवालाहरूलाई मद्दत पुग्ने अपेक्षा राखिएको छ ।

**अध्ययनको उद्देश्य (Objectives of the study)**

यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयको लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको छ भने उक्त साधारण उद्देश्य परिपूर्ति गर्नका लागि यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- सामुदायिक र संस्थागत विद्यालयहरूको लगानी र शैक्षिक उपलब्धिको वर्तमान अवस्था पत्ता लगाउनु ।
- सामुदायिक र संस्थागत विद्यालयको लगानी र उपलब्धिको तुलनात्मक अध्ययन गर्नु ।

- सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धिको अन्तर पत्ता लगाउनु ।

**अनुसन्धान प्रश्न (Research Question)**

यस अध्ययनमा विद्यालयमा गरिने लगानी र त्यसको प्रतिफल कस्तो रहेको छ ? भन्ने आधारमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

- के सामुदायिक र संस्थागत विद्यालयमा गरिएको लगानी पर्याप्त छ ?
- के सामुदायिक र संस्थागत विद्यालयमा गरिएको लगानीले अपेक्षित शैक्षिक उपलब्धि प्राप्त भएको छ ?
- सामुदायिक र संस्थागत विद्यालय बिच लगानी र उपलब्धिमा के अन्तर छ ?
- के प्रतिएकाइ विद्यार्थी लागत अनुरूप शैक्षिक उपलब्धि प्राप्त भएको छ ?
- के सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिमा अन्तर छ ?

**अध्ययनको परिसीमा (Delimitations of the Study)**

जुन सुकै अध्ययन र अनुसन्धान गर्नु आफैमा चुनौतिपूर्ण कार्य भएकोले अध्ययन कार्यमा विभिन्न बाधा व्यवधान आउने गर्छन । अनुसन्धान गर्ने क्रममा आउने कठिनाईहरूलाई हटाउन अनुसन्धानलाई सिमाबद्ध गर्नु पर्ने हुन्छ, तसर्थ यस अध्ययनका लागि पनि निम्न परिसिमा निर्धारण गरिएको छ ।

- यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयमा मात्र सीमित रहेको छ ।
- आधारभूत तहको शैक्षिक उपलब्धिका लागि कक्षा ८ र माध्यमिक तहको शैक्षिक उपलब्धिका लागि कक्षा १० र कक्षा १२ लाई अध्ययनमा समावेश गरिएको छ ।
- यो अध्ययन दार्चुला जिल्ला शैल्यशिखर नगरपालिका भित्र रहेका ९ वटा माध्यमिक विद्यालयहरू मध्ये दुई वटा सामुदायिक र दुई वटा संस्थागत विद्यालयमा सिमित रहेको छ ।
- यो अध्ययन विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धीलाई विद्यार्थीको नतिजा सँग सम्बन्धित गरिएको छ ।

- यस अध्ययनमा वि.सं. २०७७/७८ र २०७८/७९ सालमा विद्यालयमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धिलाई मात्र तथ्याङ्कको रूपमा लिइएको छ ।
- यस अध्ययनको निष्कर्ष अन्य तह र विद्यालयसँग सामान्यीकरण गर्न सकिदैन ।

**मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms)**

अध्ययन कार्यमा विभिन्न शब्दावलीहरू प्रयोग गरिने गर्दछन् र यी विभिन्न शब्दावलीहरूले समय, प्रसंग, परिस्थिति, घटना स्थान, परिवेश तथा अवस्था अनुसार फरक फरक अर्थ दिने गर्दछ । तसर्थ अध्ययनको विषयसँग सम्बन्धित कतिपय शब्दावलीको गलत अर्थ र व्याख्या नहोस् भनी यस अनुसन्धानमा निम्नानुसारका मुख्य मुख्य शब्दावलीहरूलाई निम्नानुसार परिभाषित गरिएको छ ।

विद्यालय शिक्षा : आधारभूत र माध्यमिक शिक्षा ।

आधारभूत शिक्षा : प्रारम्भिक कक्षा देखि कक्षा ८ सम्मको शिक्षा ।

माध्यामिक शिक्षा : कक्षा ९ देखि १२ सम्मको शिक्षा ।

शैक्षिक उपलब्धि : विद्यार्थी उत्तीर्ण सङ्ख्या ।

संस्थागत विद्यालय : नेपाल सरकार द्वारा अनुदान नपाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय ।

सामुदायिक विद्यालय : नेपाल सरकारद्वारा नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालय ।

कक्षा दोहोऱ्याउनु : परीक्षामा अनुत्तिर्ण भइ उही कक्षामा भर्ना हुनु ।

कक्षा छोड्नु : कुनै पनि कक्षा वा तह पार नगरी बिचैमा कक्षा छोड्ने ।

उत्तीर्ण : पास हुनु ।

शैक्षिक पुँजी :  शिक्षित जनशक्ति ।

लगानी : सरकार, अभिभावक तथा अन्य संघसंस्था द्वारा शिक्षामा गरिएको खर्च ।

प्रत्यक्ष खर्च : अभिभावकले विद्यालयलाई प्रत्यक्ष रूपमा तिरेको खर्च ।

अप्रत्यक्ष खर्च : विद्यालयसँग सम्बन्धित विद्यालयमा नतिरेको खर्च ।

**अध्ययनको संगठन (Organization of the study)**

दार्चुला जिल्ला शैल्यशिखर नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन शीर्षकमा रहि, अनुसन्धानका लागि तयार पारिएको यस अध्ययनलाई पाँच अध्यायमा संगठन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय रहेको छ । जस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्त्व, उद्देश्य, परिसीमा, मुख्य शब्दावलीको परिभाषा र अध्यनको संगठन राखिएको छ ।

दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा अन्तर्गत सैद्धान्तिक साहित्यको पुनरावलोकन, सम्बन्धित पूर्व साहित्यको समीक्षा, साहित्य पुनरावलोकनको प्रयोजन, अनुसन्धान अन्तर र अध्ययनको कार्य ढाँचा प्रस्तुत गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रिया रहेका छन् । जस अन्तर्गत अनुसन्धान ढाँचा, तथ्याङ्कका श्रोत, जनसङ्ख्या नमुना आकार र नमूना छनोट रणनीति, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क सङ्कलनका तरिका, तथ्याङ्क, विश्लेषण प्रक्रिया र नैतिक सुझावहरू जस्ता शीर्षक र उपशीर्षकहरू समावेश गरिएको छ ।

चौथो अध्यायमा तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण रहेको छ । यस अध्यायमा अध्ययन क्षेत्रको परिचयको भाग अन्तर्गत दार्चुला जिल्लामा रहेको शैल्यशिखर नगरपालिकाको परिचय र यसको भौगोलिक, जनसांख्यिक, प्रशासनिक लगायत सामाजिक, धार्मिक शैक्षिक पूर्वाधार तथा आर्थिक अवस्था प्रस्तुत गरिएको छ । साथै तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण अन्तर्गत अध्ययनमा छनोट गरिएको विद्यालयहरूको आम्दानीको श्रोत खर्चका क्षेत्र, चालु आम्दानी र खर्चको विवरण तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषणलाई विभिन्न शीर्षकमा वर्णन गरिएको छ । अध्याय पाँचमा अध्ययनको सारांश निष्कर्ष र सुझाव राखिएका छन् ।

## अध्याय दुई (CHAPTER TWO)

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)

विद्यालय शिक्षा उच्च शिक्षाको आधार भएकोले यसको महत्त्व बढ्दै गइरहेको छ। शिक्षाको जग बलियो पार्नका लागि आधारभूत र माध्यामिक शिक्षालाई उपलब्धिमूलक बनाउनु जरुरी छ। तसर्थ विभिन्न संघसंस्था तथा सरोकारवालाहरूले अध्ययनमा चासो लिएका छन्। यसै सन्दर्भमा विद्यालयको शैक्षिक तथा आर्थिक अवस्था, भौतिक अवस्था, लगानीको प्रभावकारिता, उपलब्धि स्तर, कक्षा छाड्ने प्रवृत्ति जस्ता विविध पक्षबारे गरिएका पूर्व अध्ययन, प्रतिवेदन तथा अनुसन्धान बारे यस अध्यायमा समावेश गरिएको छ।

### सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्ययन कार्यलाई पूर्णता प्रदान गर्न यस शीर्षकसँग सम्बन्धित विभिन्न लेख रचनाहरू अध्ययन गरी सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्न आवश्यक पर्ने विभिन्न लेख रचनाको सारांशलाई प्रस्तुत गरिएको छ।

राष्ट्रिय शिक्षा नीति (२०७६) ले नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकाशबाट उल्लेखनिय उपलब्धि हुन थालेको उल्लेख गरेको छ। आधारभूत तह (१-८) र माध्यमिक तह (९-१२) को खुद भर्नादर क्रमशः ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको र प्राथमिक तहको खुद भर्नादर ९६.९ प्रतिशत रहेको बताएको छ। आ.व. २०७४/७५ मा १५ देखि २४ वर्ष उमेर समुहको साक्षरता ८८.६ प्रतिशत पुगेको छ। विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १-५) मा ३.८ प्रतिशत आधारभूत तह (कक्षा ६-८) मा ४.४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९-१०) मा ३.७ प्रतिशत झरेको छ। मुलुकभर सार्वजनिक र संस्थागत लगानीका गरी ३५,०५५ वटा विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन्। शिक्षामा लगानीको प्राथमिकताका दृष्टिले तीनवटै तहका सरकारको भूमिका महत्त्वपूर्ण रहनेछ। राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले श्रोत व्यवस्थापन गर्नेछन्। व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासको लागि श्रोत व्यवस्थापन र वित्तिय योगदान गर्न प्रोत्साहित गर्ने नीति कार्यान्वयन गर्नुपर्ने पक्षलाई जोड दिएको छ।

विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन (२०१९) ले यो प्रतिवेदनका लागि गरिएको विश्लेषण अनुसार शिक्षा क्षेत्रका बार्षिक रूपमा विश्वभर ४.७ ट्रिलियन खर्च हुने गर्छ। यसमध्ये ६५ प्रतिशत (३ ट्रिलियन डलर) उच्च आय भएका मुलुकमा खर्च हुन्छ भने ०.५ प्रतिशत (२२ अर्ब डलर) न्यून आय भएका मुलुकमा खर्च हुन्छ। उच्च र न्यून आय भएका दुबै मुलुकमा विद्यालय जाने उमेर पुगेका बालबालिकाको सङ्ख्या लगभग बराबर भए पनि कुल खर्च मध्ये सरकारी खर्चले ७९ प्रतिशत र परिवार बाट हुने खर्च २१ प्रतिशत ओगटेको छ।

शर्मा २०६७ ले शिक्षाका लागि समान अवसर भन्ने सिद्धान्तले सम्पूर्ण बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने मान्यता बोकेको हुन्छ, तर भौगोलिक, सामाजिक, आर्थिक जस्ता विभिन्न कारणले बालबालिकाहरू समान रूपबाट शिक्षा प्राप्त गर्ने मौकाबाट वञ्चित रहेका छन्। अविकसित र विकसित मुलुकहरूका बिचमा शैक्षिक लगानी र शैक्षिक उपलब्धिमा ठूलो भिन्नता देखा पर्‍यो। उनका अनुसार सबै बालबालिकाहरूलाई शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिएका छन्। अहिले सम्म औपचारिक शिक्षाले हुने खाने वर्गको मात्र पक्ष पोषण गरेको छ। जबसम्म शिक्षाको लगानीमा वृद्धि गर्न सकिन्न तवसम्म देशको शैक्षिक स्तर वृद्धि हुँदैन भन्ने निष्कर्ष निकालेका छन्।

भट्टराई एण्ड जि.सी. (२०७६) का अनुसार विद्यालय शिक्षामा गरिने लगानीलाई राष्ट्र विकासको आधार मानिन्छ। संयुक्त राष्ट्र संघ बालअधिकार सम्बन्धि विश्वव्यापी घोषणापत्र सन् १९८९ अनुसार १८ वर्ष सम्मको बालसुलभ उमेर विद्यालय शिक्षामा वित्ने भएकोले विद्यालय शिक्षामा गरिएको लगानीबाट आधारभूत तह तयार पार्ने काम हुन्छ। बालबालिकाहरूमा असल सोच तथा चिन्तनको विकास गर्ने मात्र नभई आन्तरिक सक्षमता विकास गर्ने काम पनि यसै अवस्थामा हुने भएकाले विद्यालय शिक्षामा राष्ट्र तथा अन्य विभिन्न निकायबाट लगानी अत्यन्त महत्त्वपूर्ण हुन्छ। आधारभूत रूपमा सरकार, सार्वजनिक तथा संस्थागत क्षेत्रहरू विद्यालय शिक्षाका लगानीका स्रोतहरू हुन्। सार्वजनिक श्रोतका रूपमा सरकारी बजेटले शैक्षिक लगानीको ठूलो भाग समेटेको हुन्छ। नेपालमा विज्ञहरूको समूहले शिक्षामा कुल बजेटको २०% सम्म लगानी गर्न उपयुक्त हुने सुझाव दिएको पाइन्छ। तर वर्तमान समयमा १०-१२% भन्दा बढी शिक्षामा लगानी हुन सकेको देखिदैन सरकारले शिक्षामा गर्ने लगानी कुशल जनशक्ति उत्पादनमा केन्द्रित हुनुपर्छ।

नीति तथा कार्यक्रम (२०७७/७८) का अनुसार नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा शिक्षा क्षेत्र सुधारका लागि कार्यक्रमहरू समावेश गरेको छ । सोही नीति तथा कार्यक्रममा दुई वर्षको अवधिमा विद्यालय बाहिर रहेका २ लाख ७० हजार बालबालिलाई विद्यालय भर्ना गरिएका र विद्यालय उमेरका सबै बालबालिका विद्यालयहरूमा हुने सुनिश्चित गरिने साथै "बालबालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं" कार्यक्रम लाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाइने उल्लेख गरेको छ । त्यसै गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा सिकाइ सुविधामा सुधार गरिने, वैज्ञानिक अनुसन्धान, प्रविधिको विकाश तथा नवप्रवर्तन एवम् बौद्धिक प्रतिभा लाई प्रोत्साहन गर्दै नयाँ ज्ञान प्रविधि र ज्ञानको विकाश एवम् विस्तारका लागि अनुकूल वातावरण सिर्जना गरी लगानी वृद्धि गरिने उल्लेख गरेको छ । सार्वजनिक विद्यालयहरूलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइने, सार्वजनिक विद्यालयको समग्र सुधारको लागि सार्वजनिक विद्यालय सवलिकरण दशक २०७६-८५ अभियान सञ्चालन  गरी विद्यालय तथा शिक्षण संस्थाको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी सङ्ख्याको आधारमा समायोजन गर्ने र गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र शिक्षण पेशामा प्रतिबद्ध शिक्षकको आपूर्ति, विकास र परिचालन गर्ने प्रतिबद्धता गरेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३) ले न्यून तथा उच्च सिकाइ उपलब्धि का कारक पक्षहरू भन्ने शीर्षकमा विद्यालयहरूको मामला अध्ययन गरेको थियो । उक्त अध्ययनका लागि लगानी समान हुँदा हुँदै पनि सिकाइ उपलब्धिमा देखिने समानता र असमानताका आधारमा विद्यालयहरूको सफल प्रयासहरू पहिचान गरेको छ । विद्यालयहरूको श्रोत, साधन र लगानी राम्रो हुँदा र नहुँदा सिकाइ उपलब्धिमा फरक पर्ने आम दृष्टिकोण भए पनि श्रोत साधनको अवस्था कमजोर हुँदैमा सिकाइ स्तर कमजोर हुन्छ भन्ने कुरा प्रमाण साध्य देखिएन । संस्थागत विद्यालयमा अभिभावक, प्रधानाध्यापक, शिक्षक, लगानीकर्ता सबैको निग्रानी रहने र सामुदायिक विद्यालयका सरकारको आर्थिक लगानी हुने र अभिभावक, प्रधानाध्यापक र शिक्षकको निग्रानीमा कमी रहने हुँदा शैक्षिक उपलब्धिमा असमानता भएको पाइयो । साथै विषयशिक्षक, प्रधानाध्यापकको योग्यता, क्षमता र शैक्षिक कौशल राम्रो भयो भने सिकाइ उपलब्धि उच्च बनाउन सकिने पाइएको छ ।

बजेट वक्तव्य २०८०/८१ अनुसार शिक्षालाई जीवनोपयोगी, आधुनिक विज्ञान प्रविधिमा आधारित, व्यवसायिक र अनुसन्धानमुखी बनाइने र शिक्षामा लगानी र गुणस्तर

वृद्धि गरिने लक्ष्य लिएको छ । विपन्न, दलित, सीमान्तकृत लगायतका विद्यार्थीलाई लक्षित छात्रवृत्ति विद्यालय तह, प्राविधिक तथा उच्च शिक्षामा गरी रु ३ अर्ब २ करोड विनियोजन गरेको छ । सामुदायिक विद्यालयमा सञ्चालित दिवाखाजा कार्यक्रमका लागि ८ अर्ब ४५ करोड, विद्यालय तहका छात्राहरूका लागि स्यानीटरी प्याड वितरण का लागि १ अर्ब ४२ करोड निशूल्क पाठ्यपुस्तक, पाठ्यक्रम तथा पाठ्यक्रमपुस्तकको विद्युतिय प्रतिका लागि ३ अर्व ५८ करोड, आधारभूत विद्यालयमा अंग्रेजी , गणित र विज्ञान विषय शिक्षकको व्यवस्था गर्न ३ अर्ब ६९ करोड विनियोजन गर्ने लक्ष्य राखेको छ ।

पन्धौ योजना (२०७६/७७-२०८०/८१) ले योजना को अन्त्य सम्ममा १५ वर्ष माथिको साक्षरता दर ५८.९५ प्रतिशत पुऱ्याउने, आधारभूत तहमा खुद भर्नादर ९३ बाट ९९ र माध्यमिक (९-१२) मा खुद भर्नादर ४६ बाट ६५ पुऱ्याउने अपेक्षित उपलब्धिका रूपमा राखेको छ । संस्थागत लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामुलक बाट सेवामुलकमा रूपान्तरण  गर्ने, अनिवार्य तथा निःशूल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्ने रणनीति तय गरेको छ । साथै शिक्षालाई वैज्ञानिक , प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारी मूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै संस्थागत क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गर्ने नीति अवलम्बन गरेको छ ।

अधिकारी (२०७५) का अनुसार शिक्षा देशको समग्र विकासको आधार भएकोले यसको विकासमा विशेष जोड दिनुपर्छ । कुनै पनि देश कति विकशित छ भनेर पहिचान गर्ने मुख्य आधार भनेकै साक्षर प्रतिशत हो । साक्षरतालाई विकाशको मानक मानेर हेर्ने गरिन्छ । त्यसैले शिक्षामा उचित लगानी आवश्यक छ । जबसम्म सरकारले लगानी र प्रतिफलको सुपरीवेक्षण गर्न सक्दैन, तबसम्म लगानीको सही सदुपयोग र अपेक्षित उपलिब्ध हासिल हुन सक्दैन । शिक्षामा गरिने लगानी शिक्षक तथा कर्मचारीको तलब भत्तालाई मात्र सम्झिनु हुँदैन । गुणस्तरीय शिक्षा हासिल गर्नका लगि गरिने खर्चलाई लगानीको रूपमा बढाउनु पर्दछ । शिक्षासँग समबद्ध अनुभवी व्यक्तिहरूको भनाई अनुसार यदि राज्यले निःशूल्क शिक्षालाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने हाल विनियोजन गरिएको रकमलाई दोब्बर अर्थात २०% बनाउनुपर्दछ ।

कुसियैत (२०७४) का अनुसार राज्यले लगानी गर्दा शिक्षा क्षेत्र प्रमुख प्राथमिकतामा पर्न जान्छ । राज्यले निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न अहिलेको लगानी दरमा वृद्धि गर्नु आवश्यक छ । नेपालमा संस्थागत विद्यालयले आधारभूत तहमा लगभग १५.६ र माध्यमिक तहमा २२.४ प्रतिशत चापलाई धानेको छ । संस्थागत विद्यालयमा अभिभावकहरूको प्रत्यक्ष लगानी रहेको छ । यी विद्यालयले शिक्षा जस्तो सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान भने प्रशंसनीय छ । सन् २०१६/१७ को शिक्षा बजेट र सन् २०१५/१६ को फ्ल्यास रिपोर्टका आधारमा प्रति विद्यार्थी लागत गणना गर्दा आधारभूत तहमा प्रतिविद्यार्थी लागत १६ हजार ४४५ रहेको देखिन्छ भने माध्यमिक तहमा (९-१२) यो रकम ११ हजार ६५९ रहेको छ । आर्थिक वर्ष सन् २०१६/१७ लागि विनियोजना गरेको कुल बजेटको ११.०९% अर्थात १ खर्व १६ अर्ब ३६ करोड थियो । कुल गार्हस्थ उत्पादनको ४.८५ प्रतिशत हिस्सा हो जुन गुणस्तरीय शिक्षाका लागि न्यून मानिन्छ । राज्यले विद्यालय शिक्षालाई निःशूल्क बनाउन शिक्षाका सम्पूर्ण खर्चहरू बेहोर्ने दायित्व बोकेको छ । यही बेला राज्यले शिक्षामा गर्ने लगानीको अवस्था दिन प्रतिदिन खस्किदै जानु चिन्ताको विषय हो ।

भट्ट (२०७६) का अनुसार नेपालमा करिब ३६ हजार भन्दा बढी विद्यालयमा २८ लाख हाराहारीमा विद्यार्थी पढ्छन् । यो वृद्धिले शिक्षामा पहुँच र सहभागिता देखाउँछ । तर कक्षा १ मा भर्ना भएकामध्ये ६२ प्रतिशत भन्दा बढी विद्यार्थीले १० कक्षा नपुग्दै विद्यालय छोड्ने गरेको पाइन्छ । यसले विद्यालय तहको लगानी खेर गएको प्रष्ट हुन्छ । संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि कम भए पनि केही सामुदायिक सक्रियता छ । गुणस्तरीय शिक्षाका लागि नेपालले सामुदायिक विद्यालयका भवन, फर्निचर, शौचालय, लगायत भौतिक सुधारमा लगानी गर्ने नीति ल्याएको भए पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । उपलब्धि परीक्षण नतिजाले देखाए अनुसार केही अपवाद छोडेर आमरूपमा सामुदायिक विद्यालयका विद्यार्थीको औषत सिकाई उपलब्धि प्रतिशत संस्थागत विद्यालयको तुलनामा निकै कम हुनुले असमान शैक्षिक उपलब्धि देखाएको छ । अन्तर्राष्ट्रिय स्तरसँग तुलना गर्दा पनि नेपाली विद्यार्थीको उपलब्धि सन्तोषजनक देखिदैन ।

गौतम (२०७८) का अनुसार दोस्रो विश्वयुद्धका कारण ध्वस्त भएको जापानले शिक्षालाई प्राथमिकता दिई कुल बजेटको ६० प्रतिशतसम्म शिक्षामा लगाउँदा अहिलेको अवस्थामा आएको हो । दक्षिण कोरिया पनि शिक्षामा लगानी लगाएकै कारण विकसित बन्न पुग्यो । बेलायती प्रधानमन्त्री टोनी ब्लेयरले सन् १९५७ मा सरकारलाई शिक्षामा लगानी गर्न

प्राथमिकता दिए । भारतमा दिल्लीका केजरीवाल सरकारले शिक्षालाई पहिलो प्राथमिकता दिई शिक्षामा लगानी वृद्धि गरी दिल्लीलाई विश्वको उत्कृष्ट शहर बनाउँदैछन् । नेपालमा शिक्षालाई पहिलो प्राथमिकता दिई शिक्षामा भएको व्यापारीकरणको अन्त्य गरी शिक्षामा लगानी व्यापक वृद्धि भएमा नेपालको शिक्षा वैज्ञानिक र सीपमूलक बनाउन सकिने अवस्था छ । माध्यमिक तह वा कमजोर जी.पी. ए. ल्याउनुको कारण शिक्षा क्षेत्रमा शिक्षकलाई कम सुविधा दिएर लगानी कम गरेर भएको हो । यसका लागि शिक्षा क्षेत्र आकर्षक बनाई क्षमतावान जनशक्तिलाई विद्यालय प्रवेश गराउने वातावरण हुनुपर्छ ।

**अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature)**

जोशी (२०७५) ले ‘सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन’ शीर्षकमा कीर्तिपुर नगरपालिकामा रहेका विद्यालयहरू मध्ये १ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा लिई अध्ययन गरेका थिए । उक्त अध्ययनको उद्देश्य सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आम्दानी र खर्चको तुलनात्मक अध्ययन र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन रहेको थियो । अध्ययनमा रहेको सामुदायिक मा.वि. को विद्यार्थी उत्तीर्ण दर औसतमा २०७०/०७१ मा ६५.८५ प्रतिशत र २०७१/७२ मा ६३.०३ प्रतिशत देखियो भने संस्थागत मा.वि.को २०७०/०७१ मा औषत विद्यार्थी उत्तीर्ण दर ७७.३५ प्रतिशत र २०७१/७२ मा ८०.९५ प्रतिशत देखियो । यसरी सामुदायिक भन्दा संस्थागत मा.वि.मा शैक्षिक उपलब्धि सन्तोषजनक भएको देखिन्छ ।

अध्ययनमा रहेको मा.वि. मध्ये सामुदायिक मा.वि. को खर्चको विवरण हेर्दा २०७०/०७१- २०७१/०७२ सम्ममा औषत १,०३,३७,६२१ खर्च भएको देखिन्छ । जसअन्तर्गत तलव तथा भत्तामा ९०.७४%, परीक्षा खर्च २.१४% प्रशासनिक खर्च १.४४% र अन्य खर्च ५.६६% पाइयो । त्यसैगरी  संस्थागत मा.वि.मा २ वर्षमा औषतमा रु ९६,४७,५०० खर्च भएको देखिन्छ । जस अन्तर्गत तलब तथा भत्तामा ९४.८४ प्रतिशत र प्रशासनिक खर्च १.६१ प्रतिशत, परीक्षा खर्च ०.४९ प्रतिशत र अन्य खर्च ३.०६ प्रतिशत खर्च भएको देखिएको छ, यसरी २०७०/०७१ - २०७१/०७२ सम्ममा सामुदायिक मा.वि. मा संस्थागत मा.वि. मा भन्दा औषतमा रु. ६७,९०१२१ ले बढी खर्च भएको देखिन्छ ।

भुसाल (२०७१) ले "सामुदायिक तथा संस्थागत विद्यालयको माध्यमिक तहमा आर्थिक लगानी र शैक्षिक उपलब्धी एक अध्ययन" शीर्षकमा सन्धिखर्क नगरपालिका, अर्घाखाँचीमा गरेको अध्ययनमा सन्धिखर्क नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरू मध्ये दुईवटा सामुदायिक र दुईवटा संस्थागत माध्यमिक विद्यालयलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरेको थियो । उक्त अध्ययनको उद्देश्य सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आर्थिक लगानीको पहिचान र शैक्षिक उपलब्धिको विश्लेषण गर्नु, सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा गरिएको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा परेको प्रभावको विश्लेषण गर्नु रहेको थियो ।

यस अध्ययनले सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०७१/२०७२/२०७३ मा कुल आम्दानी २, १९,१६, ४७८ र खर्च २,०२, ८१,४९० रहेको पाइयो । भने संस्थागत विद्यालयमा आम्दानी २,७४,५९,४३८ रहेको पाइयो भने २,७४,५९,४३८ खर्च रहेको पाइयो । सामुदायिक विद्यालयमा उत्तीर्ण दर ९०.१५ प्रतिशत र संस्थागत विद्यालयमा उत्तीर्णदर ९७.८५ प्रतिशत रहेको पाइयो । यसरी आर्थिक लगानी बढ्दै जाँदा शैक्षिक उपलब्धि पनि बढ्दै गएको र शिक्षामा गरिएको लगानीले सकारात्मक प्रतिफल दिने गरेको पाइयो ।

मगर (२०७३) ले "सामुदायिक र संस्थागत विद्यालयले माध्यमिक तहमा गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धी" भन्ने शीर्षकमा गोरखा नगरपालिका गोरखा जिल्लामा रहेका विद्यालयहरूमध्ये १ वटा सामुदायिक र १ वटा संस्थागत मा.वि. लाई नमुना छनोट गरी अध्ययन गरेको थियो । यस अध्ययनको प्रमुख उद्देश्य सामुदायिक र संस्थागत विद्यालयको आर्थिक लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु रहेको थियो । उनका अनुसार २०६९/०७० र २०७०/०७१ को सामुदायिक र संस्थागत विद्यालयको आर्थिक लागत मध्ये संस्थागत विद्यालयको लागत बढी रहेको छ । सामुदायिक विद्यालयमा २०७०/०७१ मा प्रति विद्यार्थी लागत ४४४ रहेको पाइयो भने संस्थागत विद्यालयमा ४,२९१ रहेको पाइयो । शैक्षिक वर्ष २०६९/०७०र २०७०/०७१ सम्म सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयको विद्यार्थी उत्तीर्ण राम्रो पाइयो, साथै संस्थागत विद्यालयमा विद्यालय छाड्ने विद्यार्थी र कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या सामुदायिक भन्दा कम रहेको पाइयो ।

रिजाल (२०७४) ले 'विद्यालयको शैक्षिक गुणस्तर मा वित्तिय लगानी' भन्ने शीर्षकमा झापा जिल्ला मेचिनगर नगरपालिका अन्तर्गत सञ्चालित तिनवटा सामुदायिक विद्यालयहरू छनोट गरी अध्ययन गरेको छ। उक्त अध्ययन ले विद्यालयमा वित्तिय व्यवस्थापनको अवस्था अध्ययन गर्नु, विद्यालयको शैक्षिक गुणस्तरमा वित्तिय लगानीले पारेको प्रभावको लेखाजोखा गर्नु र शैक्षिक गुणस्तर सुधार गर्ने उपाय खोज्नु उद्देश्य राखेको छ।

उनका अनुसार सामुदायिक विद्यालयको प्रमुख आयश्रोत सरकारी अनुदान बाट बढीमा ९५.२७% र अन्य श्रोतबाट नगण्य रूपमा अर्थात् ४.७३% योगदान रहेको छ। खर्च विश्लेषण गर्दा शैक्षिक वर्ष २०७१/२०७२ र २०७३ मा शिक्षक कर्मचारी तलब भत्तामा ९४.५६% छ भने शैक्षिक गुणस्तर वृद्धि गर्ने खालको शीर्षक अन्तर्गत शैक्षिक सामग्री, पुस्तकालय, खेलकुद, छात्रवृत्तिमा कुल खर्चको ५.४४% मात्रा खर्च गरेको पाइन्छ। निशुल्क शिक्षा हुँदा पनि ट्युसन, कोचिङ्ग वाफत शुल्क खर्च गर्ने गरेको पाइन्छ। शैक्षिक सत्र २०७१, २०७२ र २०७३ सालको एस.एल.सी. परीक्षाको नतिजा विश्लेषण गर्दा ४०% भन्दा कम विद्यार्थी उत्तीर्ण छन्। यसरी विद्यालयमा प्राप्त आय श्रोत खर्चको अवस्था र शैक्षिक उपलब्धि बिच तुलना गर्दा खर्च अनुरूपको शैक्षिक उपलब्धि स्तर अत्यन्त न्यून देखिन्छ। विद्यालयको शैक्षिक गुणस्तर कमजोर हुनुमा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि आर्थिक लगानी सही रूपमा परिचालन हुन नसक्नु रहेको छ।

लम्साल (२०७३) ले लेखेको लेख "विद्यालय क्षेत्र सुधार कार्यक्रम के सुधार गऱ्यो के गरेन ?" यस लेखको मुख्य उद्देश्य विद्यालय क्षेत्र सुधार कार्यक्रमको समिक्षा गर्नु रहेको छ। विद्यालय क्षेत्र सुधार कार्यक्रमको सात वर्षको अवधिमा धेरै योजना र कार्यकलाप कार्यान्वयन गरिए। बालविकास केन्द्रहरू स्थापना एवम् सञ्चालन, विद्यालय भवन र थप छावृत्ति वितरण जस्ता महत्त्वपूर्ण कार्य गरिए तर महत्त्वपूर्ण कार्यहरू हुन सकेन। संरचना मा सुधार गर्ने कतिपय कार्यका लागि बजेट आवश्यक हुन्छ। ७० लाख भन्दा बढी विद्यार्थीले प्रत्येक वर्ष निःशुल्क पाठ्यपुस्तक पाइरहेका छन्। २८ हजार भन्दा बढी विद्यालयहरूले निरन्तर अनुदान पाइरहेका छन्। तर विद्यार्थी सिकाइ उपलब्धि निराशाजनक छ। सामुदायिक र संस्थागत विद्यालयको अवस्थाको बिचमा तुलना हुने अवस्था छैन।

शैक्षिक सत्र २०६७, २०६८, २०६९, २०७० र २०७१ मा सामुदायिक विद्यालयको एस.एल.सी नतिजा क्रमश : ३०.२३, ३६.८७, २८.४३, २९.७३ र ३३.७४ रहेको छ भने सोही

वर्षहरूमा संस्थागत विद्यालयहरूको नतिजा क्रमश : ९०.०५, ८५.७७, ८७.०३, ८८.४३ र ८९.८ प्रतिशत रहेको छ । शिक्षामा लगानी गर्नुको प्रमुख ध्येय बालबालिकामा सुधार ल्याउनु हो । तर सुधार आउन नसकेको कारण शैक्षिक कार्यक्रमको औचित्य सिद्ध गर्न कठिन देखियो ।

पुडासैनी (२०७९), ले लेखेको 'शिक्षा प्रति सरकारको दृष्टिकोण' भन्ने लेखमा सार्वजनिक शिक्षामा लगानी बढाई शैक्षिक गुणस्तर उकास्ने दलहरूको चुनावी प्रतिबद्धता अनुरूप शिक्षा क्षेत्रमा बजेट बढ्ने आशा गरिए पनि कुल बजेटको १०.९५ प्रतिशत मात्र रकम विनियोजन भएको छ । आधारभूत तहका सम्पूर्ण विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउनुपर्नेमा ६ कक्षासम्म मात्र दिवा खाजा उपलब्धि गराएको छ । शिक्षाको गुणस्तर सँग शिक्षकका योग्यता, दक्षता, जोडिने भएकाले शिक्षण तौर तरिकामा पनि लगानी गर्नुपर्छ । विद्यालय तहको शैक्षिक गुणस्तर सुधार्न सर्वप्रथम शिक्षक उत्पादन गर्ने शिक्षा संकाय सञ्चालित विश्वविद्यालयको गुणस्तर सुधार्नुपर्छ ।

भट्टराई (२०७६) ले लेखेको 'सामुदायिक तथा संस्थागत मा.वि.मा आर्थिक लगानी र शैक्षिक उपलब्धी एक अध्ययन शोधपत्र जलथल गा.वि.स. झापा जिल्लामा गरिएको अनुसन्धान हो । यसमा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आम्दानी र खर्चका क्षेत्र पहिचान गर्नु, सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागत अनुमान गर्नु, सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य थियो ।

शैक्षिक उपलब्धि लाई हेर्दा सामुदायिक विद्यालयमा कक्षा उत्तीर्ण दर कक्षा ९ मा ७९.०५ र कक्षा १० मा ८२.४५ प्रतिशत त्यसैगरी संस्थागत विद्यालय तर्फ कक्षा उत्तीर्ण दर ९३.३५ प्रतिशत र कक्षा १० मा ९७.१ प्रतिशत रहेको छ, सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०७१/०७२ मा कुल आम्दानी ६७,०७,८५० प्राप्त भएको छ भने संस्थागत विद्यालयमा ८३,४०,५०० आम्दानी प्राप्त भएको छ, माध्यमिक विद्यालयको प्रति विद्यार्थी लागतको अवस्था हेर्दा कक्षा ९ र १० मा प्रति विद्यार्थी लागत औषतमा ३,५४० र अप्रत्यक्ष लागत १२,८७० रहेको पाइयो । औषतमा ३६,३०० अप्रत्यक्ष लागत रु ३१,७०० रहेको देखिन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि उच्च रहेको छ भने आर्थिक लगानी संस्थागत विद्यालयमा बढी छ । सामुदायिक विद्यालयको खर्च

सरकारले बेहोर्ने हुँदा व्यक्तिगत आर्थिक भार पनि कम छ। यसरी माध्यमिक विद्यालयले शैक्षिक उपलब्धि उच्च तुल्याउन लगानी वृद्धि गर्नुका साथै शैक्षिक प्रशासन कार्य लाई चुस्त, दुरुस्त राख्ने र शिक्षक तालिममा जोड दिनुपर्ने देखिन्छ।

अर्थमन्त्रालय (२०७४/७५) ले सार्वजनिक गरेको आर्थिक वर्षको प्रथम आठ महिनाको आर्थिक सर्वेक्षण प्रतिवेदन अनुसार ०७४-०७५ अनुसार आधारभूत तह पनि पास नगरी पढाइ छाड्नेको सङ्ख्या उच्च रहेको उल्लेख गरेको थियो। झण्डै ९५ प्रतिशत बालबालिका विद्यालय भर्ना भएपनि विचैमा कक्षा छाड्ने अनुत्तीर्ण भएर तथा अन्य विविध कारणले विद्यालय शिक्षा कक्षा १२ सम्मको पढाइ पूरा नगर्दै बिचमा कक्षा छोड्ने को सङ्ख्या ठूलो देखिएको उल्लेख छ। सर्वेक्षणले कक्षा ८ सम्म को टिकाउ दर ७७.४ प्रतिशत, ७ प्रतिशत ले कक्षा दोहोऱ्याउने ४ प्रतिशतले बिचैमा पढाइ छोड्ने देखिन्छ।

शैक्षिक सत्र २०७४ मा कक्षा १ देखि ५ मा खुद भर्नादर ९७ % भन्दा बढी देखिएको छ। आधारभूत तह (६-८) मा ८७% छ भने माध्यमिक तहको खुद भर्ना दर ४४ प्रतिशत रहेको छ। प्रतिवेदन अनुसार आधारभूत तहमा भर्ना भएका मध्ये १० कक्षा सम्म टिकाउ दर ५७ प्रतिशत र कक्षा १२ सम्म १७ प्रतिशत रहेको उल्लेख गरेको थियो।

अधिकारी (२०७९) ले लेखेको 'सामुदायिक माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि' सोधपत्र फाक्फोक्थुम गाउँपालिका इलाम मा अध्ययन गरिएको थियो। यस अध्ययनको मुख्य उद्देश्य माध्यामिक तहको आर्थिक लगानी र शैक्षिक उपलब्धिको विश्लेषण गर्नु रहेको थियो। छनोट गरिएका माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७६ मा एस.इ.इ मा सामेल भएका विद्यार्थीहरू शत प्रतिशत उत्तीर्ण भएको देखिन्छ। छनोटमा परेका विद्यालयको शैक्षिक औषत आम्दानी १ करोड ११ लाख ५० हजार ६ सय रहेको थियो। त्यसमध्ये ९५.७५% सरकारी अनुदान वाफत प्राप्त हुने र ९२.९६% शिक्षक कर्मचारी तलव भत्तामा खर्च हुने गरेको छ। आर्थिक लगानी र शैक्षिक उपलब्धि बिच तुलना गर्दा शैक्षिक वर्ष २०७७ देखि २०७८ सम्म लगानी वृद्धि दर र शैक्षिक उपलब्धिको वृद्धि दरलाई हेर्दा लगानी अनुरूप उपलब्धि दर वृद्धि भएको पाइएको छ।

लुइटेल (२०२३) ले 'विद्यालय शिक्षामा आर्थिक व्यवस्थापन' शीर्षकमा अध्ययन गर्नु भएको थियो। यो अध्ययनको उद्देश्य विद्यालय शिक्षाको आर्थिक व्यवस्थापनका वर्तमान अवस्थाको खोजी गर्नु, आर्थिक व्यवस्थापनका मुख्य पक्ष विश्लेषण र व्यवस्थापनमा देखिएका

समस्या समाधानका उपाय सुझाउनु रहेको थियो । यो अध्ययन सामुदायिक विद्यालयमा केन्द्रित रहेको छ । धनकुटा जिल्लामा रहेको एक माध्यमिक विद्यालयको आर्थिक व्यस्थापन, आम्दानी विवरण, खर्च र उपलब्धिको विश्लेषण गरिएको छ ।

विद्यालय सामाजिक संस्था भएकाले यसको लागि चाहिने सबै खर्च राज्यले उपलब्ध गराउनुपर्छ । विद्यालयमा खर्च गर्नुपर्ने क्षेत्र धेरै हुँदा सामान्य आर्थिक अवस्थाले विद्यालय सञ्चालन गर्न कठिन हुन्छ । राज्यले विद्यालय तह सम्मको शिक्षा निःशूल्क गर्ने भने तापनि अभिभावकहरू सित सहयोग स्वरूप आर्थिक रूपमा रकम माग्ने गरेको पाइन्छ । स्तरीय शिक्षा उपलब्ध गराउने एक मुख्य आधारमा आर्थिक पक्ष भएकाले आर्थिक अवस्थाको कमजोरीले शैक्षिक अवस्था तहस नहस भएको भेटिन्छ । शिक्षण सिकाइका लागि आवश्यक पर्ने नविनतम सामग्रीको अभावले शिक्षण सिकाइ प्रभावकारी बन्न नसकेको अवस्था छ ।

रसाइली (२०२२) ले 'प्राथमिक विद्यालयमा सरकारी लगानी र शैक्षिक दक्षता' शीर्षक मा गरेको अध्ययन कन्काई जर्नलमा प्रकाशित छ । यस अध्ययनको मुख्य उद्देश्य प्राथमिक विद्यालय शिक्षाको दक्षतामा सरकारी लगानीको प्रभावलाई विश्लेषण गर्नु रहेको थियो । नेपालको प्राथमिक विद्यालय शिक्षामा शिक्षा बजेटको आधा भन्दा बढी सरकारी रकम लगानी गरिदै आएको अवस्थामा कनकाई नगरपालिकामा सञ्चालन हुँदै आएका प्राथमिक विद्यालयहरूको आन्तरिक शैक्षिक दक्षता के कस्तो छ भन्ने कुरा हरूमा केन्द्रित यस अध्ययनको निष्कर्ष अनुसार दक्षता वृद्धिमा लगानीको उपयोग न्यून हुने गरेको देखिएको छ । अध्ययन गरिएको विद्यालय सेवा क्षेत्रका प्राथमिक विद्यालय उमेर समुहका बालबालिकाहरूको न्युन भर्ना रहेको र त्यसलाई वृद्धि गर्न नसकेको, शैक्षिक क्षति को दर पनि ६० प्रतिशत सम्म रहेको अनुदान रकम मध्ये ५.५ देखि ३४.९ प्रतिशतसम्म भौतिक संरचना तथा सामग्रीहरूमा खर्च गरेको पाइयो । भौतिक सुविधा पर्याप्त हुँदा पनि उपयोग गर्ने विद्यार्थी सङ्ख्या न्यून रहेको पाइयो । विद्यालयमा कक्षा छाड्ने दर ६० प्रतिशत सम्म पाइयो । शैक्षिक क्षतिको दर बढी भएका कारण प्राथमिक तह पुरा गर्ने दरमा कमि रहेको छ । विद्यालय तहमा अनुदान रकमको न्यून रकम उपयोग भएको पाइएको हुँदा त्यसको उपयोगितामा वृद्धि गर्नु पर्ने देखिन्छ ।

### साहित्य पुनरावलोकनको प्रयोजन (Implication of the Review for the Research)

शिक्षामा गरिएको लगानी ले दीर्घकालीन प्रतिफल प्रदान गर्ने भएकोले अधिकांश विकसित मुलुकहरूले शिक्षामा नयाँ नयाँ ज्ञान समावेश गर्न विभिन्न खोज, अन्वेषणमा खर्च गर्दछन् । शिक्षाले देशको कुल राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउने गर्दछ । विभिन्न आयोग, संघसंस्था र व्यक्तिहरूले गरेका अध्ययन अनुसन्धान, शोध, लिखत, पुस्तकहरूले पनि शैक्षिक लगानीमा गरेको वृद्धिले शैक्षिक उपलब्धिमा पनि वृद्धि हुने कुरालाई जोड दिएका छन् ।

विकासको पूर्वाधार को पनि पूर्वाधारको रूपमा मानिने शिक्षामा राष्ट्रिय बजेटको कम्तिमा पनि २०% लगानी गर्नु पर्ने विभिन्न अध्ययनले जनाएको छ । वर्तमान समयमा आर्थिक विकास विज्ञान र प्रविधिमा केन्द्रित भएकोले दक्ष जनशक्ति उत्पादन गर्नका लागि शिक्षामा लगानी वृद्धि गर्नुपर्ने कुरा छलफल र बहसको विषय बन्न पुगेको छ । विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्नु विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार गर्न र सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक उपलब्धिलाई शिक्षाका राष्ट्रिय उद्देश्य अनुरूप कायम गर्न का लागि शैक्षिक लगानी विस्तार गर्नुपर्ने देखिन्छ । यसको लागि सरोकारवाला निकाय तथा व्यक्तिहरू जिम्मेवार हुनु आवश्यक छ । राष्ट्रको विकास गर्नको लागि शिक्षाको गुणस्तर र लगानीको सम्बन्ध बारे थाहा पाउनु आवश्यक रहेको छ । यिनै पक्षहरूलाई ध्यानमा राखी लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गरी शैक्षिक लगानी वृद्धि गर्न र शैक्षिक उपलब्धिलाई अझ सुधार गर्नका लागि यो अनुसन्धान गरिएको छ ।


### अनुसन्धान अन्तर (Research Gap)

नेपालमा विद्यालय शिक्षालाई शिक्षा ऐनको आठौँ संशोधनले आधारभूत तह (१-८) र माध्यमिक तह (९-१२) गरी दुई तहमा विभाजन गरेको छ । जसमध्ये नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्विकृति प्राप्त विद्यालयलाई सामुदायिक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्विकृति प्राप्त गरेका विद्यालयलाई संस्थागत विद्यालय भनी २ भागमा वर्गिकरण गरेको छ । यस अध्ययनलाई पूर्णता दिनका लागि अनुसन्धान अन्तर लाई समावेश गरिएको छ । पूर्व साहित्यहरूको पुनरावलोकन गर्दा केवल माध्यमिक र उच्चमाध्यमिक तहको लगानी र शैक्षिक उपलब्धि लाई केन्द्रित गरी अध्ययन गरेको पाइयो ।

यस अध्ययनमा मुख्यतया विद्यालय तह (आधारभूत र माध्यमिक) को लगानी र शैक्षिक उपलब्धिको वर्तमान अवस्था र संस्थागत विद्यालय र सामुदायिक विद्यालय बिच शैक्षिक उपलब्धि तथा लगानीको तुलना गर्नुमा केन्द्रित भई अध्ययन गरिएको छ।

**अध्ययनको कार्यात्मक ढाँचा (Functional Framework)**

यस अध्ययनसँग सम्बन्धित विषयवस्तुलाई निम्नानुसारको कार्यात्मक ढाँचामा प्रस्तुत गरिएको छ।



## अध्याय तीन (CHAPTER THREE)

# अनुसन्धान विधि र प्रक्रिया (RESEARCH METHOD AND PROCEDURE)

### अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन विश्लेषणात्मक रूपमा मिश्रित (परिमाणात्मक र गुणात्मक) ढाँचामा आधारित रहेको छ । अनुसन्धानका उद्देश्यलाई पूर्णता प्रदान गर्न सूचना दाताहरूसित अन्तर्वार्ता, प्रश्नावली, छलफल र अवलोकनका माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरी तथ्याङ्क सङ्कलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको सान्दर्भिकताका आधारमा द्वितीय श्रोतको पनि प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूको विश्लेषण तालिका, वृत्तचित्र, स्तम्भचित्र र शाब्दिक रूपबाट प्रस्तुत गरिएको छ :

### तथ्याङ्क सङ्कलनका श्रोत (Source of Data Collection)

यस अध्ययनमा तथ्याङ्कहरू मुख्य रूपमा प्राथमिक श्रोत बाट लिइएको छ । भने अध्ययनका लागि सान्दर्भिक थप तथ्याङ्क सङ्कलन गर्न द्वितीय श्रोतको पनि प्रयोग गरिएको छ ।

**प्राथमिक स्रोत (Primary Source) :** यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समिति, स्थानीय निकायका प्रतिनीधिहरू विद्यालय प्रशासन यस अध्ययनका प्राथमिक श्रोतका रूपमा रहेका छन् ।

**द्वितीय स्रोत (Secondary Source) :** यस अध्ययन कार्य लाई अझ प्रभावकारी बनाउन द्वितीय श्रोतको रूपमा शिक्षा मन्त्रालय, अर्थमन्त्रालय अन्तर्गत आर्थिक सर्वेक्षण, राष्ट्रिय परीक्षा बोर्ड, योजना आयोग, पत्रपत्रिका, शैल्यशिखर नगरपालिका तथ्याङ्क साथै विभिन्न प्रकाशित र अप्रकाशित दस्तावेजहरू रहेका छन् ।

### जनसङ्ख्या नमुना आकार र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

**जनसङ्ख्या (Population) :** यस अध्ययनमा उद्देश्यमुलक नमुना छनोटमा परेका दार्चुला जिल्ला शैल्यशिखर नगरपालिकामा सञ्चालित ७ वटा सामुदायिक र २ वटा संस्थागत माध्यमिक विद्यालयमध्ये दुई वटा सामुदायिक र दुइवटा संस्थागत विद्यालय क्रमश

: लटीनाथ मा.वि., गोकुलेश्वर मा.वि. चौलानी सेकेण्डी बोर्डिङ र माउण्ट अपि नाम्पा बोर्डिङमा अध्ययनरत सम्पूर्ण विद्यार्थी, प्र.अ. शिक्षक, अभिभावक विद्यालयका प्रशासनिक कर्मचारीहरू जनसङ्ख्याको रूपमा रहनेछन् ।

**नमुना आकार (Sample size) :** यस अध्ययनको लागि आवश्यक पर्ने सुचना सङ्कलनका लागि सामुदायिक विद्यालयहरूको ३० प्रतिशत र संस्थागत तर्फ शत प्रतिशत विद्यालयलाई नमुना छनोट गरी राखिएको छ । अध्ययनमा समावेश गरिएका ४ वटा विद्यालयबाट ३० प्रतिशतका दरले प्रतिनिधित्व हुने गरी विद्यार्थीहरूलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिद्वारा छनोट गरी ४ वटा विद्यालयका प्र.अ., शिक्षक र अभिभावकहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिद्वारा छनोट गरिएको छ ।

**नमुना छनोट रणनीति (Sample Strategy) :** यस अध्ययनका लागि दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकामा रहेका कुल ९ वटा माध्यमिक विद्यालयमध्ये उद्देश्यमूलक नमूना छनोटको आधारमा ४ वटा माध्यमिक विद्यालयहरूलाई समावेश गरिएको छ ।

यस अध्ययनमा समावेश गरिएका २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालय रहेका छन् । सामुदायिक विद्यालयहरू कुल विद्यालयको ३० प्रतिशत हुने गरी छनोट गरिएको छ भने संस्थागत विद्यालयहरू शत प्रतिशत छनोट गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयको लगानी र उपलब्धिको बारेमा तुलनात्मक अध्ययन गर्न नमुना छनोट गरिएको छ ।

**अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area)**

सुदुर पश्चिमाञ्चलन प्रदेश का ९ वटा जिल्ला मध्ये भारत र चिन दुबै देशको सिमानालाई छुने एक हिमाली जिल्ला दार्चुला हो । यस जिल्ला अन्तर्गत रहेका ९ वटा स्थानीय तह मध्ये ३ वटा नगरपालिका रहेका छन् । जसमध्ये शैल्यशिखर नगरपालिका दार्चुला जिल्लाको दोस्रो ठूलो शहर चौलानी नदिको किनारमा अवस्थित सुन्दर नगरपालिका हो । यो नगरपालिका दार्चुला जिल्लाको प्रवेशद्वारका रूपमा रहेको छ ।

**तथ्याङ्क सङ्कलनका साधनहरू (Tools of Data Collection)**

यस अध्ययनका लागि निम्नानुसारका साधनहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**प्रश्नावली (Questionnaire) :** यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि पूर्व निर्धारीत प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलनका लागि सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अध्यक्ष, शिक्षक, अभिभावक, संस्थागत विद्यालयका संस्थापकलाई प्रश्नावलीका माध्यमबाट छुट्टाछुट्टा प्रश्नहरू सोधिएको छ । जसमा ८ वटा प्रश्नहरू भएको सामुदायिक विद्यालयका प्रधानाध्यापकका लागि प्रश्नावली, ६ वटा प्रश्नहरू भएको संस्थागत विद्यालयका प्रधानाध्यापक प्रश्नावली, ४ वटा प्रश्नहरू भएको सामुदायिक शिक्षकका लागि प्रश्नावली, ४ वटा प्रश्नहरू भएको संस्थागत विद्यालयका शिक्षकका लागि प्रश्नावली ६ वटा प्रश्न भएको संस्थागत विद्यालयका संस्थापकका लागि प्रश्नावली १० वटा प्रश्नहरू भएको अभिभावक प्रश्नावली, ५ वटा प्रश्नहरू भएको विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली, ७ वटा प्रश्नहरू भएको विद्यार्थी प्रश्नावली तयार गरी अध्ययन गरिएको छ । जसलाई क्रमश : अनुरुचि, १, २, ३, ४, ५, ६, ७, ८ मा राखिएको छ । अनुसूचि ९ मा गहन छलफल, अनुसूचि १० मा विद्यालय अवलोकन फाराम र अनुसूची ११ मा अध्ययन क्षेत्रका तस्विरहरू राखिएको छ ।

**अवलोकन सूची (Observation List) :** यस अध्ययनलाई पूरा गर्न अध्ययनकर्ता स्वयं अध्ययन स्थलमा गएर छनोटमा रहेका विद्यालयको भौतिक अवस्था, सरसफाई, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान आदि कुराको बारेमा १४ वटा प्रश्नहरू भएको अवलोकन सूची बनाई अवलोकन गरिएको छ । जसलाई अनुसूची १० मा राखिएको छ ।

**तथ्याङ्क सङ्कलनका तरिका (Method of Data Collection)**

**अन्तर्वार्ता (Interview) :** यस अध्ययनमा प्राथमिक तथ्याङ्क सङ्कलनका लागि प्रत्यक्ष अन्तरर्वार्ता प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । छनोटमा परेका विद्यालयका सरोकारवालाहरू, प्र.अ., वि.व्या.स. अध्यक्ष, विद्यार्थीहरू, अभिभावकहरूलाई अलग अलग राखी प्रत्यक्ष प्रश्नोत्तर माध्यमबाट तथ्याङ्क सङ्कलन गर्न प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ ।

**लक्षित समुह छलफल (Focus Group Discussion) :** यस अध्ययनको उद्देश्यसँग सम्बन्धित आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि सम्बन्धित विद्यालयका प्र.अ., व्यवस्थापन समिति अध्यक्ष, नगर शिक्षा प्रमुख र नगर प्रमुखसँग १ घण्टाको समय राखी अध्ययनकर्ता आफैले छलफल सञ्चालन गरिएको छ। जसलाई अनुसूचि ९ मा राखिएको छ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure)**

यस अध्ययनका क्रममा विभिन्न विधि तथा प्रविधिको प्रयोग गरी प्राप्त गरिएका परिमाणात्मक तथ्याङ्कलाई शीर्षक अनुसार तालिका, वृत्त चित्र र स्तम्भ चित्र द्वारा व्याख्या र विश्लेषण गरिएको छ। भने गुणात्मक तथ्याङ्कहरूलाई शीर्षक राखी वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ।

**नैतिक प्रश्नको सुनिश्चितता (Ethical consideration)**

यस अध्ययनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्नका लागि अन्तर्वार्ता लिँदा प्रत्येक व्यक्तिसँग अनुमति लिई उनीहरूबाट प्राप्त सूचना लाई गोपनीय राखिनुका साथै प्राप्त तथ्याङ्कलाई घटबढ नगरी जस्ताको त्यस्तै राखिएको छ। अन्तर्वार्ताका लागि छनोट गरेका विद्यार्थीहरूका अभिभावक सँग अनुमति लिइ उनीहरूलाई सहज हुने गरेर भेदभावरहित वातावरणमा अन्तर्वार्ता सञ्चालन गरी उनीहरूले दिएको जवाफमा कुनै प्रतिक्रिया नजनाई तथ्याङ्क लाई जस्ताको त्यस्तै राखिएको छ तथा उद्देश्य सँग सम्बन्धित सूचना तथा तथ्याङ्कलाई अन्य प्रयोजनका लागि प्रयोग नगरी यस अध्ययनका निमित्त मात्र प्रयोग गरिएको छ।

## अध्याय चार (CHAPTER– FOUR)

## तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण (ANALYSIS AND INTERPERATION OF DATA)

यस अध्यायमा, अध्ययनका क्रममा सङ्कलन गरिएका विभिन्न तथ्याङ्कहरूलाई विभिन्न शीर्षकमा विभाजन गरी सरल र स्पष्ट भाषामा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट प्राप्त कोरा तथ्याङ्क तथा सुचनाबाट स्पष्ट नहुने हुँदा तथ्याङ्कको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । अध्ययनको उद्देश्य पुरा गर्नका लागि अध्ययन क्षेत्रका रूपमा रहेको जिल्ला दार्चुला र शैल्यशिखर नगरापलिकाको परिचय लाई विभिन्न शीर्षकमा बुँदागत रूपमा क्रमबद्ध गरिएको छ ।

### दार्चुला जिल्लाको परिचय (Introducaion of Darchula District)

नेपालको सुदुर पश्चिमाञ्चल प्रदेश अन्तर्गतका ९ जिल्ला मध्ये छुट्टै महत्त्व बोकेको दार्चुला जिल्ला एक हो । एसियाका दुई शक्तिशाली राष्ट्र भारत र चिनको सिमानासँग जोडिएको हिमाली जिल्ला दार्चुला हो । यो जिल्ला नेपालको सबैभन्दा पश्चिम-उत्तर तिर अवस्थित छ । यस जिल्लामा जम्मा ९ वटा स्थानीय तहहरूमध्ये ३ वटा नगरपालिका र ६ वटा गाउँपालिका रहेका छन् । (जि.प्र.का दार्चुला २०७८)

**भौगोलिक अवस्था (Geographical Situation) :** यस जिल्लाको पूर्वमा बझाङ जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड, प्रदेशको पिथौरागढ, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेका छन् । विश्व मानचित्रमा २९ डिग्री ३६ मिनेट उत्तरदेखि ३० डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २२ मिनेट पूर्वी देखि ८१ डिग्री ०९ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल २,३२२ वर्ग कि.मि छ, समुद्री सतहबाट ५१८ मी. देखि ७१३२ मी. सम्म उचाई रहेको छ । यस जिल्लाको अग्लो शिखर अपि हिमाल, लिपुलेक आदि जिल्लाको आकर्षणको केन्द्र रहेका छन । यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दुहरूको महत्त्वपूर्ण तीर्थस्थल तथा पर्यटकीय महत्त्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्गको रूपमा समेत दार्चुला जिल्ला रहेको छ । यस जिल्लाको सदरमुकाम खलंगा महाकाली नदिको किनारमा भारतको धारचुलासित जोडिएर रहेका छ (जि.प्र.का. दार्चुला २०७८) ।

**जनसांख्यिकीय विवरण (Demographic Description) :** वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या २,९१,६४,५७८ रहेको छ। जसमध्ये दार्चुला जिल्लाको जनसङ्ख्या १३,३,३१० रहेको छ। जुन नेपालको कुल जनसङ्ख्या को ०.४५७१ प्रतिशत हो। दार्चुला जिल्लाको कुल जनसङ्ख्या मध्ये पुरुषको जनसङ्ख्या ६४,४२४ र महिलाको जनसङ्ख्या ६८,८८६ रहेको छ। लैङ्गिक अनुपात ९३.५२ प्रति महिला र जनघनत्व ५७.४१ वर्ग कि.मि. रहेको छ। दार्चुला जिल्लाको साक्षरता ७७.८ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता ८७.३ र महिला साक्षरता ६९.० प्रतिशत रहेको छ (तथ्याङ्क कार्यालय दार्चुला २०७९)।

**प्रशासनिक विवरण (Administrative Description) :** दार्चुला जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजनलाई हेर्दा प्रतिनिधिसभा सदस्यको लागि निर्धारित क्षेत्र सङ्ख्या १ रहेको छ भने प्रदेश सभा सदस्यको लागि निर्धारित क्षेत्र सङ्ख्या २ रहेको छ। संघीय संरचना अनुसार दार्चुला जिल्लाको स्थानीय तहको विभाजन साविकका नगर र गा.वि.स. का वडाहरूलाई समेटेर ३ नगरपालिका र ६ वटा गाउँपालिकामा विभाजन गरेको छ (जि.प्र.का. दार्चुला २०७८)।

**हावापानी र वनस्पतिहरू (Climate and Vegetation) :** यस जिल्लाको भौगोलिक बनोटमा देखिएको विविधता झै हावापानी तथा वातावरणमा पनि विषमता छ। दार्चुला जिल्लाको हावापानीलाई विविध तरिकामा विभाजन गर्न सकिन्छ।

- जिल्लाको पश्चिम दक्षिणमा नदीका समथर बेशीहरूमा उष्ण हावापानी पाइन्छ। ग्रीष्ममा अत्याधिक गर्मी र हिउँदमा आंसिक रूपमा चिसो हुनु यस हावापानीको विशेषता हो। खास गरी गोकुलेश्वर, दत्तु, लाली, उकु आदि ठाउँहरू जुन समुद्र सतहदेखि ५१८ मी. को उचाइमा रहेका छन्।
- समसितोष्ण हावापानी जिल्लाको मध्य भागमा रहेको साविकका गा.वि.स.हरूमा हिउँदमा साह्रै चिसो अनुभूती नहुनु यो हावापानीको मुख्य विशेषता हो। साविकका रिठाचौपाता शंकरपुर र छापरी आदिमा यस किसिमको हावापानी पाइन्छ।

- यस जिल्लामा सितोष्ण, सम सितोष्ण, अतिशीत हावापानी यस जिल्लामा ५ किसिमका वनहरू पाइन्छन् । जस अनुसार कोणधारी वन, हार्डउड वन, मिश्रित वन, झाडी, बुट्यान अन्य रहेका छन् ।
- यस जिल्ला भित्र पाइने वनस्पतिहरू देवदार, बाज, सल्लो, साल, टुणी, उतीस, सिमल, चिउरी, लालीगुराँस, बाँस जस्ता वनस्पति साथै यार्सागुम्बा, पाँच औले, भुतकेश, भोजपत्र, दालाचिनी, टिमुर जस्ता जडिबुटी पाइन्छन् (जिल्ला प्रशासन दार्चुला २०७८) ।

**शैल्यशिखर नगरपालिकाको परिचय (Introduction to Shailyashikhar Municipality)**

शैल्यशिखर नगरपालिका सुदुरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लामा पर्दछ । नेपाल राज्यको पुनर्संरचनासँगै सुदुर पश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको साविकका गोकुलेश्वर, बोहोरीगाउँ, ग्वानी, देथला, शिखर, रानीशिखर गरी ६ वटा गा.वि.स साविकको संरचनालाई गाभि मिति २०७३ फागुन २७ मा शैल्यशिखर नगरपालिका स्थापना भएको हो । यो नगरपालिका पूर्वमा नौगाड गाउँपालिका पश्चिममा लेकम गाउँपालिका, उत्तरमा महाकाली नगर पालिका र दक्षिणमा चमेलिया नदि सीमाना भित्र अवस्थित रहेको छ (शैल्यशिखर नगर पालिका २०८०) ।

**ऐतिहासिक विवरण (Historical Description) :** पौराणिक घटना र हालको अवस्थितीले पौराणिक कालमा यस क्षेत्रमा मानव बसोबास क्षेत्र रहेको र ऋषिमुनिहरूको तपोभूमि र देवताहरूको निवास स्थलको रूपमा देवभूमि रहेको थियो भन्ने कुरा देखिन्छ । भगवान शिव मालिकार्जुन अवतारको रूपमा यस क्षेत्रमा विराजमान रहेका कुरा स्कन्द पुराण मानस खण्डले पनि पुष्टी गरेको छ । यसै पर्वतमा पार्वतीरूप मालिका देविको समेत वास गरेकोले अर्जुन र मालिकाको समेत वास भएकोले अर्जुन र मालिकाको योगले यस क्षेत्रलाई शैल्यशिखर मालिकार्जुन नाम रहन गएको किम्वदन्ति रहेको पाइन्छ । धार्मिक एवम् सांस्कृतिक शाक्तिपिठहरू मौलिक सांस्कृतिक, प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकोले शैल्यशिखर नगरपालिकामा पर्यटनको प्रचुर सम्भवना बोकेको छ । प्रकृतिको अनुपम नमुनाको रूपमा जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाति

भाषाभाषी धर्मावलम्वीहरूको साझा बसोबास रहेको र दार्चुला जिल्लाको सदरमुकाम पछिको दोस्रो ठूलो शहरको रूपमा चिनिने गरिन्छ (शैल्याशिखर नगरपालिका, २०८०)।

**भौगोलिक स्थिति (Geographical Location) :** शैल्यशिखर नगरपालिका समुद्रि सतहबाट ६०० देखि ७०० मिटर सम्मको उचाईमा अवस्थित रहेको छ। संघीय राजधानी काठमाडौँ बाट करिब ७५० कि.मि. प्रदेश राजधानी कैलाली बाट २८५ कि.मि. र जिल्ला सदरमुकामबाट ७२ कि.मि. दुरीमा रहेको छ। ९ वटा वडा रहेको यस नगरपालिकाको क्षेत्रफल ११७.८१ कि.मि. रहेको छ। यस नगरपालिकाको केन्द्र वडा नं. ९ गोकुलेश्वर मा रहेको छ। यहाँको अधिकतम तापक्रम ३५ डि.से. सम्म पुग्ने र न्यूनतम तापक्रम १७ डि.से. सम्म पुग्ने गरेको छ। यसैगरी औषत वार्षिक वर्षा२१२९ मिलिमिटर सम्म रेकर्ड गारिएको छ।

भौगोलिक हिसावले यो नगरपालिका विश्वमानचित्रमा २९ डिग्री ४० मिनेट र उत्तरी अक्षांश र ८० डिग्री ३३ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ। (जि.प्र.का दार्चुला २०७८)।

**जनसांख्यिकीय अवस्था (Demographic Situation) :** वि.सं. २०७८ सालको बाह्रौं जनगणना अनुसार शैल्यशिखर नगरपालिकाको कुल जनसङ्ख्या २१,८०७ रहेको छ। यस नगरपालिकाको कुल जनसङ्ख्या मध्ये १०,५५५ अर्थात ४८.४ प्रतिशत पुरुष र ११,२५२ अर्थात ५१.६ प्रतिशत महिला रहेका छन्। यस नगरपालिका मा ४५०१ घर परिवारको बसोबास रहेको छ। यस नगरपालिकाको कुल साक्षरता दर ७४.९ प्रतिशत रहेकोमा ८४.४ प्रतिशत पुरुष साक्षरता र ६६.१ महिला साक्षरता रहेको छ (शैल्यशिखर नगरपालिका कार्यालय २०८० )।

**सामाजिक विशेषताहरू (Social Features) :** शैल्यशिखर नगरपालिकामा प्रमुख बासिन्दाहरू क्षेत्री र ब्राहमण रहेका छन्। यस नगरपालिकामा बसोबास गर्ने अन्य जातजातिहरूमा ठकुरी, कामी, लोहार, दमाइ, दलित र अन्य जातिहरूको नगण्य सङ्ख्यामा बसोबास रहेको छ। यस नगर पालिकाको जातिय स्वरूपलाई तालिका ४.१ र वृत्त चित्र ४.१ मा प्रस्तुत गरिएको छ।


तालिका ४.१

*शैल्यशिखरका प्रमुख जातजातिहरू*

| क.सं. | जातजाति | जनसङ्ख्या |
|---|---|---|
| १. | क्षेत्री | ५४.८९ |
| २. | ब्रह्मण | २९.९५ |
| ३. | कामी | ४.२२ |
| ४. | लोहार | ३.२२ |
| ५. | ठकुरी | २.१२ |
| ६. | दलित | १.८८ |
| ७. | दमाइ | १.७५ |
| ८. | अन्य | १.९८ |
| | जम्मा | १०० |

स्रोत : तथ्याङ्क विभाग दार्चुला (२०७९)।

तालिका ४.१ मा शैल्यशिखरका प्रमुख जातजातिहरूको विवरणलाई प्रस्तुत गरिएको छ, जसमध्ये सबैभन्दा बढी ५४.८९ प्रतिशत क्षेत्री, २९.९५ प्रतिशत ब्राह्मण, ४.२२ कामी, ३.२२ लोहार, २.१२ ठकुरी, १.८८ दलित, १.७५ दमाइ र १.९८ प्रतिशत अन्य जाति रहेका छन्।




*चित्र ४.१*

शैल्यशिखर नगरपालिकाका प्रमुख जातजातिहरू

माथिको चित्र ४.१ मा शैल्यशिखर नगरपालिकाको जातिगत विवरणलाई देखाएको छ । जसअनुसार सबैभन्दा बढी क्षेत्री ५४.८९ प्रतिशत रहेको छ । त्यसैगरी २९.९५ प्रतिशत ब्रह्मण, ४.२२ कामी, ३.२२ लोहार, २.१२ ठकुरी, १.८८ दलित, १.७५ दमाइ र १.९८ प्रतिशत अन्य जाति रहेका छन् ।

**धार्मिक तथा सांस्कृतिक अवस्था (Religious and Cultural Situation) :** शैल्यशिखर नगरपालिका धार्मिक र सांस्कृतिक रूपले धनी क्षेत्र हो । धार्मिक हिसावले हिन्दुहरूको बाहुल्यता भएकोले ९८% हिन्दु र १.२०% क्रिश्चियन ०.५०% मुस्लिम र ०.३०% बौद्ध धर्मावलम्बीहरू बसोबास गर्दछन् । यहाँका बासिन्दाहरूका प्रमुख चाडपर्वहरू गौरापर्व, दशै, तिहार, माघी, रक्षाबन्धन, शिवरात्री आदि हुन । धार्मिकस्थल बन्तोली मन्दिर बोहोरीगाउँ, महलको भग्नावशेष देवल, गोकुलेश्वर शिव मन्दिर, गोकुलेश्वर लटीनाथ मन्दिर आदि रहेका छन् ।


तालिका ४.२

*शैल्यशिखरमा रहेको धार्मिक अवस्था*

| क्र.सं. | धर्म | जनसंख्या (प्रतिशत) |
|---|---|---|
| १. | हिन्दु | ९८ |
| २. | क्रिश्चियन | १.२० |
| ३. | मुस्लिम | ०.५० |
| ४. | बौद्ध | ०.३० |
| | जम्मा | १०० |

श्रोत : शैल्यशिखर न.पा. २०७९ ।

माथिको तालिका ४.२ मा शैल्यशिखरमा रहेको धार्मिक अवस्थालाई देखाएको छ, सबैभन्दा बढी हिन्दु ९८ प्रतिशत रहेका छन् भने क्रिश्चियन १.२०, मुस्लिम ०.५० बौद्ध ०.३० रहेका छन् ।




*चित्र नं. ४.२*

शैल्यशिखर नगरपालिकाको धार्मिक स्वरूप

तालिका ४.२ तथा वृत्त चित्र अनुसार सबैभन्दा बढी धर्म मान्ने जनसङ्ख्या हिन्दुहरूको ९८% रहेको छ भने क्रिश्चियन १.२०% मुस्लिम ०.५०% र बौद्ध ०.३% रहेको छ ।

यस नगरपालिकामा बोलिने प्रमुख भाषा डोटेली हो । डोटेली बाहेक नगण्य रूपमा नेपाली र अन्य भाषाहरू पनि बोलिन्छन् जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका ४.३

*शैल्यशिखरमा बोलिने प्रमुख भाषाहरू*

| क.सं. | प्रमुख भाषा | जनसङ्ख्या प्रतिशत |
|---|---|---|
| १. | डोटेली | ९८.६२ |
| २. | नेपाली | १.०६ |
| ३. | अन्य | ०.३२ |
| जम्मा | | १०० |

स्रोत : शैल्यशिखर न.पा. २०७९ ।

तालिका ४.३ मा शैल्यशिखरमा बोलिने प्रमुख भाषाहरू देखाइएको छ, जसमध्ये डोटेली ९८.६२ प्रतिशत, नेपाली, १.०६ र अन्य भाषा बोल्ने ०.३२ प्रतिशत रहेका छन् ।




*चित्र नं. ४.३*

शैल्यशिखर नगरपालिकामा बोलिने प्रमुख भाषाहरू

तालिका ४.३ र वृत्त चित्रलाई अध्ययन गर्दा सबभन्दा बढी बोलिने भाषा डोटेली ९८.६२% त्यसपछि नेपाली भाषा १.०६% र अन्य भाषा ०.३२% ले बोल्ने गरेका छन् ।

**भौतिक पूर्वाधार (Infrastructure of Development) :** यस नगरपालिकाको आधारभूत सेवा सुविधामा खासगरी सदरमुकाम जोड्ने महाकाली राजमार्गले १५ कि.मि. सडक खण्ड पर्दछ । शाखा सडकहरू निर्माणाधिन अवस्थामा छन् । जि.शि.का.को तथ्याङ्क अनुसार शैल्यशिखर नगरपालिका अन्तर्गत कुल २५ वटा शिक्षण संस्थाहरू रहेका छन् । नगरपालिकाको प्राय सबै बस्तीहरूमा स्वास्थ्य सेवाको पहुँच पुगेको छ । जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार यस नगरपालिकामा १ वटा सरकारी अस्पताल २ वटा स्वास्थ्य चौकी १ वटा आयुर्वेदिक औषधालय ९ वटा खोपक्लिनीक र १२ वटा संस्थागत क्षेत्रबाट सञ्चालित क्लिनिकहरू रहेका छन् । नगरपालिका भित्र २ वटा टेलिफोन लाइन, सि.डिएम.ए. प्रिपेड १८० वटा, जि.एस. एम. १२०० वटा ब्स्क्षी सेवा १२ वटा १० वटा इलाका हुलाक गरी सञ्चार सेवा उपलब्ध छ । हवाइ यातायातको हिसाबले गोकुलेश्वरमा रहेको १ मात्रै विमानस्थल निर्माणाधिन छ । त्यसैले आकस्मिक सेवाका लागि बञ्चित हुनु परेको छ ।

धारा पाइपबाट खानेपानी सुविधा प्रयोग गरिरहेको परिवार सङ्ख्या ८२.६१ प्रतिशत रहेको छ। ती परिवारले उक्त पानी तरकारी खेती, फलफूल खेती तथा अन्य व्यवसायमा प्रयोग गर्ने अवस्था रहेको छ। जलविद्युतका लागि नौगाड जलविद्युत आयोजनाबाट विद्युत सेवा प्रदान भएको छ। निर्माणाधीन लघु जलविद्युत आयोजनाका लागि गरिबी निवारण कोष, उर्जाबिकाश कोष, नगरपालिका र जिल्ला द्वारा पनि सहयोग प्राप्त भइरहेको छ (जि.प्र.का. दार्चुला, २०७८)।

**आर्थिक गतिविधि र रोजगार (Economics Activity and Employment) :** यस नगरपालिकामा आधारभूत व्यवसायको रूपमा कृषि रहेको देखिन्छ। कृषि विकास कार्यालय दार्चुलाको तथ्याङ्क अनुसार ८९.९० प्रतिशत जनता कृषिमा निर्भर छन्। यहाँको प्रमुख उत्पादन मकै, दोस्रो गहुँ, तेस्रोमा धान र चौथोमा कोदो पर्दछ। प्रमुख नगदेवाली अदुवा, तोरी, भटमास हुन्। फलफूल, मह र तरकारी उत्पादनमा व्यवसायीकरण हुन सुरु भए तापनि पूर्ण व्यवसायिकतामा लैजान बाकी छ (कृषि विकास कार्यालय दार्चुला, २०७५)।

पशुपालनको प्रशस्त सम्भावना बोकेको यस नगरपालिकामा कृषि, पशु र वन पैदावारमा आधारित लघु, घरेलु, तथा साना उद्योगको सम्भावना प्रचूर छ। कच्चा पदार्थको रूपमा पाइने वन पैदावार तथा जडिबुटीहरूको उपलब्धताले पनि लघु, घरेलु तथा साना उद्योगहरूको सम्भावनालाई अझ दरिलो बनाएको छ। यस नगरपालिकाका निर्यायतमा ठूलो असन्तुलन छ। आयातित सामानले बजार ओगटेको छ। उपभोगका लागि सामान लत्ताकपडा, नुन तेल, साबुन, चिनी, चाउचाउ, निर्माण सामग्री, विस्कुट, औषधी लगायतका सामानहरू खास गरी महेन्द्रनगर, धनगढी, काठमाडौं र भारत (पिथौरागढ, टनकपुर, बरेली, हल्द्वानी, दिल्ली आदि) समेतबाट आयत गरिन्छ, भने जडीबुटी, फलफूल, तरकारी, मह, अदुवा, बेसार, गलैंचा, उनी राडीपाखी, अल्लोको तयारी पोशाक, मैनवत्ति, घिउ, भटमास, रिठा, आलु आदि उत्पादन हुन्छ (घरेलु तथा साना उद्योग समिती दार्चुला, २०७८)।

**वित्तिय संघसंस्था (Financial organization) :** यस नगरपालिका भित्र रहेका बैङ्क तथा वित्तिय संस्था तथा सहकारी संस्थाहरूलाई तालिका ४.४ मा प्रस्तुत गरिएको छ।

तालिका ४.४

*शैल्यशिखर नगरपालिकामा रहेका बित्तिय संघसंस्थाहरू*

| क.सं. | वित्तिय संघसंस्थाहरू | सङ्ख्या |
|---|---|---|
| १. | बाणिज्य बैंङ्क | २ |
| २. | विकाश बैङ्क | २ |
| ३. | लघुवित्त | ३ |
| ४. | सहकारी संस्था | ६ |

स्रोत : शैल्यशिखर न.पा. २०७८ ।

तालिका ४.४ मा नेपालका बैङ्क तथा वित्तिय संघसंस्थाहरूमध्ये २ वटा वाणिज्य बैङ्क, २ वटा विकास बैङ्क ३ वटा लघुवित्त र ६ वटा सहकारी संस्था रहेको कुरालाई देखाएको छ ।

**सामुदायिक तथा संस्थागत विद्यालयहरूको वर्तमान भौतिक विवरण (Physical Description of Community and Institutional Schools)**

यस अध्ययनका लागि छनोट गरिएका सामुदायिक तथा संस्थागत विद्यालयहरूको वर्तमान भौतिक अवस्था पहिचान गर्न विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, विद्यालय रहेको नगरपालिका र वडाका प्रतिनिधि, नगर शिक्षा प्रमुख तथा विद्यालयका अन्य कर्मचारीहरूसँग छलफल, प्रश्नावली, सर्वेक्षण फारम, अवलोकन आदिका माध्यमबाट सम्बन्धित विद्यालयको यथार्थ विवरण तयार पारिएको छ । जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिन्छ ।

**विद्यालय भवन तथा कक्षाकोठा (School Building and Classroom) :** छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरूमध्ये सामुदायिक विद्यालयले सरकारी भवन र संस्थागत विद्यालयहरूले आफ्नै संस्थागत भवनहरू प्रयोग गरेको छ । दुइवटै सामुदायिक विद्यालयमा जम्मा १२ वटा भवन र संस्थागत विद्यालयमा जम्मा ८ वटा भवन सञ्चालनमा रहेको पाइयो । सामुदायिक विद्यालयमा जम्मा कोठा सङ्ख्या २८ रहेका छन्, भने संस्थागत

विद्यालयमा २१ वटा कक्षाकोठा रहेको पाइयो । ४ वटै विद्यालयहरूमा माध्यमिक तह सम्म पढाइ सञ्चालन हुने गरेको पाइयो । चार वटै विद्यालयमा १/१ वटा अफिस कोठा रहेको छ भने संस्थागत विद्यालयहरूमा १/१ वटा कम्प्युटर प्रयोगशाला तथा सामुदायिक विद्यालयमा १/१ वटा विज्ञान प्रयोगशाला र १/१ वटा कम्प्युटर प्रयोगशाला रहेको पाइयो । जम्मा कक्षाकोठा र प्रतिविद्यार्थी कक्षाकोठा क्षेत्रफल तालिका ४.५ मा देखाइएको छ ।

तालिका ४.५

*जम्मा कक्षा कोठा र प्रति विद्यार्थी कक्षाकोठा क्षेत्रफल (वर्गफिट) २०७८/७९*

| विद्यालय | कक्षाकोठा सङ्ख्या | कोठाको क्षेत्रफल | विद्यार्थी सङ्ख्या | प्रति विद्यार्थी कक्षाकोठा क्षेत्रफल (वर्गफिट) |
|---|---|---|---|---|
| सामुदायिक | २८ | ४२०० | ९०४ | ४.६ |
| संस्थागत | २१ | २२६८ | ७८२ | २.९ |
| जम्मा | ४९ | ६४६८ | १६८६ | ३.८ |

स्रोत : स्थलगत सर्वेक्षण २०८० ।

तालिका ४.५ मा प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल देखाइएको छ । यस अध्ययनको लागि छनोटमा परेका चार वटा विद्यालयहरूमा जम्मा ४९ वटा कक्षाकोठा रहेका छन् भने कुल क्षेत्रफल ६४६८ वर्गफिट रहेको छ । चार वटै विद्यालयमा जम्मा १६८६ जना विद्यार्थी सङ्ख्या रहेको छ । छनोटमा परेका विद्यार्थीहरूको प्रतिविद्यार्थी क्षेत्रफल ३.८ वर्गफिट रहेको छ । सामुदायिक विद्यालयमा जम्मा कक्षाकोठा सङ्ख्या २८ कोठाको क्षेत्रफल ४२०० वर्गफिट र प्रति विद्यार्थी क्षेत्रफल ४.६ वर्गफिट रहेको छ । त्यसैगरी संस्थागत विद्यालयमा जम्मा कक्षाकोठा सङ्ख्या २१, कक्षाकोठाको कुल क्षेत्रफल २२६८ वर्गफिट र प्रति विद्यार्थी क्षेत्रफल २.९ वर्गफिट रहेको छ ।

शिक्षा नियमावली २०५९ को अनुसूचि २१ अनुसार प्रति विद्यार्थी कक्षाकोठा प्राथमिक तहम कम्तीमा ०.७५ वर्ग मिटर र नि.मा.वि. र मा.वि. भए कम्तिमा १ वर्ग मिटर हुनुपर्ने व्यवस्था उल्लेख छ । सो अनुरूप कक्षाकोठाको आकार सामुदायिक विद्यालयमा पर्याप्त रहेको छ भने संस्थागत विद्यालयमा कम रहेको छ ।

**फर्निचर सङ्ख्या (Number of Furniture) :** प्रभावकारी शिक्षण सिकाइका लागि आवश्यक पर्ने कक्षाकोठाका साथसाथै उपयुक्त र बालमैत्री किसिमका फर्निचर पनि आवश्यक हुन्छन् । अध्ययन गरिएका विद्यालयहरूमा उपयुक्त र पर्याप्त फर्निचर रहेको पाइयो भने संस्थागत विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १ सम्म भूँइमा बाक्लो किसिमको कार्पेटको व्यवस्था गरेको पाइयो । विद्यालयमा प्रति विद्यार्थी फर्निचरको सङ्ख्या लाई तालिका ४.६ मा देखाएको छ ।

तालिका ४.६

*प्रतिविद्यार्थी फर्निचर सङ्ख्या शैक्षिक वर्ष २०७८/०७९*

| क्र.सं. | विद्यालय | डेक्स बेञ्च सङ्ख्या | विद्यार्थी सङ्ख्या | प्रति विद्यार्थी डेक्स बेञ्च सङ्ख्या |
|---|---|---|---|---|
| १. | सामुदायिक | २३६ | ९०४ | ०.२६ |
| २. | संस्थागत | १९३ | ७८२ | ०.२४ |
| | जम्मा | ४२६ | १६८६ | ०.२५ |

स्रोत : स्थलगत सर्वेक्षण २०८० ।

तालिका ४.६ मा अध्ययनका लागि छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरूको डेक्स बेञ्चको सङ्ख्यालाई देखाइएको छ । जसमा संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयमा डेक्स बेञ्च सङ्ख्या बढी रहेको छ साथै विद्यार्थी सङ्ख्या पनि सामुदायिक विद्यालयमा बढी रहेको देखिन्छ । सामुदायिक विद्यालयमा प्रतिविद्यार्थी डेक्स बेञ्च सङ्ख्या ०.२६ रहेको छ भने संस्थागत विद्यालयमा प्रतिविद्यार्थी डेक्स वेञ्च ०.२४ रहेको छ । औषतमा प्रति विद्यार्थी डेक्स बेञ्च सङ्ख्या ०.२५ रहेको छ ।

**खेल मैदान (Play Ground) :** अध्ययन क्षेत्रमा रहेका विद्यार्थीहरूमा फराकिलो खेलमैदान पाइयो । सामुदायिक विद्यालयमा पर्खाल सहितको १/१ वटा ९,६०० वर्ग मि. बराबरको पर्खाल सहितको व्यवस्थित खेलमैदान रहेको पाइयो भने संस्थागत विद्यालयमा तारवार सहितको ४,४०० वर्ग मि. को खेल मैदान पाइयो । सामान्यतया सामुदायिक विद्यालयमा ठूलो खेलमैदान भएपनि स्थानीय खेल खेल्नका लागि उपयोगी छ । सबै

विद्यालयहरूले फुटबल र क्रिकेट खेल खेल्नका लागि नगरपालिकाले उल्लेख गरेको सार्वजनिक खेलमैदान प्रयोग गर्ने गरेको पाइयो ।

**शौचालय सुविधा (Facility of Toilet) :** नमुना छनोटमा परेका चार वटै विद्यालयहरूमा शौचालयको व्यवस्था भएको पाइयो । दुबै सामुदायिक विद्यालयमा जम्मा १७ वटा शौचालय र संस्थागत विद्यालयहरूमा १४ वटा शौचालय रहेको पाइयो । जसमध्ये सामुदायिक विद्यालयमा आधारभूत कक्षा (१-५) का लागि दुबै विद्यालयमा ३/३ वटा छात्रका लागि र २/२ वटा छात्राको लागि छुट्याएको थियो भने संस्थागत विद्यालयमा कक्षा नर्सरी देखि कक्षा ३ सम्मका लागि ४/४ वटा छात्रको लागि र ३/३ वटा छात्राका लागि छुट्याएको छ दुबै सामुदायिक विद्यालयमा माध्यमिक तहका लागि ३/३ वटा छात्र र ३/३ वटा छात्राका लागि तथा संस्थागत विद्यालयमा माध्यमिक तहसम्मका लागि ५/५ वटा छात्र र ४/४ वटा छात्राको लागि शौचालय रहेको पाइयो । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयहरूमा शौचालय सफा रहेको पाइयो ।

**खानेपानीको सुविधा (Facility of Drinking Water) :** चारवटै माध्यमिक विद्यालयमा खानेपानीको अवस्था अध्ययन गर्दा पानी शुद्धीकरण  नगरी धाराको पानी पिउने गरेको पाइयो । सामुदायिक विद्यालयहरूमा २ वटा खानेपानीका लागि धारा र २/२ वटा १ हजार लि. क्षमता वराबरका पानी ड्रमहरू राखेको पाइयो भने संस्थागत विद्यालयहरूमा ३/३ वटा १ हजार लि. क्षमता भएका पानीका ड्रमहरू र त्यसमै जोडिएका १/१ वटा धाराहरू रहेको पाइयो, खानेपानी शुद्धिकरणका लागि समय समयमा पियुस र वाटर गार्ड राख्ने गरेको पाइयो ।

**छात्रवास, प्रयोगशाला, कम्प्युटर र शैक्षिक सामग्री (Hostel, Laboratary, Computer and Teaching Materials) :** छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरू मध्ये संस्थागत विद्यालयमा छात्रवासको सुविधा रहेको छ भने सामुदायिक विद्यालयहरूमा छात्रवासको सुविधा नरहेको अवस्था देखियो । विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी स्थानीय र शिक्षकहरू भाडामा बस्ने गरेकोले सामुदायिक विद्यालयमा छात्रवासको आवश्यकता छैन । संस्थागत विद्यालयमा अधिकांश शिक्षक बाहिरबाट आउने र टाढा बाट आउने विद्यार्थीहरूका लागि स्कुल बसको व्यवस्था नभएको ले छात्रवासको व्यवस्था गरिएको संस्थापकले बताउनुभयो ।

दुइवटै सामुदायिक विद्यालयमा सामान्य किसिमको विज्ञान प्रयोगशाला र ३० थान कम्प्युटर भएको कम्प्युटर प्रयोगशाला रहेको छ। त्यसैगरी संस्थागत विद्यालयमा ३२ थान कम्प्युटर भएको कम्प्युटर प्रयोगशाला रहेको छ।

छनोटमा परेका दुबै सामुदायिक विद्यालयहरूमा शैक्षिक सामग्री र सन्दर्भ सामग्री कोठा रहेको छ भने संस्थागत विद्यालयहरूमा साना कक्षाहरूमा कक्षाकोठा मै शैक्षिक सामग्री र ठूला कक्षाका लागि अफिस कोठामा सन्दर्भ सामग्री र शैक्षिक सामग्री राखिएको पाइयो।

**सामुदायिक र संस्थागत विद्यालयमा उपलब्ध भौतिक श्रोत साधनको तुलनात्मक अध्ययन (Comparative Study of Physical Resources Available in Community and Institutinoal School) :** छनोट गरिएका सामुदायिक र संस्थागत विद्यालयहरूमा रहेका भौतिक श्रोत साधनहरूलाई तालिका ४.७ मा प्रस्तुत गरिएको छ।

तालिका ४.७

*भौतिक श्रोत साधनहरू शैक्षिक वर्ष २०७९*

| क्र.सं. | विवरण | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| १. | कम्प्युटर थान | ३० | ३२ |
| २. | प्रिन्टर | ४ | ४ |
| ३. | टेबल | २२ | १७ |
| ४. | कुर्सी | ५२ | ४० |
| ५. | वेञ्च | २३६ | १९० |
| ६. | डेक्स | २३६ | १९० |
| ७. | दराज | ८ | १० |
| ८. | सेतोपाटी | २८ | २१ |
| ९. | पङ्खा | १८ | २० |
| १०. | कक्षाकोठा | २८ | २१ |
| ११. | शौचालय | १७ | १४ |
| १२. | खेलमैदान | १ | १ |
| १३. | पानीको धारा | २ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.७ मा सामुदायिक र संस्थागत विद्यालयमा भएका भौतिक श्रोत साधनहरू देखाइएको छ। छनोटमा परेका ४ वटै विद्यालयको भौतिक विवरण हेर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयमा भौतिक साधनहरू बढी रहेको अवस्था छ।

**अध्ययन क्षेत्रको आर्थिक अवस्था (Economic situation of study area)**

यस शीर्षक अन्तर्गत नमुना छनोटमा परेका विद्यालयहरूको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरू लाई प्रस्तुत गरिएको छ।

**सामुदायिक विद्यालयको वार्षिक आम्दानीको श्रोत (Source of Annual Income in community school) :** नमुना छनोटमा परेका सामुदायिक विद्यालयको आम्दानीको प्रमुख श्रोत सरकारी अनुदान रहेको पाइयो भने केही रकम विद्यार्थी शुल्कबाट प्राप्त भएको पाइयो। उक्त आम्दानी मध्ये चालु आम्दानीको विवरणलाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ।

तालिका ४.८

*सामुदायिक विद्यालयको चालु आम्दानी विवरण २०७७/०७८- २०७८/७९*

| आम्दानी शीर्षक | शैक्षिक वर्ष | | जम्मा रु | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| | २०७७/०७८ | २०७८/०७९ | | |
| सरकारी अनुदान बाट प्राप्त रकम | २,१२,६४,०००/- | २,१४,४६,२०१/- | ४,२७,१०,२०१/- | ९७.९१ |
| विद्यार्थी शूल्क | ४,५५,७००/- | ५,४८,३००/- | १,००,४०००/- | २.०९ |
| जम्मा | २,१७,१९,७००/- | २,१९,९४,५०१/- | ४,३७,१४,२०१/- | १०० |

श्रोत : स्थलगत सर्वेक्षण २०८०।

तालिका ४.८ मा छनोटमा परेका दुबै सामुदायिक विद्यालयको २०७७/७८ र २०७८/७९ को आम्दानी विवरणलाई देखाएको छ, आर्थिक वर्ष २०७७/०७८ मा सरकारी अनुदान बाट प्राप्त आम्दानी रु २,१२,६४,००० छ भने, विद्यार्थी शुल्कबाट प्राप्त आम्दानी रु ४,५५,७०० रहेको छ। आर्थिक वर्ष २०७८/०७९ मा सरकारी आम्दानी बाट प्राप्त रकम रु

२,१४,४६,२०१ रहेको छ भने विद्यार्थीबाट प्राप्त रकम रु ५,४८,३०० रहेको देखिन्छ । यसरी आ.व. २०७७/७८ मा जम्मा आम्दानी रु २,१७,१९,७०० रहेको छ भने आ.व. २०७८/७९ मा जम्मा आम्दानी रु २,१९,९४,५०१ रहेको छ ।

**सामुदायिक विद्यालयको वार्षिक चालुखर्च (Annual Current Expenditure of Community School) :** सामुदायिक विद्यालयले विभिन्न शीर्षकमा खर्च गरेको हुन्छ । विद्यालय सञ्चालनका लागि व्यवस्थित तरिकाले खर्च गर्नुपर्ने हुन्छ । छनोटमा परेका सामुदायिक विद्यालयको चालु वार्षिक चालु खर्चको विवरणलाई तालिका ४.९ मा प्रस्तुत गरिएको छ :

तालिका ४.९

*सामुदायिक विद्यालयको वार्षिक चालु खर्च विवरण २०७७/०७८ - २०७८/०७९*

| खर्च शीर्षक | शैक्षिक वर्ष | | जम्मा रु | प्रतिशत खर्च प्रतिशत |
|---|---|---|---|---|
| | २०७७/०७८ | २०७८/०७९ | | |
| शिक्षक कर्मचारी तलव खर्च | १,८९,२४,९६० | १,९४,४०,९६० | ३,८३,६५,९२० | ९४.६६ |
| प्रशासनिक खर्च | ४,७२,५०८/- | ४,९२,३२५ | ९,६४,८३३ | २.३८ |
| परीक्षा खर्च | २,७८,२००/- | २,८०,३५५ | ५,५८,५५५ | १.३८ |
| अन्य खर्च | ३,५४,७००/- | २,८४,९०० | ६,३९,६०० | १.५८ |
| जम्मा | २,००,३०,३६८ | २,०४,९८,५४० | ४,०५,२८,९०८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.९ मा छनोटमा परेका दुबै सामुदायिक विद्यालयको वार्षिक खर्च विवरणलाई देखाएको छ । शैक्षिक वर्ष २०७७/०७८ मा जम्मा खर्च रु २,००,३०,३६८ रहेको छ भने शिक्षक कर्मचारी तलव खर्च १,८९,२४,९६० रहेको छ । त्यसै गरी प्रशासनिक खर्च रु ४,७२,५०८ ।- परीक्षा  खर्च रु २,७८,२०० र अन्य खर्च ३,५४,७०० रहेको देखिन्छ । शैक्षिक

वर्ष २०७८/७९ मा जम्मा खर्च रु २,०४,९८,५४० रहेको छ। प्रशासनिक खर्च रु ४,९२,३२५ परीक्षा खर्च २,८०,३५५ र अन्य खर्च २,८४,९०० रहेको छ। यसरी विभिन्न शीर्षकमा खर्च गर्दा सबैभन्दा बढी खर्च शिक्षक कर्मचारी तलवमा खर्च हुने गरेको छ।

**सामुदायिक विद्यालयको वार्षिक वचत (Annual Saving of Community School) :** तालिका ४.८ मा सामुदायिक विद्यालयको वार्षिक आम्दानी विवरण र तालिका ४.९ मा सामुदायिक विद्यालयको चालु खर्चको विवरण प्रस्तुत गरी सोही आधारमा वचत रकम निकालिएको छ। जुन तालिका ४.१० मा प्रस्तुत गरिन्छ।

तालिका ४.१०

*सामुदायिक विद्यालयको वार्षिक वचत २०७७/७८- २०७८/७९*

| | आम्दानी<br>२०७७/०८- २०७८/७९ | खर्च<br>२०७७/७८- २०७८/७९ | बचत रकम |
|---|---|---|---|
| जम्मा रकम रु | ४,३७,१४,२०१ | ४,०५,२८,९०८ | ३१,८५,२९३ |
| औषत रकम रु | २,१८,५७,१००.५ | २,०२,६४,४५४ | १५,९२,६४६.५ |

तालिका ४.१० मा शैक्षिक वर्ष २०७७/७८ देखि २०७८/७९ को आम्दानी विवरण प्रस्तुत गरिएको छ। छनोटमा परेका दुबै सामुदायिक विद्यालयको जम्मा आम्दानी रु ४,३७,१४,२०१/- मध्ये खर्च रु ४,०५,२८,९०८/- रहेको छ भने बचत रु ३१,८५,२९३।- रहेको छ।

**संस्थागत विद्यालयको वार्षिक चालु आम्दानीको श्रोत (Source of Annual Income in Institutional school) :** संस्थागत विद्यालयको आम्दानीको श्रोत विद्यार्थीहरूबाट प्राप्त शुल्क हो। संस्थागत विद्यालयहरू सेवामुखी कम र नाफामुखी बढी भएको देखिन्छ। संस्थागत विद्यालयहरूले सरकारी अनुदान प्राप्त नगर्ने हुँदा विद्यार्थीहरूका अभिभावकहरूमा नै खर्चको प्रत्यक्ष भार परेको हुन्छ। नमुना छनोटमा परेका दुबै विद्यालयको चालु आम्दानीको विवरणलाई तालिका ४.११ मा प्रस्तुत गरिएको छ।

तालिका ४.११

*संस्थागत विद्यालयको चालु आम्दानी विवरण, २०७७/०७८- २०७८/७९*

| शैक्षिक सत्र | विद्यार्थी शुल्क बाट प्राप्त आम्दानी (रु.) |
|---|---|
| २०७७/०७८ | १,९८,७०,१००/- |
| २०७८/०७९ | २,०८,६५,७००/- |
| जम्मा आम्दानी रु. | ४,०७,३५,८००/- |

स्रोत : स्थलगत सर्वेक्षण २०८० ।

तालिका ४.११ मा छनोटमा परेका दुबै संस्थागत विद्यालयको आ.व. २०७७/०७८ र २०७८/०७८ को आम्दानी विवरण प्रस्तुत गरिएको छ । विद्यार्थी शुल्कबाट प्राप्त जम्मा आम्दानी रु ४,०७,३५,८००/- रहेको छ । भने आ.व. २०७७/०७८ मा जम्मा रु १,९८,७०,१०० प्राप्त भएको छ । आ.व. २०७८/७९ मा बढेर रु २,०८,६५,७०० पुगेको छ । दुई वर्षको औषत आम्दानी २,०३,६७,९०० रहेको देखिन्छ ।

**संस्थागत विद्यालयको वार्षिक चालु खर्च (Annual Current Expenditure of Institutional School) :** संस्थागत विद्यालयले प्राप्त गरेको आम्दानीलाई विभिन्न शीर्षक अन्तर्गत विभाजन गरी खर्च गर्दछ । संस्थागत विद्यालयले गर्ने खर्चको विवरणलाई तालिका ४.१२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१२

*संस्थागत विद्यालयको चालु खर्च विवरण २०७७/७८-२०७८/७९*

| खर्च शीर्षक | शैक्षिक सत्र | | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | २०७७/०७८ | २०७८/०७९ | | |
| तलब तथा भत्ता खर्च | १,५२,३२,००० | १,६०,३५,००० | ३,१२,६७,००० | ९२.१५ |
| प्रशासनिक खर्च | ४,७४,५६० | ३,९८,७७० | ८,७३,३३० | २.५७ |
| परीक्षा खर्च | २,२०,३०० | २,४८,३५० | ४,६८,६५० | १.३८ |
| अन्य खर्च | ५,६५,३३० | ७,५६,२७० | १३,२१,६०० | ३.९० |
| जम्मा | १,६४,९२,१९० | १,७४,३८,३९० | ३,३९,३०,५८० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.१२ मा छनोटमा परेका दुबै संस्थागत विद्यालयहरूको चालु खर्च विवरणलाई देखाएको छ। कुल आम्दानीको धेरै हिस्सा तलव तथा भत्तामा खर्च भएको देखिन्छ। आ.व. २०७७/०७८ को कुल खर्च मध्ये रु १,५२,३२,००० शिक्षक कर्मचारी को तलव भत्ता खर्च भएको देखिन्छ। प्रशासनिक खर्च रु ४,७४,५६० परीक्षा खर्च २,२०,३०० र अन्य खर्च ५,६५,३३० भएको देखिन्छ। त्यसैगरी आ.व. २०७८/०७९ मा शिक्षक कर्मचारी तलव भत्ता खर्च रु. १,६०,३५,००० रहेको छ। प्रशासनिक खर्च रु ३,९८,७७० परीक्षा खर्च रु २,४८,३५० र अन्य खर्च रु. ७,५६,२७० रहेको छ। यसरी आ.व. २०७७/७८ को कुल खर्च रु १,६४,९२,१९० र आ.व. २०७८/७९ को कुल खर्च रु १,७४,३८,३९० रहेको छ।

**संस्थागत विद्यालयको वार्षिक बचत (Annual Surplus of Institutional School) :** तालिका ४.१३ मा यस अध्ययनका लागि छनोटमा परेका संस्थागत विद्यालयको वचतलाई प्रस्तुत गरिएको छ। आ.व. २०७७/७८ र २०७८/७९ को कुल बचतलाई तालिका ४.१२ को आम्दानी विवरण र ४.१३ को खर्च विवरणको आधारमा गणना गरिएको छ।

तालिका ४.१३

*संस्थागत विद्यालयको कुल वार्षिक वचत २०७७/७८-२०७८/७९*

| कुल आम्दानी | आर्थिक वर्ष | | जम्मा |
|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | |
| कुल आम्दानी | १,९८,७०,१०० | २,०८,६५,७०० | ४,०७,३५,८०० |
| कुल खर्च | १,६४,९२,१९० | १,७४,३८,३९० | ३,३९,३०,५८० |
| बचत रकम | ३३,७७,९१० | ३४,२७,३१० | ६८,०५,२२० |

तालिका ४.१३ मा संस्थागत विद्यालयको आ.व. २०७७/७८ र २०७८/७९ को बचत लाई देखाइएको छ। जसमा आ.व. २०७७/७८ मा कुल बचत रु ३३,७७,९१० र २०७८/७९ मा कुल बचत रु ३४,२७,३१० रहेको छ।

**सामुदायिक तथा संस्थागत विद्यालयको प्रति एकाई विद्यार्थी लागत (Perunit Student Cost in Community and Institutional School)**

छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको प्रति एकाइ विद्यार्थी लागत गणना गर्दा आधारभूत तहका लागि कक्षा ८ र माध्यमिक तहका लागि कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूका अभिभावकले पढाइमा गरेको कुल खर्च रकमलाई कुल विद्यार्थी सङ्ख्याले भाग गरी प्रति विद्यार्थी  लागतको गणना गर्दा विद्यार्थीले विद्यालयलाई तिर्ने नगद रकम जस्तै भर्ना शुल्क, पढाइ शुल्क, परीक्षा शुल्क, पुस्तकालय शुल्क, खेलकुद शुल्क, प्रयोग शाला आदि लाई शैक्षिक खर्च तथा विद्यालय पोसाक खर्च, स्टेशनरी खर्च, ट्युसन खर्च, यातायात खर्च, खाजा खर्च, आदि लाई विद्यालयलाई नतिरेको शिक्षा सँग सम्बन्धित अन्य खर्चका रूपमा विद्यार्थीहरूका अभिभावकहरूलाई प्रश्नावली मार्फत सोधी प्राप्त खर्चलाई प्रति विद्यार्थी लागतमा समावेश गरिएको छ।

**सामुदायिक विद्यालयमा प्रति एकाई विद्यार्थी लागत (Per unit Student Cost in Community School) :** सामुदायिक विद्यालयमा छनोटमा परेका कुल विद्यार्थी सङ्ख्याको २० प्रतिशतले हुन आउने आधारभूत तहमा १५ जना र मा.वि. मा ७ जना विद्यार्थीका अभिभावकलाई प्रत्यक्ष अन्तर्वार्ता द्वारा वर्षभरी मा खर्च गरेको रकमलाई प्रत्यक्ष र अप्रत्यक्ष खर्च गरी तालिका ४.१४ मा प्रति विद्यार्थी लागत प्रस्तुत गरिएको छ।

तालिका ४.१४

*सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ र माध्यमिक तह कक्षा १२ को प्रति एकाइ विद्यार्थी लागत २०७८*

| कक्षा | प्रत्यक्ष खर्च रु | अप्रत्यक्ष खर्च रु | कुल खर्च रु. | विद्यार्थी सङ्ख्या | प्रति एकाइ विद्यार्थी लागत रु. |
|---|---|---|---|---|---|
| कक्षा ८ | ५८,५०० | २,४३,००० | ३,०१,५०० | १५ | २०,१०० |
| कक्षा १२ | ६५,१०० | १,५०,५०० | २,१५,६०० | ७ | ३०,८०० |

स्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.१४ मा सामुदायिक विद्यालयको आधारभूत तह र माध्यमिक तहको प्रति एकाइ विद्यार्थी लागत देखाइएको छ । आधारभूत तह कक्षा ८ मा पढ्ने विद्यार्थीको प्रति एकाइ विद्यार्थी लागत रु २०,१०० लागेका देखिन्छ । एक जना विद्यार्थीले प्रत्यक्ष र अप्रत्यक्ष शिक्षासँग सम्बन्धित औषत लागतलाई प्रति एकाइ विद्यार्थी लागतको रूपमा गणना गरिएको छ । त्यसैगरी माध्यमिक तह कक्षा १२ को प्रति एकाइ विद्यार्थी लागत रु ३०,८०० रहेको छ ।

**संस्थागत विद्यालयको प्रतिएकाइ विद्यार्थी लागत (Per unit Student Average Cost in Institutional School) :** संस्थागत विद्यालयमा नमुना छनोटमा परेका विद्यार्थी सङ्ख्याको २० प्रतिशतले हुन आउने ८ जना विद्यार्थी कक्षा ८ बाट र ५ जना विद्यार्थी कक्षा १२ बाट छनोट गरी उनीहरूका अभिभावक सँग प्रत्यक्ष अन्तर्वार्ता लिँदा उनीहरूले वर्षभरी खर्च गरेको रकमलाई जस्तै भर्ना शूल्क, पढाइ शुल्क, परीक्षा शुल्क, खेलकुद शुल्क, रजिष्ट्रेशन शुल्क आदि लाई शैक्षिक खर्च तथा विद्यालय पोसाक खर्च, स्टेशनरी खर्च, ट्युसन खर्च, यातायात खर्च, खाजा खर्च, आदिलाई विद्यालयमा नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्चको रूपमा तालिका ४.१५ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१५

*संस्थागत विद्यालयको आधारभूत र माध्यमिक तहको प्रति एकाई विद्यार्थी औषत लागत २०७८*

| कक्षा | प्रत्यक्ष खर्च रु | अप्रत्यक्ष खर्च रु | कुल खर्च रु | विद्यार्थी सङ्ख्या | प्रति एकाई विद्यार्थी लागत रु |
|---|---|---|---|---|---|
| कक्षा ८ | ४,६५,६०० | १,९२,८०० | ६,५८,४०० | ८ | ८२,३०० |
| कक्षा १२ | ३,६६,५०० | ७२,५०० | ४,३९,००० | ५ | ८७,८०० |

स्रोत : स्थलगत सर्वेक्षण २०८० ।

तालिका ४.१५ मा संस्थागत विद्यालयको आधारभूत तह र माध्यमिक तहको प्रतिएकाई विद्यार्थी औषत लागत शैक्षिक वर्ष २०७८ को तथ्याङ्कमा आधारित रहेको छ। कक्षा ८ मा छनोटमा परेका अभिभावकका अनुसार प्रतिएकाई विद्यार्थी लागत रु ८२,३०० रहेको छ भने माध्यमिक तह कक्षा १२ को विद्यार्थी औषत प्रति एकाई विद्यार्थी लागत रु ८७,८०० रहेको देखिन्छ।

**सामुदायिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक विवरण (Educational Description of Community and Institutional Schools)**

शैक्षिक लगानीको महत्त्वपूर्ण क्षेत्र विद्यालय हो। विद्यालय शिक्षा उच्च शिक्षाको आधार हो। कुनै पनि देशको शिक्षाले विद्यालय शिक्षालाई प्राथमिकतामा राखेको हुन्छ। विद्यालय शिक्षाको नतिजाले शैक्षिक उपलब्धिलाई जनाउँछ। यस अध्ययनको लागि उद्देश्यसँग सम्बन्धित शैक्षिक विवरणलाई छनोटमा परेका विद्यालयहरूको आधारमा निम्न उपशीर्षकमा विश्लेषण गरिन्छ।

**छनोटमा परेका विद्यालयहरूमा शिक्षकहरूको विवरण (Description of Teachers on Selected Schools) :** नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको शिक्षकहरूको विवरणलाई तालिका ४.१६ मा प्रस्तुत गरिएको छ।

तालिका ४.१६

*छनोटमा परेका विद्यालयहरूको शिक्षक विवरण २०७९*

| विद्यालय | जम्मा शिक्षक सङ्ख्या | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आधारभूत | | माध्यमिक | | |
| | महिला | पुरुष | महिला | पुरुष | |
| सामुदायिक | ५ | १७ | २ | १६ | ४० |
| संस्थागत | ६ | १४ | ३ | १३ | ३६ |
| जम्मा | ११ | ३१ | ५ | २९ | ७६ |

श्रोत : स्थलगत सर्वेक्षण २०८०।

तालिका ४.१६ लाई विश्लेषण गर्दा शैक्षिक वर्ष २०७८ मा सामुदायिक विद्यालयमा आधारभूत तहमा ५ जना महिला  शिक्षक र १७ जना पुरुष शिक्षक तथा माध्यमिक तहमा २ जना महिला र १६ जना पुरुष शिक्षक गरी जम्मा ४० जना शिक्षक रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयमा आधारभूत तहमा ६ जना महिला शिक्षक १४ जना पुरुष शिक्षक र माध्यमिक तहमा ३ जना महिला १३ जना पुरुष गरी जम्मा ३६ जना शिक्षक रहेका छन् ।

**छनोटमा परेको सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना (Enrollment in Selected Community School) :** छनोटमा परेका सामुदायिक विद्यालयको २ वर्षको विद्यार्थी भर्ना देखाइएको छ, जसमा छात्र छात्रालाई छुट्टाछुट्टै रूपमा देखाइएको छ ।

तालिका ४.१७


*सामुदायिक विद्यालयको विद्यार्थी भर्ना (२०७८-२०७९)*

| शैक्षिक सत्र | तह | | | | | | | | विद्यार्थी सङ्ख्या जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | | | | माध्यमिक तह | | | | |
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | |
| २०७८ | १६२ | १५३ | ३१५ | ३७.२३ | २११ | ३२० | ५३१ | ६२.७७ | ८४६ |
| २०७९ | १८७ | १९० | ३७७ | ४१.७० | २२१ | ३०६ | ५२७ | ५८.३० | ९०४ |
| जम्मा | ३४९ | ३४३ | ६९२ | ३९.४६ | ४३२ | ६३६ | १०५८ | ६०.५२ | १७५० |

स्रोत : स्थलगत सर्वेक्षण  २०८० ।

तालिका ४.१७ मा छनोटमा परेका दुबै सामुदायिक विद्यालयको विद्यार्थी भर्ना प्रस्तुत गरिएको छ । आधारभूत तह र माध्यमिक तहको जम्मा छात्र छात्रालाई जोडेर कुल विद्यार्थी सङ्ख्या देखाइएको छ । शैक्षिक सत्र २०७८ मा आधारभूत तहमा जम्मा ३१५ जना अर्थात कुल विद्यार्थी सङ्ख्याको ३७.२३ प्रतिशत मध्ये १६२ जना छात्र र १५३ जना छात्रा रहेका छन् । माध्यमिक तहमा सोही वर्ष ५३१ जना जम्मा विद्यार्थी अर्थात कुल विद्यार्थी सङ्ख्याको ६२.७६ प्रतिशत मध्ये २११ छात्र र ३२० छात्रा गरी कुल विद्यार्थी सङ्ख्या ८४६ जना रहेको छ । शैक्षिक सत्र २०७८ मा आधारभूत तहमा कुल ३७७ अर्थात ४१.७० प्रतिशत विद्यार्थी

मध्ये १८७ जना छात्र र १९० जना छात्रा रहेका छन् । माध्यमिक तहमा कुल ५२७ जना अर्थात ५८.२९ प्रतिशत विद्यार्थी मध्ये २२१ छात्र र ३०६ जना छात्रा गरी कुल ९०४ जना विद्यार्थी भर्ना भएका छन् । जसमध्ये आधारभूत तहमा भन्दा माध्यमिक तहमा विद्यार्थी सङ्ख्या बढी देखिएको छ ।




*चित्र नं. ४.४*

सामुदायिक विद्यालयको विद्यार्थी भर्ना (२०७९)

माथिको स्तम्भ चित्रमा यस अध्ययनका लागि छनोट भएका सामुदायिक विद्यालयहरूको विद्यार्थी भर्ना २०७९ को आधारभूत र माध्यमिक तहको छात्रछात्राको विवरण प्रस्तुत गरिएको छ । आधारभूत तहमा जम्मा छात्र संख्या १८७ र छात्राको संख्या १९० जना रहेको छ । माध्यमिक तहमा छात्र संख्या २२१ र छात्रा संख्या ३०६ रहेको छ । सामुदायिक विद्यालयमा छात्रभन्दा छात्रा भर्ना संख्या बढी रहेको स्पष्ट हुन्छ ।

**छनोटमा परेका संस्थागत विद्यालयको विद्यार्थी भर्ना (Student Enrollment in selected Instistutional school) :** छनोटमा परेका संस्थागत विद्यालयको २ वर्षको विद्यार्थी भर्नालाई छात्र, छात्राको छुट्टा छुट्टै विवरणलाई तालिका ४.१८ मा प्रस्तुत गरिएको छ ।


तालिका ४.१८

*संस्थागत विद्यालयको विद्यार्थी भर्ना (२०७८-२०७९)*

| शैक्षिक सत्र | तह | | | | | | | | विद्यार्थी सङ्ख्या जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत | | | | माध्यमिक तह | | | | |
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | |
| २०७८ | २८० | १८० | ४६० | ६४.९७ | १५८ | ९० | २४८ | ३५.०३ | ७०८ |
| २०७९ | २६० | २२० | ४८० | ६१.३८ | १७२ | १३० | ३०२ | ३८.६१ | ७८२ |
| जम्मा | ५४० | ४०० | ९४० | ६३.१७ | ३३० | २२० | ५५० | ३६.८१ | १४९० |

स्रोत : स्थलगत सर्वेक्षण २०८० ।

तालिका ४.१८ मा छनोटमा परेका दुबै संस्थागत विद्यालयको विद्यार्थी भर्नादरलाई देखाइएको छ । शैक्षिक वर्ष २०७८ को आधारभूत तहमा जम्मा ४६० जना विद्यार्थी मध्ये २८० जना छात्र र १८० जना छात्रा रहेका छन् । आधारभूत तहमा कुल विद्यार्थीको ६४.९७ प्रतिशत भर्ना भएका छन् भने माध्यमिक तहमा ३५.२ प्रतिशत अर्थात कुल २४८ जना भर्ना भएका छन् । जसमध्ये छात्र सङ्ख्या १५८ जना र छात्रा ९० जना रहेका छन् । कुल ७०८ जना भर्ना भएका छन् । शैक्षिक वर्ष २०७९  मा आधारभूत तहमा ४८० जना अर्थात ६१.३८ प्रतिशत मध्ये २६० जना छात्र र २२० जना छात्रा रहेका छन् । माध्यमिक तहमा कुल ३०२ जना मध्ये १७२ जना छात्र र १३० जना छात्रा गरी ३८.६१ प्रतिशत माध्यमिक तहमा भर्ना भएका छन् । कुल ७८२ जना विद्यार्थी यस वर्ष भर्ना भएको देखिन्छ । संस्थागत विद्यालयमा आधारभूत तहमा भन्दा माध्यमिक तहमा विद्यार्थी भर्नादर कम देखिन्छ ।




*चित्र नं. ४.५*

संस्थागत विद्यालयको विद्यार्थी भर्ना (२०७९)

माथिको स्तम्भचित्रमा संस्थागत विद्यालयको आधारभूत र माध्यमिक तहको विद्यार्थी भर्ना (२०७९) लाई प्रस्तुत गरिएको छ । संस्थागत विद्यालयको आधारभूत तहमा छात्र संख्या २६० जना र छात्रा २२० जना तथा माध्यमिक तहमा छात्र संख्या १७२ र छात्रा संख्या १३० जना रहेको छ । संस्थागत विद्यालयका भर्ना भएका कुल विद्यार्थीहरूमध्ये छात्रको संख्या धेरै छ ।

**छनोटमा परेका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio in Schools) :** नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका आधारभूत र माध्यमिक तहमा भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्यालाई सोही वर्षमा अध्यापन गर्ने कुल शिक्षक सङ्ख्याले भाग गरी शिक्षक विद्यार्थी अनुपात निकालिएको छ । जसलाई तालिका ४.१९ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१९

*छनोटमा परेका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात (२०७८-२०७९)*

| विद्यालय | शैक्षिक वर्ष | कुल विद्यार्थी सङ्ख्या | कुल शिक्षक सङ्ख्या | अनुपात |
|---|---|---|---|---|
| सामुदायिक | २०७८ | ८४६ | ४० | १: २१ |
| | २०७९ | ९०४ | ४० | १:२२ |
| संस्थागत | २०७८ | ७०८ | ३६ | १:२० |
| | २०७९ | ७८२ | ३७ | १:२१ |

स्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.१९ मा शिक्षक विद्यार्थी अनुपात लाई देखाइएको छ । छनोट मा परेका दुबै सामुदायिक विद्यालयमा शैक्षिक वर्ष २०७८ औषत एक जना शिक्षक बराबर २१ जना विद्यार्थी अर्थात शिक्षक विद्यार्थी अनुपात १ :२१ रहेको छ । शैक्षिक वर्ष २०७९ मा शिक्षक विद्यार्थी अनुपात १ : २२ रहेको छ । संस्थागत विद्यालय मा शैक्षिक वर्ष २०७८ मा शिक्षक विद्यार्थी अनुपात १ : २० रहेको छ भने शैक्षिक वर्ष २०७९ मा सो अनुपात १:२१ रहेको छ, शिक्षा नियमावली (२०५९) अनुसार पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १:४५ हुनुपर्ने व्यवस्था छ, सो अनुसार शिक्षक संख्या सबै विद्यालयमा पर्याप्त रहेको छ ।

**छनोटमा परेका विद्यालयहरूको विद्यार्थी उत्तीर्ण दर (Student Promotion Rate in Selected School) :** यस अध्ययनका लागि छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिलाई विद्यार्थीको उत्तीर्णदरका आधारमा गरिएको छ । आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली भएकोले आधारभूत तहको अन्तमा लिइने परीक्षा (कक्षा ८) र माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा (कक्षा १० र कक्षा १२) को शैक्षिक उपलब्धिका आधारमा तुलना गरी विश्लेषण गरिएको छ । जसलाई तालिका ४.२१ मा प्रस्तुत गरिएको छ ।

### १) सामुदायिक विद्यालयको विद्यार्थी शैक्षिक उपलब्धि

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको आधारभूत र माध्यमिक तहको शैक्षिक उपलब्धिलाई उत्तीर्ण भएको आधारमा उत्तीर्ण दर निकालिएको छ । चालु शैक्षिक सत्रमा तल्लो कक्षाबाट उत्तीर्ण भई आएका कक्षागत विद्यार्थी संख्यालाई अघिल्लो शैक्षिक सत्रको कक्षागत जम्मा विद्यार्थी संख्याले भाग गरी १०० ले गुणन गरी उत्तीर्ण दर निकालिएको छ ।

तालिका ४.२०

*सामुदायिक विद्यालयको विद्यार्थी उपलब्धि २०७८*

| क्र.सं. | प्राप्त गेड/GPA | कक्षा ८ | | कक्षा १२ | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | उत्तीर्ण विद्यार्थी संख्या | उत्तीर्ण दर | उत्तीर्ण विद्यार्थी संख्या | उत्तीर्ण दर | |
| १. | A + (३.६-४) | ३ | ३.९ | ४ | ११.११ | ७ |
| २. | A (३.२-३.६) | ११ | १४.३ | ८ | २२.२२ | १९ |
| ३. | B+ (३.२-३.६) | २४ | ३१.१७ | १५ | ४१.७ | ३९ |
| ४. | B (२.४-३.२) | २८ | ३६.३६ | २ | ५.६ | ३० |
| ५. | C+ (२.०- २.४) | १० | १३.० | ५ | १३.९ | १५ |
| ६. | C (१.६-२.०) | - | - | - | - | - |
| ७. | D (१.२-१.६) | - | - | - | - | - |
| ८. | अनुपस्थित | १ | १.३ | २ | ५.६ | ३ |
| | जम्मा | ७७ | - | ३६ | - | ११३ |

स्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.२० मा शैक्षिक वर्ष २०७८ को सामुदायिक आधारभूत विद्यालय र माध्यामिक विद्यालयको अन्तिम नतिजा लाई शैक्षिक उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ। आधारभूत तह कक्षा ८ मा ग्रेड A+ ल्याउने विद्यार्थी सङ्ख्या ३ जना A ग्रेड ल्याउने ११

जना B+  २४ जना B ल्याउने २८ जना र C+ ल्याउने १० जना रहेका छन् । सबै भन्दा बढी विद्यार्थी सङ्ख्या B ग्रेड प्राप्त गर्ने रहेका छन भने सबभन्दा कम विद्यार्थी ले A+ ग्रेड प्राप्त गरेका छन् । त्यसैगरी कक्षा १२ को अन्तिम परीक्षामा ४ जना ले A+ ग्रेड प्राप्त गरेका छन्, ८ जना विद्यार्थी A ग्रेड प्राप्त गर्ने १५ जना B+ २ जना B र ५ जनाले C+ ग्रेड प्राप्त गरेका छन् । माध्यमिक तहमा सबैभन्दा बढी विद्यार्थीले B+ र B ग्रेड प्राप्त गरेका छन् । भने A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थी कम रहेका छन् ।

## २. संस्थागत विद्यालयको विद्यार्थी शैक्षिक उपलब्धि

संस्थागत विद्यालयको विद्यार्थी शैक्षिक उपलब्धि विवरणलाई तलको तालिका ४.२१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२१

*संस्थागत विद्यालयको विद्यार्थी उपलब्धि २०७८*

| क.सं. | प्राप्त गेड/GPA | कक्षा ८ | | कक्षा १२ | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | उत्तीर्ण संख्या | उत्तीर्ण दर | उत्तीर्ण संख्या | उत्तीर्ण दर | |
| १. | A + (३.६-४) | १८ | ४१.९ | ६ | २१.४ | २४ |
| २. | A (३.२-३.६) | १२ | २७.९ | ११ | ३९.३ | २३ |
| ३. | B+ (२.८-३.२) | ८ | १८.६ | ५ | १७.९ | १३ |
| ४. | B (२.४-२.४) | ४ | ९.३ | २ | ७.१ | ६ |
| ५. | C+ (२.०- २.४) | - | - | ३ | १०.७ | ३ |
| ६. | C (१.६-२.०) | - | - | - | - | - |
| | अनुपस्थित | १ | २.३ | १ | ३.६ | ४ |
| | जम्मा | ४३ | | २८ | | |

स्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.२१ मा संस्थागत विद्यालयको शैक्षिक वर्ष २०७८ को आधारभूत तह कक्षा ८ र माध्यमिक तह कक्षा १२ को अन्तिम नतिजा लाई आधार मानेर उपलब्धि विवरण

प्रस्तुत गरेको छ। कक्षा ८ को नतिजा हेर्दा A+ ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८ जना, A ग्रेड १२ जना B+ ग्रेड प्राप्त गर्ने ८ जना र B ग्रेड ४ जनाले प्राप्त गरेका छन्।

कक्षा १२ को अन्तिम परिक्षामा सहभागी विद्यार्थी मध्ये ६ जना ले A+ ग्रेड ११ जनाले A ग्रेड ५ जना B+ ग्रेड २ जनाले B ग्रेड र ३ जनाले ऋं ग्रेड प्राप्त गरेका छन्। संस्थागत विद्यालयको आधारभूत र माध्यमिक तहमा A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थी संख्या उच्च रहेको छ।

**सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको अन्तर (Difference in Educaional Achievement between Community & Institutional Schools) :** यस अध्ययनका लागि छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिलाई तुलनात्मक रूपमा अन्तर छुट्याउँदा तालिका ४.२१ र ४.२२ को स्थलगत सर्वेक्षण (२०८०) अनुसार सामुदायिक विद्यालयमा कक्षा ८ मा A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थी संख्या उच्च रहेको छ। B+ र B ग्रेड प्राप्त गर्ने विद्यार्थी सामुदायिक विद्यालयमा बढी रहेको छ भने संस्थागत विद्यालयमा कम रहेको छ। यसरी तुलना गर्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि सामुदायिक विद्यालयको भन्दा बढी रहेको देखिन्छ।

माध्यमिक तहको अन्तिम कक्षाको नतिजा (कक्षा १२) लाई हेर्दा सामुदायिक विद्यालयमा A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थी संख्या कम छ। B+ र B ग्रेड प्राप्त गर्ने विद्यार्थी संख्या बढी छ। संस्थागत विद्यालयमा A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थी संख्या बढी छ। जुन सामुदायिक विद्यालयको भन्दा दोब्बर ले बढी हुन्छ। यसैगरी संस्थागत विद्यालयमा B+ र B ग्रेड प्राप्त गर्ने विद्यार्थी संख्या कम छ।

सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिलाई अध्ययन गर्दा संस्थागत विद्यालयमा शैक्षिक उपलब्धि राम्रो देखिएको छ।

**सामुदायिक र संस्थागत विद्यालयहरूमा विद्यार्थीहरूको विद्यालय छोड्ने दर (Students Droup out Rate of Community & Institutional School)**

**१) सामुदायिक विद्यालयमा विद्यार्थी छोड्ने (Droup out) दर**

सामुदायिक विद्यालयमा विद्यार्थी छोड्ने (Droup out) दरलाई तालिका ४.२२ मा प्रस्तुत गरिएको छ। अघिल्लो शैक्षिक सत्रका विद्यार्थीमध्ये यस शैक्षिक सत्रमा विद्यालय

छाड्ने संख्यालाई अघिल्लो शैक्षिक सत्रको जम्मा विद्यार्थी संख्याले भाग गरी १०० ले गुणन गरी निकालिएको छ ।

तालिका ४.२२

*सामुदायिक विद्यालयमा विद्यालय छोड्ने दर, २०७८*

| कक्षा | कक्षा ८ | कक्षा १० | कक्षा १२ |
|---|---|---|---|
| भर्ना विद्यार्थी सङ्ख्या | ७७ | ८६ | ३६ |
| कक्षा छाड्ने संख्या | १ | ६ | २ |
| कक्षा छाड्ने दर | १.३० | ६.९७ | ५.५५ |

श्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.२२ मा सामुदायिक विद्यालयको कक्षा छोड्ने दरलाई देखाइएको छ । शैक्षिक वर्ष २०७८ मा कक्षा ८ मा भर्ना भएका कुल ७७ जना विद्यार्थी मध्ये १ जनाले मात्र कक्षा छोडेका छन भने कक्षा १० मा भर्ना भएका कुल ८६ जना मध्ये ६ जनाले कक्षा छोडेका छन् । त्यसैगरी कक्षा १२ मा भर्ना भएका कुल ३६ जना मध्ये २ जना विद्यार्थीले कक्षा छोडेका छन् । यसरी विचैमा कक्षा छोड्ने विद्यार्थीहरू विभिन्न कारणले गर्दा कक्षा छोड्न बाध्य हुने गरेका छन् । विद्यार्थीको घरको आर्थिक अवस्था, सामाजिक, भौतिक तथा वैवाहिक कारणले विद्यालयको कक्षा वा तह पुरा नगरी कक्षा छोड्नु पर्ने अवस्था आउने गरेको पाइयो ।

## २) संस्थागत विद्यालयमा विद्यालय छोड्ने दर (Drop out Rate of Institutional School)

संस्थागत विद्यालयमा कक्षा छोड्नेदरलाई तालिका ४.२४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२३

*संस्थागत विद्यालयमा विद्यालय छोड्ने दर (२०७८)*

| कक्षा | कक्षा ८ | कक्षा १० | कक्षा १२ |
|---|---|---|---|
| भर्ना विद्यार्थी संख्या | ४३ | ३० | २८ |
| कक्षा छाड्ने संख्या | १ | २ | १ |
| कक्षा छाड्ने दर | २.३२ | ६.६६ | ३.५७ |

श्रोत : स्थलगत सर्वेक्षण २०८०

तालिका ४.२३ मा संस्थागत विद्यालयमा कक्षा छोड्ने दरलाई देखाएको छ। शैक्षिक वर्ष २०७८ मा कक्षा ८ मा जम्मा ४३ जना भर्ना भएका छन् भने १ जनाले कक्षा बिचैमा छोडेको छ भने कक्षा १० मा भर्ना भएका जम्मा ३० जना विद्यार्थी मध्ये २ जना विद्यार्थीले विद्यालय छोडेका छन्। त्यसैगरी कक्षा १२ मा भर्ना भएका २८ जना विद्यार्थी मध्ये १ जनाले विद्यालय छोडेका छन्।

**सामुदायिक र संस्थागत विद्यालयको लगानीको तुलनात्मक विश्लेषण (Comparative Analysis of Investment in Community & Institutional School)**

यस शीर्षकमा सामुदायिक र संस्थागत विद्यालयको आर्थिक लगानीको तुलनात्मक विश्लेषण  गरिएको छ। यसका लागि अध्ययनको छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरूको आम्दानी र खर्चका आधारमा विश्लेषण गरिएको छ। जसलाई तालिका ४.२४ मा प्रस्तुत गरिएको छ।

तालिका ४.२४

*सामुदायिक र संस्थागत विद्यालयको लगानीको तुलनात्मक विश्लेषण (२०७७/०७८ - २०७८/०७९)*

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| कुल आम्दानी | कुल खर्च | खर्च प्रतिशत | कुल आम्दानी | कुल खर्च | खर्च प्रतिशत |
| ४,३७,१४,२०१ | ४,०५,२८,९०८ | ९२.७ | ४,०७,३५,८०० | ३,३९,३०,५८० | ८३.३ |

तालिका ४.२४ मा सामुदायिक र संस्थागत विद्यालयको लगानीको तुलनात्मक विश्लेषण तालिका प्रस्तुत गरिएको छ। सामुदायिक विद्यालयमा आम्दानीको ९२.७ प्रतिशत रकम विद्यालयमा खर्च गरिएको छ भने संस्थागत विद्यालयमा कुल आम्दानीको ८३.३ प्रतिशत खर्च भएको देखिन्छ। जुन सामुदायिक विद्यालयको तुलनामा ९.४ प्रतिशत कम खर्च हो। यसबाट के स्पष्ट हुन्छ, भने संस्थागत विद्यायका बढी नाफामुखी रहेका छन्। त्यसैगरी सामुदायिक विद्यालयमा सरकारी लगानी वा अनुदानको हिस्सा बढी छ भने विद्यार्थीको प्रत्यक्ष लगानी कम रहेको छ। जुन तालिका ४.९ मा प्रस्तुत गरिएको छ। संस्थागत विद्यालयमा विद्यार्थीको शत प्रतिशत प्रत्यक्ष लगानी रहेको छ। जुन तालिका ४.१२ मा प्रस्तुत गरिएको छ। सामुदायिक विद्यालयको कुल लगानी रु ४,३७,१४,२०१ रहेको छ भने संस्थागत विद्यालयमा विद्यार्थीहरूको कुल लगानी रु ४,०७,३५,८०० रहेको छ यो लगानी संस्थागतको भन्दा सामुदायिक विद्यालयमा रु २,९७,४०१ अर्थात ६.८१ प्रतिशतले बढी हो।

**सामुदायिक र संस्थागत विद्यालयको प्रति एकाइ विद्यार्थी औषत लागतको तुलनात्मक विश्लेषण (Comparative Analysis of Perunit Average Cost between Community & Institutional School ) :** यस शीर्षकमा सामुदायिक र संस्थागत विद्यालयको प्रति एकाई विद्यार्थी लागतको विश्लेषण गरी तुलनामा गरिएको छ। जसलाई तलको तालिका ४.२५ मा प्रस्तुत गरिएको छ।

तालिका ४.२५

*प्रति एकाइ औषत लागत तुलनात्मक विश्लेषण*

| शैक्षिक वर्ष २०७८ | सामुदायिक विद्यालय (८-१२) | | संस्थागत विद्यालय (८-१२) | |
|---|---|---|---|---|
| | आधारभूत तह कक्षा ८ | माध्यमिक तह कक्षा १२ | आधारभूत तह कक्षा ८ | माध्यमिक तह कक्षा १२ |
| प्रतिएकाइ विद्यार्थी औषत लागत रु. | २०,१०० | ३०,८०० | ८२,३०० | ८७,८०० |

तालिका ४.२५ मा सामुदायिक र संस्थागत विद्यालयको प्रति एकाई औषत लागत देखाइएको छ । सामुदायिक विद्यालयमा आधारभूत तह कक्षा ८ मा प्रति एकाई औषत लागत रु २०१०० लागेको देखिन्छ भने संस्थागत विद्यालयमा आधारभूत तह कक्षा ८ को प्रति एकाइ औषत लागत रु. ८२,३०० लागेको देखिन्छ । त्यसै गरी सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा १२ मा प्रति एकाई विद्यार्थी औषत लागत रु ३०,८०० लागको छ । भने संस्थागत विद्यालयको माध्यमिक तह कक्षा १२ मा प्रति एकाइ विद्यार्थी लागत रु ८७,८०० लागेको देखिन्छ । यसरी सामुदायिक र संस्थागत विद्यालयको प्रतिएकाई औषत लागत तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको लागत बढी देखिन्छ ।

**सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Comparative Analysis of Eductional Achievement between Community and Institutional School) :** यस शीर्षक अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धीलाईं तुलना गरी विश्लेषण गरिएको छ । तालिका ४.२६ मा आधारभूत तह कक्षा ८ र माध्यमिक तहका कक्षा १० र कक्षा १२ लाई शैक्षिक उपलब्धि गणनाका लागि छनोट गरिएको छ ।

तालिका ४.२६

*सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलना २०७८*

| ग्रेड/जि.पि.ए. | A+ (३.६-४) | A (३.२-३.६) | B+ (२.८-३.२) | B (२.४-२.८) | C+ (३.०-२.४ | C (१.६-२) | अनुपस्थित |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय | ६ % | १४.१% | ३४.२% | २८.६% | ११.६% | १% | ४.५% |
| संस्थागत विद्यालय | ३१.७% | ३२.७% | १८.८% | ७.९% | ५% | - | ४% |

तालिका ४.२६ मा शैक्षिक वर्ष २०७८ को सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थी शैक्षिक उपलब्धि देखाइएको छ । सामुदायिक विद्यालयमा A+ ग्रेड प्राप्त गर्ने

विद्यार्थी ६ प्रतिशत छन् भने संस्थागत विद्यालयमा ३१.७% रहेका छन् । A ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रतिशत सामुदायिक विद्यालयमा १४.१% र संस्थागतमा ३२.७% रहेका छन् । सामुदायिक विद्यालयमा B+ प्राप्त गर्ने ३४.२%, B ग्रेड प्राप्त गर्ने २८.६%, C+ ग्रेड प्राप्त गर्ने ११.६% र C ग्रेड प्राप्त गर्ने १% विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालयमा तर्फ B+ प्राप्त गर्ने १८.८%, B ग्रेड प्राप्त गर्ने ७.९%, C+ प्राप्त गर्ने ५% रहेका छन् । यसरी विश्लेषण गर्दा सामुदायिक विद्यालयमा उत्कृष्ट र सर्वोत्कृष्ट ग्रेड प्राप्त गर्ने विद्यार्थी संस्थागत विद्यालयको भन्दा थोरै देखिन्छन् । संस्थागत विद्यालयमा उच्च ग्रेड ल्याउने विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयमा उच्च ग्रेड ल्याउने विद्यार्थी सङ्ख्या कम रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि राम्रो रहेको पाइन्छ ।

यसरी एउटै देशका दुई किसिमको शैक्षिक उपलब्धि हुनु राम्रो नभएको हुँदा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्नुपर्दछ, समग्र लगानीको आधारमा संस्थागत विद्यालयको उपलब्धि राम्रो रहेको छ । सामुदायिक विद्यालयमा प्रतिएकाइ विद्यार्थी लागत आधारभूत र माध्यमिक तहमा क्रमशः २०,१०० र ३०,८०० रहेको छ भने संस्थागत विद्यालय आधारभूत र माध्यमिक तहमा क्रमशः ८२,३०० र ८७,८०० रहेको छ । यसरी प्रतिएकाइ लागतका आधारमा संस्थागत विद्यालयको लागत सामुदायिक विद्यालयको भन्दा उच्च रहेको छ । सोही अनुसार उपलब्धि पनि संस्थागत विद्यालयमा उच्च रहेको छ ।

# अध्याय पाँच (CHAPTER FIVE)

# सारांश, निष्कर्ष र सुझावहरू (SUMMARY, CONCLUSION & RECOMMENDATIONS)

यस अध्याय अन्तर्गत अध्ययनका लागि छनोटमा परेका दार्चुला जिल्ला शैल्यशिखर नगरपालिकामा रहेका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयको तथ्याङ्क विभिन्न साधनबाट सङ्कलन गरी संश्लेषण गरिएको छ। यस अध्यायमा सारांश, निष्कर्ष र सुझाव गरी तीन भागमा विभाजन गरिएको छ। अध्याय चार मा गरिएको तथ्याङ्क विश्लेषण र व्याख्यालाई सारांशमा समेटिएको छ।

## अध्ययनको सारांश (Summary of the Study)

प्रस्तुत अध्ययनको शीर्षक "सामुदायिक तथा संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : शैल्यशिखर नगरपालिका दार्चुला" रहेको छ। यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत विद्यालयको लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको छ। यसैगरी सामुदायिक र संस्थागत विद्यालयको लगानी र शैक्षिक उपलब्धिको वर्तमान अवस्था पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयको लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको अन्तर पत्ता लगाउनु विशिष्ट उद्देश्यहरू रहेका छन्। उद्देश्य सँग सम्बन्धित तथ्यहरू पत्ता लगाउनका लागि तथ्याङ्कका विभिन्न श्रोतहरू प्रयोग गरिएका छन्। यो अधयन परिमाणात्मक र गुणात्मक ढाँचामा आधारित छ। तथ्याङ्क सङ्कलनका लागि उत्तरदाताहरूसँग अन्तर्वार्ता, लक्षित समूह छलफल गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने इन्टरनेट, पत्रपत्रिका, विभिन्न प्रकाशित र अप्रकाशित लेख रचना, सरकारी दस्तावेजहरूलाई तथ्याङ्कको द्वितीय श्रोतको रूपमा प्रयोग गरिएको छ। यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि दार्चुला जिल्ला शैल्यशिखर नगरपालिकामा सञ्चालित ७ वटा सामुदायिक माध्यमिक र २ वटा संस्थागत माध्यमिक विद्यालय मध्ये २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयहरू छनोट गरी उद्देश्यसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी परिमाणात्मक र गुणात्मक विधि अपनाइएको छ। जसको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

- छनोटमा परेका विद्यार्थीहरू मध्ये दुई वटै सामुदायिक विद्यालयले जम्मा १२ वटा सरकारी भवन र संस्थागत विद्यालयहरूले जम्मा ८ वटा संस्थागत भवन प्रयोग गरेको पाइयो भने सामुदायिक विद्यालयमा जम्मा २८ वटा कक्षाकोठा र संस्थागत विद्यालयमा २१ वटा कक्षा कोठा रहेको पाइयो ।
- सामुदायिक विद्यालयमा प्रति विद्यार्थी क्षेत्रफल ४.६ वर्गफिट रहेको छ भने संस्थागत विद्यालयमा प्रतिविद्यार्थी क्षेत्रफल २.९ वर्ग फिट रहेको छ ।
- प्रत्येक विद्यालयमा १/१ वटा खेलमैदान रहेको पाइयो सामुदायिक विद्यालयका १७ वटा र संस्थागत विद्यालयमा १४ वटा शौचालय सुविधा र खानेपानीको सुविधा रहेको पाइयो ।
- छनोटमा परेका विद्यालयहरूको आम्दानी विवरण लाई हेर्दा सामुदायिक विद्यालयमा चालु आम्दानी शैक्षिक वर्ष २०७७/०७८ को जम्मा आम्दानी रु २,१७,१९,७०० रहेको छ भने २०७८/०७९ को जम्मा आम्दानी रु. २,१९,९४,५०१ रहेको पाइयो, भने २ वर्षको कुल आम्दानी रु ४,३७,१४,२०१ रहेको पाइयो । यो रकम मध्ये अधिकांश हिस्सा सरकारी अनुदानबाट प्राप्त भएको छ । सामुदायिक विद्यालयको वार्षिक चालु खर्च लाई हेर्दा २०७७/०७८ मा रु २,००,३०,३६८ रकम खर्च भएको छ भने २०७८/७९ मा रु २,०४,९८,५४० रकम खर्च भएको छ । कुल रु ४,०५,२८,९०८ रकम खच भएको पाइयो । भने २ वर्षको वचत रकम रु ३१,८५,२९३ वचत रहेको पाइयो ।
- संस्थागत विद्यालयमा शैक्षिक वर्ष २०७७/०७८ मा कुल आम्दानी रु १,९८,७०,१०० प्राप्त भएको छ भने २०७८/७९ मा कुल आम्दानी रु २,०८,६५,७०० गरी १ वर्षको कुल आम्दानी रु ४,०७,३५,८०० प्राप्त भएको देखिन्छ भने वार्षिक चालु शैक्षिक वर्ष मा कुल खर्च ३,३९,३०,५८० गरेको पाइयो ।
- सामुदायिक विद्यालयको प्रति एकाई लागत (२०७८) गणना गर्दा आधारभूत तह कक्षा ८ मा सामुदायिक विद्यालय तर्फ प्रति विद्यार्थी लागत रु २०१०० रहेको छ भने संस्थागत विद्यालय तर्फ रु ८२,३०० लागत लागेको पाइन्छ । त्यसैगरी माध्यमिक तह कक्षा १२ को सामुदायिक विद्यालय तर्फ प्रति एकाइ लागत रु ३०८०० रहेको छ भने संस्थागत विद्यालयमा रु ८७,८०० लागत लागेको देखिन्छ ।

- सामुदायिक विद्यालयमा कुल शिक्षक संख्या ४० जना मध्ये ३३ जना पुरुष र ७ जना महिला रहेको पाइयो भने संस्थागत विद्यालयमा कुल शिक्षक संख्या ३६ मध्ये २७ जना पुरुष र ९ जना महिला रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयमा आधारभूत र माध्यमिक तहमा २ वर्षको कुल विद्यार्थी भर्ना १७५० जना र संस्थागत विद्यालयमा २ वर्षको कुल भर्ना १४५० जना विद्यार्थी रहेको पाइयो । सामुदायिक विद्यालयको शैक्षिक वर्ष २०७८र २०७९ मा शिक्षक विद्यार्थी अनुपात क्रमश : १ : २१ र १ : २२ रहेको छ भने संस्थागत विद्यालयमा सो अनुपात १ :२० र १: २१ रहेको छ ।
- सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि हेर्दा A+ ग्रेड प्राप्त गर्ने विद्यार्थी ६%, A ग्रेड प्राप्त गर्ने १४.१%, B+ ग्रेड ३४.२%, B ग्रेड २८.६%, C+ग्रेड ११.६% र C ग्रेड प्राप्त गरी उत्तीर्ण हुने विद्यार्थी १% रहेको पाइयो भने संस्थागत विद्यालयका कुल विद्यार्थी मध्ये ३१.७% विद्यार्थीले A+ ग्रेड, ३२.७% विद्यार्थी A ग्रेड, १८.८% विद्यार्थी B+, ७.९% विद्यार्थीले B ग्रेड र ५% विद्यार्थीले C+ ग्रेड प्राप्त गरी उत्तीर्ण भएका छन् भने सामुदायिक र संस्थागत विद्यालयमा कक्षा छोड्ने दर क्रमश : ४.५%र ४% रहेको छ ।

**निष्कर्ष र सुझाव (Conclusion & Recommendations)**

दार्चुला जिल्ला शैल्यशिखर नगरपालिकामा रहेका २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयको अध्ययन गरी उद्देश्यलाई पूर्णता दिन तथ्याङ्क सङ्कलनका प्राथमिक र द्वितीय श्रोत प्रयोग गरी परिमाणात्मक र गुणात्मक विधिद्वारा अध्ययन गरिएको छ । उक्त अध्ययनको निष्कर्ष र सुझावलाई यस अध्यायमा प्रस्तुत गरिएको छ ।

**निष्कर्ष (Conclusion) :** दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिका अन्तर्गत रहेका सामुदायिक र संस्थागत विद्यालयहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

- अध्ययनमा परेका सामुदायिक र संस्थागत विद्यालयहरूको वर्तमान भौतिक अवस्था हेर्दा सामुदायिक विद्यालयमा १२ वटा भवन र २८ वटा कक्षाकोठा रहेको पाइयो भने संस्थागत विद्यालयमा ८ वटा भवन र २१ वटा कक्षाकोठा रहेको पाइयो । सामुदायिक विद्यालयमा प्रति विद्यार्थी कक्षा कोठा को क्षेत्रफल ४.६ वर्ग फिट रहेको छ भने संस्थागत विद्यालयमा प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल २.९ वर्गफिट

रहेको पाइयो । शौचालय, खानेपानी र खेल मैदानको उचित व्यवस्था रहेको पाइयो । कम्प्युटर प्रयोग शाला राम्रो छ तर विज्ञान प्रयोगशाला र पुस्तकालय भने उचित नरहेको पाइयो । सामुदायिक विद्यालयमा छात्रवास छैन भने संस्थागत विद्यालयमा छात्रवास रहेको पाइयो ।

- छनोटमा परेका दुईवटा सामुदायिक विद्यालयको २ वर्षको कुल आम्दानी रु ४,३७,१४,२०१ रहेको पाइयो भने २ वर्ष को कुल खर्च रकम रु ४,०५,२८,९०८ र वचत रकम रु ३१,८५,२९३ रहेको पाइयो, दुई वटै संस्थागत विद्यालयको २ वर्षको कुल आम्दानी रु ४,०७,३५,८०० छ भने २ वर्षको कुल खर्च रकम रु ३,३९,३०,५८० रहेको पाइयो । कुल वचत रु ६८,०५,२२० रहेको पाइयो ।

- सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ को प्रति एकाई वार्षिक औषत लागत रु २०,१०० र माध्यमिक तह कक्षा १२ को प्रति एकाई बार्षिक औषत लागत रु ३०,८०० रहेको पाइयो । यसैगरी संस्थागत विद्यालयको आधारभूत तह कक्षा ८ को प्रतिएकाई वार्षिक औषत लागत रु ८२,३०० र माध्यमिक तहको कक्षा १२ को वार्षिक औषत लागत रु ८७,८०० रहेको पाइयो ।

- सामुदायिक विद्यालयमा कुल शिक्षक सङ्ख्या ४० जना र संस्थागत विद्यालयमा कुल ३६ जना रहेको पाइयो । शैक्षिक वर्ष २०७८ मा सामुदायिक विद्यालयमा ८४६ जना र संस्थागत विद्यालयमा कुल ७०८ जना र शैक्षिक वर्ष २०७९ मा सामुदायिक विद्यालयमा कुल ९०४ जना र संस्थागत विद्यालयमा कुल ७८२ जना विद्यार्थीहरू रहेको पाइयो ।

- छनोटमा परेका सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ मा अध्ययनरत ७७ जना मध्ये ३ जना A+, ११ जना A, २४ जना B+, २८ जना B र १० जनाले C+ ग्रेड प्राप्त गरेका छन् । त्यसैगरी संस्थागत विद्यालयमा आधारभूत तह कक्षा ८ मा अध्ययनरत जम्मा ४३ जना मध्ये A+ १८ जना, A १२ जना B+ ८ जना र B ग्रेड प्राप्त गर्ने ४ जना रहेका छन् । सामुदायिक विद्यालय कक्षा १० मा A+ ग्रेड प्राप्त गर्ने ५ जना, A ९ जना, B+२९ जना, B २७ जना, C+ ८ जना र C ग्रेड प्राप्त गर्ने २ जना रहेका छन् । संस्थागत विद्यालयको कक्षा १० मा अध्ययनरत जम्मा ३० जना मध्ये A + ग्रेड प्राप्त गर्ने ८ जना, A १० जना , B+ ६ जना B २ जना र

C+ २ जना ले प्राप्त गरेका छन्, सामुदायिक विद्यालय माध्यमिक तह कक्षा १२ मा A+ ग्रेड प्राप्त गर्ने ४ जना, A प्राप्त गर्ने ८ जना , B+ १५ जना, B २ जना र C+ ५ जना  विद्यार्थी रहेका छन् भने संस्थागत विद्यालय तर्फ A + ६ जना, A ११ जना , B+ ५ जना, B २ जना र C+ ग्रेड प्राप्त गर्ने ३ जना रहेका छन् ।

समग्रमा सामुदायिक विद्यालयको नतिजा भन्दा संस्थागत विद्यालयको नतिजा राम्रो देखिन्छ । संस्थागत विद्यालयमा औषत प्रति विद्यार्थी लागत बढी छ भने सामुदायिक विद्यालयमा कम छ । यसरी तुलना गर्दा भौतिक स्रोत साधन सामुदायिक विद्यालयमा बढी भए पनि प्रत्यक्ष लागत कम रहेको छ । संस्थागत विद्यालयमा अभिभावकको प्रत्यक्ष लागत बढी रहेको छ । साथ साथै शैक्षिक उपलब्धि पनि उच्च रहेको छ । तथापी अतिरिक्त क्रियाकलाप लगायत, जीवनोपयोगी सीप र सिर्जनशीलतामा भने सामुदायिक विद्यालयको प्रगति भएको देखिन्छ । संस्थागत विद्यालयमा घोकन्ते परिपाटीले गर्दा क्षणिक शैक्षिक उपलब्धि राम्रो देखिएपनि स्वदेशमा राष्ट्र सेवकको रूपमा काम गर्ने अधिकांश जनशक्ति सामुदायिक विद्यालयको उत्पादित जनशक्ति रहेको छ ।

**सुझावहरू (Recommendations) :** सामुदायिक र संस्थागत विद्यालयमा लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन शीर्षकमा गरिएको यो अध्ययन २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयका तुलना गरी विश्लेषण गरिएको छ । यस अध्ययनसँग सम्बन्ध राख्ने सरोकारवालाहरूलाई अध्ययनको निष्कर्षकको आधारमा केही सुझाव पेश गरिएको छ । जसलाई नीतिगत र व्यवहारिक क्षेत्रसँग सम्बन्धित गरी दुई भागमा विभाजन गरी बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## क) नीतिगत सुझावहरू (Policy Related Recommendation)

सामुदायिक तथा संस्थागत विद्यालयको लगानी र शैक्षिक उपलब्धि सँग सम्बन्धित नीतिगत सुझावहरूलाई निम्नानुसार पेश गरिएको छ ।

(I) सामुदायिक र संस्थागत विद्यालयको व्यवस्था शिक्षा ऐन २०२८ ले उल्लेख गरेको छ तर यी दुबै किसिमका विद्यालयहरूमा आर्थिक लगानी र शैक्षिक उपलब्धिमा भने एक रूपता पाइएन । यसरी एउटै देश वा ठाउँमा सञ्चालिन दुई फरक विद्यालयको गुणस्तरमा फरक पर्न गएमा राज्यलाई ठूलो क्षति हुन जान्छ । राज्यको लगानी खेर

जाने, युवा बेरोजगार हुने अवस्था आउन सक्ने भएकोले एकरूपता कायम गर्नुपर्ने देखिन्छ ।

(II) सामुदायिक विद्यालयमा भौतिक श्रोत साधन र शिक्षक तालिमको व्यवस्था पर्याप्त छ भने संस्थागत विद्यालयहरूलाई यस्तो सुविधा कुनै सरकारी निकायबाट भएको पाइदैन । संस्थागत विद्यालयप्रति बढ्दो आकर्षणले शैक्षिक गुणस्तर कायम गर्न र शिक्षामा एकरूपता कायम गर्न शिक्षक तालिमको व्यवस्था संस्थागत विद्यालयमा राज्यको तर्फबाट हुनुपर्ने देखिन्छ ।

(III) सामुदायिक विद्यालयमा ९०% भन्दा बढी सरकारी अनुदान प्राप्त हुन्छ र बाँकी विद्यार्थीबाट शुल्क प्राप्त हुन्छ । तर संस्थागत विद्यालयमा १००% विद्यार्थी शुल्कबाट प्राप्त हुन्छ यसको प्रत्यक्ष असर अभिभावकहरूलाई परेको छ । संस्थागत विद्यालयहरूलाई पनि अनुदान प्राप्त हुने वैकल्पिक तरिका खोजी गर्नुपर्छ ।

(IV) नेपालको संविधानमा २०७२ अनुसार प्रत्येक नेपाली नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रत्याभूति गरिने उल्लेख छ । तर सामुदायिक विद्यालयले विभिन्न शीर्षकमा शुल्क लिइरहेको पाइयो भने संस्थागत विद्यालय पूर्ण रूपमा विद्यार्थी शुल्कमा आधारित छन् सरोकारवाला व्यक्ति र निकायहरूले शिक्षालाई पूर्ण निशुल्क गर्ने उपाय खोजी गर्नुपर्छ ।

(V) शिक्षा बालमैत्री, प्रविधिमैत्री, प्रयोगात्मक, वैज्ञानिक, उत्पादनमुखी हुनुपर्ने राष्ट्रिय नीतिमा उल्लेख भएको छ र सोही अनुरूप पाठ्यक्रम पनि निर्माण भएकाले विद्यालयहरूले त्यस्ता क्रियाकलापहरूमा जोड दिनु पर्छ ।

**ख) व्यवहारिक सुझावहरू (Empirical Recommendations)**

यस अध्ययन पश्चात सामुदायिक र संस्थागत विद्यालयका व्यवहारिक पक्ष सुधार सम्बन्धी सुझावलाई निम्नानुसार पेशा गरिएको छ ।

(I) संस्थागत विद्यालयहरू सेवामुखीका साथसाथै नाफा मुखी रहेको हुँदा शिक्षा प्राप्त गर्न विद्यार्थीमा पर्ने आर्थिक भार घटाउनु आवश्यक छ । विभिन्न शीर्षकमा चर्को शुल्क तिर्नुपर्ने अवस्थालाई कम गर्नुपर्छ । सामुदायिक विद्यालय नाफा मुखी नहुने हुँदा खर्च गर्दा मितव्ययिता अपनाउनुपर्छ ।

(II) सामुदायिक तथा संस्थागत विद्यालयहरूले सैद्धान्तिक भन्दा पनि व्यवहारिक र जीवनोपयोगी शिक्षामा जोड दिई विद्यार्थीहरूलाई क्रियाकलाप केन्द्रित गर्नुपर्ने देखिन्छ । शिक्षण सिकाइ क्रियाकलाप बाहेकका अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागी गराउनुपर्छ ।

(III) विद्यालयले प्रदान गर्ने खाजामा गुणस्तरीयता हुनुपर्ने देखिन्छ । भौगोलिक विकटता का कारण विद्यार्थीहरूले टाढा बाट आउनुपर्ने बाध्यता भएकोले छात्रवासको व्यवस्था हुनुपर्छ । प्रयोगात्मक ज्ञानको लागि पर्याप्त शैक्षिक सामग्री, विज्ञान प्रयोग शाला, खेलकुद सामग्री, कम्प्युटर प्रयोगशाला हुनुपर्ने देखिन्छ ।

(IV) सामुदायिक विद्यालयमा A+ ग्रेड प्राप्त गर्ने विद्यार्थी न्यून र संस्थागत विद्यालयमा A+ र A ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या बढी रहेको पाइयो । यसको एउटा कारण अभिभावकको आफ्नो बच्चाहरू प्रति प्रत्यक्ष निग्रानी रहनु पनि हो । सामुदायिक विद्यालयले अभिभावक भेला गराई आफ्ना बालबालिकाहरूलाई निग्रानी गर्नुपर्ने र चेतना प्रदान गर्नु पर्ने आवश्यक छ ।

(V) विद्यार्थीलाई शिक्षण सिकाईमा सक्रिय सहभागी बनाउन विभिन्न किसिमका कक्षा क्रियाकलाप, प्रस्तुतिकरण परियोजना कार्य आदिमा सहभागी गराउनुपर्छ ।

## सन्दर्भ सामग्री (References)


अर्थमन्त्रालय (२०७४), *आर्थिक सर्वेक्षण (२०७४/७५),* काठमाडौं : अर्थ मन्त्रालय नेपाल सरकार

अर्थमन्त्रालय (२०८०), *बजेट वक्तव्य (२०८०/८१),* काठमाडौं : स्वयम् ।

अधिकारी, देवी प्रसाद (२०७९), *सामुदायिक माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि, फाक्फोकथुम गा.पा. इलाम,* स्नातकोत्तर शोधपत्र अर्थशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

अधिकारी, सुदर्शन (२०७५), "शिक्षामा लगानी र गुणस्तरको सवाल", *कारोवार दैनिक,* मंसिर ४ ।

कार्की, बाबुकाजी (२०७२), "शिक्षामा लगानी र प्रतिफल", *नागरिक न्यूज,* श्रावण ४ ।

कार्की, बाबुकाजी (२०८०), "वहशमा शिक्षा बजेट", *कारोबार दैनिक,* भाद्र २४ ।

कानुन किताब व्यवस्था समिति (२०२८) *शिक्षा ऐन २०२८* (आठौं संशोधन), काठमाडौं लेखक)

कुसियैत, विनय कुमार (२०७४), "निःशूल्क र अनिवार्य गर्न चाहिन्छ दोब्बर बजेट", *शिक्षक मासिक,* अङ्क ११८ माघ १

कृषि विकास कार्यालय (२०७५), कृषि तथ्याङ्क, दार्चुला ।

घरेलु तथा साना उद्योग समिति दार्चुला (२०७८), घरेलु तथा साना उद्योग तथ्याङ्क, दार्चुला ।

जिल्ला प्रशासन कार्यालय दार्चुला (२०७८), *दार्चुला चिनारी,* दार्चुला जिल्ला प्रशासन कार्यालय ।

जोशी, नवराज (२०७५), *सामुदायिक तथा संस्थागत मा.वि. आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन कीर्तिपुर, नगरपालिका,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रिय विभाग त्रि.वि. कीर्तिपुर काठमाडौं ।

ढकाल, पुष्पराज र लामिछाने, उमा (२०७८), *माध्यमिक तह परीक्षा दर्पण,* काठमाडौं : इन्स्पायर पब्लिकेसन, पुतलीसडक ।

तथ्याङ्क विभाग (२०७९), *तथ्याङ्क पुस्तिका,* दार्चुला तथ्याङ्क कार्यालय ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *शिक्षा नीति (२०७६)* काठमाडौँ : लेखक ।

प्रधानमन्त्री कार्यालय (२०७७), *नीति तथा कार्यक्रम (२०७७/७८),* काठमाडौँ : नेपाल सरकार ।

पुडासैनी, पविता मुडभरी (२०७९), 'शिक्षाप्रति सरकारको दृष्टिकोण', *गोरखापत्र,* वर्ष अंक १२, काठमाडौं ।

बराल, चिरञ्जीवि (२०१९), *विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन,* काठमाडौँ : युनेस्को ।

भट्ट, नवराज (२०७६), "विद्यालय शिक्षाको गुणस्तरमा कसरी सुधार ल्याउने ?", *क्लाउड पत्रिका,* वैशाख ३

भट्टराई, होमनाथ र जि.सी. कृष्ण बहादुर (२०७६), *शिक्षा तथा विकास,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ्ग हाउस प्रो.लि.

भुसाल, सम्झना (२०७४), *सामुदायिक तथा संस्थागत विद्यालयको माध्यमिक तहमा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन सन्धिखर्क नगरपालिका अर्घाखाँची,* स्नातकोत्तर शोधपत्र, अर्थशास्त्र शिक्षा केन्द्रिय विभाग, त्रि.वि. कीर्तिपुर काठमाडौँ ।

मगर, कमला थापा (२०७३), *सामुदायिक र संस्थागत विद्यालयले माध्यमिक तहमा गरेको आर्थिक लगानी र शैक्षिक उपलब्धि गोरखा नगरपालिका गोरखा,* स्नातकोत्तर शोधपत्र, अर्थशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर काठमाडौँ ।

रसाइली ठाकुर प्रसाद (२०२२) "प्राथमिक विद्यालयमा सरकारी लगानी र शैक्षिक दक्षता", *कन्काइ जर्नल,* भोल्युम २ (१)

राष्ट्रिय योजना आयोग (२०७६), *पन्ध्रौं योजना (२०७६/७७- २०८०-८१),* काठमाडौँ : लेखक ।

रिजाल, सुझाव (२०७४), *विद्यालयको शैक्षिक गुणस्तरमा वित्तीय लगानी,* स्नातकोत्तर शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौँ ।

लम्साल, हरी (२०७३), "विद्यालय क्षेत्र सुधार कार्यक्रम : के सुधार गऱ्यो, के गरेन", *शिक्षक मासिक,* अङ्क ९९, असार १

शर्मा, गोपिनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास भाग १,* काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०६७), *शिक्षाको दर्शनशास्त्रीय र समाज शास्त्रीय आधार,* काठमाडौँ : एम.के पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), *न्यून तथा उच्च सिकाइ उलब्धिका कारक पक्षहरू विद्यालय मामला अध्ययन - २ (२०७३),* गौरी विज्ञ परामर्श केन्द्र, कीर्तिपुर : काठमाडौँ

शैल्य शिखर नगरपालिका (२०८०), *आर्थिक वर्ष २०८०/८१ वार्षिक नीति तथा कार्यक्रम,* गोकुलेश्वर, दार्चुला ।

Bhattarai, Sabina (2018), *Community and institutional M.V. in finacial investement and achievement A study Jalthal VDC Jhapa*, (Unpublished Thesis) Retrieved from https: // elibrary.tucl.edu.np/

DoI : https: doi.org/10.3126/cd.v17i01.53270

DoI : https://aahasanchar.com

## अनुसूची १ (Appendix -1)

### सामुदायिक विद्यालयका प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नाम : प्रधानाध्यापकको नाम :

ठेगाना : मिति : ....

१) यो विद्यालयको स्थापना कहिले भएको हो ?

.........................................................................................................

२) विद्यालयको कुल विद्यार्थी सङ्ख्या कति रहेको छ ?

.........................................................................................................

३) तपाईको विद्यालयको कुल आम्दानी र खर्च कति रहेको छ ?

| विवरण | अ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|
| कुल आम्दानी | | |
| कुल खर्च | | |
| आम्दानीहरूका श्रोत | | |
| १. | | |
| २. | | |
| ३. | | |
| खर्चका क्षेत्रहरू | | |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

४)	तपाईको विद्यालयको विद्यार्थी शैक्षिक उपलब्धि कस्तो रहेको छ ?

| कक्षा/ग्रेड | शैक्षिक वर्ष २०७८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | A+ | A | B+ | B | C+ | C | D | E |
| ८ | | | | | | | | |
| १० | | | | | | | | |
| १२ | | | | | | | | |

५)	शैक्षिक उपलब्धि अभ्रु उच्च बनाउन के कस्तो सुभ्राव दिनुहुन्छ ?

१.	……………………………………………………………………………………………

२.	……………………………………………………………………………………………

३.	……………………………………………………………………………………………

६)	विद्यालयको विद्यार्थी भर्नादर र टिकाउ दर कति रहेको छ ।

| विद्यार्थी भर्ना कक्षा | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | टिकाउ दर | जम्मा |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| जम्मा | | | | |

७) तपाइको विद्यालयमा शिक्षक दरबन्दी पर्याप्त छन् ?

८) तपाईको विद्यालयमा के कस्ता समस्या तथा चुनौती रहेका छन् ? ती समस्या समाधान गर्न के कस्ता उपाय अवलम्बन गर्नुहुन्छ ?

१) ..........................................................................................

२) ..........................................................................................

३) ..........................................................................................

४) ..........................................................................................

# अनुसूचि २ (Appendix 2)

## संस्थागत विद्यालयका प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यार्थीको नाम : ...........                                                  प्रधानाध्यापकको नाम ..........

ठेगाना : ........................                                                  मिति .....................

१)  यो विद्यालय कहिले स्थापना भएको हो ?

.....................................................................................................

२)  तपाइको विद्यालयमा कुल विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्या कति रहेको छ ?

.....................................................................................................

३)  यस विद्यालयको वार्षिक आम्दानी र खर्च कति रहेको छ  ?

| शैक्षिक वर्ष | अ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|
| आम्दानीका श्रोतहरू | | |
| १. | | |
| २. | | |
| ३. | | |
| खर्चका क्षेत्रहरू | | |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| कुल आम्दानी | | |
| कुल खर्च | | |

४)    तपाइको विद्यालयको वर्तमान शैक्षिक उपलब्धि कस्तो रहेको छ ?

| कक्षा/ग्रेड | NSy | LKG | UKG | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A+ | | | | | | | | | | | | | | | | |
| A | | | | | | | | | | | | | | | | |
| B+ | | | | | | | | | | | | | | | | |
| B | | | | | | | | | | | | | | | | |
| C+ | | | | | | | | | | | | | | | | |
| C | | | | | | | | | | | | | | | | |
| D | | | | | | | | | | | | | | | | |
| E | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | |

५)    यस विद्यालयमा के के समस्या रहेका छन् ? ती समस्या समाधानका उपायहर के हुन सक्छन् ?

..........................................................................................

६)    तपाईको विद्यालयको भौतिक अवस्था कस्तो रहेको छ ?

..........................................................................................

## अनुसूचि ३

## सामुदायिक विद्यालयका शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम : ………………… ठेगाना : ………………

तह : ……………………… योग्यता : ……………

१) तपाईको विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

………………………………………………………………………………………

२) तपाइले पढाउने विषयको विद्यार्थी नतिजा कस्तो रहेको छ ?

………………………………………………………………………………………

३) तपाईले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा के कस्ता समस्या भोग्नु परेको छ ?

………………………………………………………………………………………

४) तपाई विद्यालयको शिक्षण सिकाई र शैक्षिक उपलब्धि प्रति सन्तुष्ट हुनु हुन्छ ?

………………………………………………………………………………………

# अनुसूचि ४

## संस्थागत विद्यालयका शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम : ....................                                ठेगाना : ...................

तह : ............................                                मिति : ...............

विषय : ...........

१) तपाईले पढाउने विषयमा विद्यार्थीको शैक्षिक उपलब्धि कस्तो छ ?

..........................................................................................

२) तपाईले प्राप्त गर्ने सेवा सुविधा सामुदायिक विद्यालय भन्दा फरक छ ?

..........................................................................................

३) तपाईको विचारमा सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक उपलब्धि किन फरक पाइन्छ ?

..........................................................................................

४) यस विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्था कस्तो छ ?

..........................................................................................

## अनुसूचि ५

## संस्थागत विद्यालयका संस्थापकका लागि प्रश्नावली

विद्यालयको नाम : ………………… ठेगाना : ……………….

संस्थापकको नाम : ………..

१) यस विद्यालयमा तपाईको लगानी कति रहेको छ ?

………………………………………………………………………………………

२) गत वर्षको वार्षिक आम्दानी र खर्च कति रहेको छ ?

………………………………………………………………………………………

३) शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन के गर्नुपर्ने देख्नुहुन्छ ?

………………………………………………………………………………………

४) विद्यालयको शैक्षिक र भौतिक सुधारका लागि के कस्ता कार्यक्रम सञ्चालन गर्नुहुन्छ ?

………………………………………………………………………………………

५) संस्थागत विद्यालय प्रति अभिभावकहरूको बढ्दो आकर्षण छ, यस्तो हुनुका कारणहरू के होलान ?

………………………………………………………………………………………

६) संस्थागत विद्यालय सञ्चालनका लागि आइपर्ने समस्या तथा चुनौतीहरू के रहेका छन् ? समाधानका उपाय के हुन सक्लान ?

………………………………………………………………………………………

## अनुसूचि ६

## अभिभावकको लागि प्रश्नावली

नाम : ....................  ठेगाना : ...................

विद्यालयको नाम : ............................  परिवार सङ्ख्या : ...............

१) तपाईले यस विद्यालयमा आफ्ना छोराछोरी पढाउनुको कारण के हो ?

(क) पढाई राम्रो छ ......  (ख) अरू विद्यालय नजिक छैन .......

२) के तपाईका छोराछोरी नियमित उत्तीर्ण हुन्छन् ? कुन श्रेणीमा ?

क) हुन्छन ....  ख) हुँदैनन .....  श्रेणी ..........

३) तपाईले छोराछोरी भर्ना गरेको विद्यालय कस्तो विद्यालय हो ?

क) सामुदायिक ☐ (ख) संस्थागत ☐

४) तपाईका छोराछोरीहरूले नियमित कक्षाकार्य र गृहकार्य गर्छन् ?

क) नियमित गर्छन् ☐ ख) अधिकांश रूपमा ☐ ग) कहिले काही गर्छन ☐

५) तपाइको बार्षिक आय मध्ये छोराछारीहरूको लागि वर्ष भरीमा गरेको खर्च उल्लेख गर्नुहोस् ।

| क.सं. | खर्च विवरण | शै.व. २०७८ |
|---|---|---|
| १. | भर्ना शूल्क | |
| २. | पढाइ शूल्क | |
| ३. | परीक्षा शूल्क | |
| ४. | खेलकुद शूल्क | |
| ५. | पुस्तकालय | |
| ६. | अन्य शूल्क | |
| ७. | जम्मा शूल्क | |

६)	तपाईले विद्यालयलाई नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्च उल्लेख गर्नुहोस् ।

| क.सं. | विवरण | शै.व. २०७८ |
|---|---|---|
| १. | खाजा खर्च | |
| २. | विद्यालय पोसाक | |
| ३. | स्टेशनरी खर्च | |
| ४. | ट्युसन खर्च | |
| ५. | अन्य खर्च | |
| | जम्मा | |

७.	आफूले गरेको खर्च अनुरूपको उपलब्धि प्राप्त गर्नु भएको छ ?

क)	छ ...	ख) छैन

८)	अभिभावक भेला वर्षमा कतिपटक हुन्छ ?

क)	१ पटक	ख) २ पटक

ग)	३ पटक	घ) ३ पटक भन्दा बढी

९)	यस विद्यालयको पठनपाठनमा के कस्ता समस्या रहेका छन् ?

क)	....	ख) .......

ग)	...	घ)	.....

१०)	ती समस्या समाधान गर्न के सुझाव दिनुहुन्छ ?

क)

ख)

ग)

घ)

## अनुसुचि ७

## विद्यालय व्यवस्थापन अध्ययक्षका लागि प्रश्नावली

विद्यालयको नाम : ..................... ठेगाना : ...................

नाम : ............................. कार्यकाल : ...............

१) तपाईको विद्यालयको वर्तमान भौतिक अवस्था कस्तो छ ?

..........................................................................................

२) तपाईले विद्यालयको भौतिक र शैक्षिक व्यवस्थापन गर्नका लागि के योगदान दिनुभएको छ ?

..........................................................................................

३) सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तर को बारेमा के भन्न चाहनु हुन्छ ?

..........................................................................................

४) तपाईले यस विद्यालयमा के कस्ता समस्या र चुनौती भोग्नु परेको छ ?

..........................................................................................

५) ती समस्याहरूको समाधान गर्न तपाई के सुझाव दिनुहुन्छ ?

..........................................................................................

## अनुसूचि ८

## विद्यार्थीका लागि प्रश्नावली

नाम : ....................                                    ठेगाना : ...................

कक्षा : ............................

१) तपाई यस विद्यालयमा भर्ना हुनुको मुख्य कारण के हो ?

क) पढाइको गुणस्तर राम्रो छ          ख) घर पायक भएर

२) तपाईले छात्रवृत्ति पाउनु भएको छ ?

क) छ          ख) छैन

३) यस विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा तपाईको सहभागिता कस्तो हुन्छ ।

क) सधै          ख) कहिले काही

४) तपाईले खाजाको लागि कहाँबाट प्राप्त गर्नुहुन्छ ?

क) विद्यालयबाट          ख) आफै खर्च गर्नुपर्छ

५) तपाई घरबाटै विद्यालय जानुहुन्छ कि भाडामा बस्नुहुन्छ ?

क) भाडामा बस्छु          ख) घरबाट जान्छु

६) तपाईको कक्षाको विद्यार्थी सङ्ख्या कति रहेको छ ?

..................................................................................................

७) तपाईले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न के सुझाव दिनुहुन्छ ?

क)

ख)

ग)

घ)

## अनुसूचि ९

## गहन छलफल FGD का लागि प्रश्नहरू

१)	सामुदायिक र संस्थागत विद्यालयको वर्तमान अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?

.........................................................................................................

२)	विद्यालयहरूमा वर्तमान समस्या र चुनौतिहरू के के रहेका छन् ? समाधानका लागि के कस्ता सुझाव दिन चाहनु हुन्छ ?

.........................................................................................................

३)	सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि बिच अन्तर हुनुका कारणहरू के के हुन सक्छन् ? उपलब्धिमा एकरूपता ल्याउन के गर्नुपर्ला ?

.........................................................................................................

४)	सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक अवस्था सुधारका लागि के सुझाव दिन चाहनुहुन्छ ?

.........................................................................................................

## अनुसुचि १०

## विद्यालय अवलोकन फाराम

विद्यालयको नाम : ...............................................................................................

ठेगाना : ..........................................................................................................

१) विद्यालय भवन सङ्ख्या ..............................

२) विद्यालयमा जम्मा कक्षाकोठा सङ्ख्या ............

३) कार्यालय कक्ष ..... बैठक कक्ष .................

४) कक्षा कोठा क्षेत्रफल (वर्ग फिट) ................

५) डेस्क सङ्ख्या ...... बेञ्च सङ्ख्या .........

६) खेलमैदान सङ्ख्या ...... क्षेत्रफल .........

७) शौचालय सङ्ख्या ...... छात्र ..... छात्रा....

८) पिउने पानीको व्यवस्था ......

९) छात्रवास ...... पुस्तकालय .....

१०) प्रयोगशाला .....

   क) कम्प्युटर सङ्ख्या .......

   ख) विज्ञान प्रयोगशाला .....

११) शैक्षिक सामग्री ....

१२) दराजको सङ्ख्या.....

१३) खेल सामग्री ......

१४) अन्य .......

अनुसुचि ११

अध्ययन स्थलका तस्विरहरू





